सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ चैत २०८०, मंगलबार (26 Mar 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ क्यालेन्डर निर्माणमा त्रिवि उपकुलपतिको ध्यान

परीक्षा सकिएको तीन महिनामा नतिजा प्रकाशन, तीन संकायलाई छुट्टै नियम



के छन् उपकुलपति प्रा.डा. केशरजंग बरालका नयाँ योजना

(विस्तृत पृष्ठ ३)

■ भारतको लोकसभा चुनाव

कसरी हेरिरहेको छ विश्वले ?



विश्वका अधिकांश नेताले चुनाव सकिएपछि मोदी पुनः सत्तामा फर्कने अपेक्षा राखेका छन्

(विस्तृत पृष्ठ ७)

दुई वर्षको अनुसन्धानपछि चिनियाँ धानको बिउले पायो मान्यता

एक सय ४२ जातका धान नेपाली कृषकका लागि उपलब्ध

(विस्तृत पृष्ठ ९)

■ निर्वाचन सामग्री छाप्न किनिएका २५ करोडका मेसिन प्रयोगविहीन

अनियमितताको आशंकामा अख्तियारको छानबिन

■ ०७४ को निर्वाचनको अन्तिम प्रहरमा किनिएका तीनवटा मेसिनले न्यून परिमाणमा केही सामग्री छापे, तर त्यसयता प्रयोग नै नगरी थन्क्याइएका छन्

सुवास भट्ट/नयाँ पत्रिका

मतदाता नामावली प्रिन्ट गर्न भनेर निर्वाचन आयोगले साढे ६ वर्षअघि खरिद गरेका करिब २५ करोड मूल्यका प्रिन्टिङ मेसिन प्रयोगविहीन छन् । मेसिन खरिदमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको छ ।

०७४ को निर्वाचनको अन्तिम समयमा किनिएका तीनवटा मेसिनले न्यून परिमाणमा केही सामग्री छापे । तर, त्यसयता प्रयोगै नगरी थन्क्याइएका छन् । सरकारलाई हस्तान्तरण पनि गरिएको छैन । निर्वाचन प्रयोजनका लागि सरकारले छुट्याएको बजेटबाट मेसिन किनिएका थिए । पाँच वर्षमा हुने राष्ट्रिय निर्वाचनका लागि महँगो मूल्यमा मेसिन खरिद गर्नुको औचित्य आयोगले सिद्ध गर्न सकेको छैन ।

महँगो मूल्य हालेर किनिएका मेसिनबाट निर्वाचन सामग्री नछापिएको, लामो समय प्रयोगविहीन रूपमा थन्क्याइएको र बिक्री वा हस्तान्तरण पनि नगरिएको भन्दै अख्तियारले आयोगसँग जवाफ मागेको छ । औचित्य नभएका मेसिन खरिद गर्नुमा अनियमितता भएको आशंकामा विस्तृत अनुसन्धान गरिरहेको छ । यस क्रममा अख्तियारले आयोगसँग विभिन्न चरणमा पत्राचार गर्दै जवाफ मागेको छ ।

०७४ को चुनावको पूर्वसन्ध्यामा आयोगले मतदाता नामावली छपाइका लागि अत्यावश्यक निर्वाचन सामग्रीको नाममा मेसिन खरिद गरेको थियो । ती मेसिन प्रतिमिनेट १३२ कागज (सिट) प्रिन्ट गर्ने क्षमताका छन् । तर, निर्वाचन सकिएकाले मेसिन नेपाल आइपुग्दा त्यसबाट निर्वाचन सामग्री छपाइ हुन सकेन । त्यसवेला ती मेसिनबाट निर्वाचन परिणामका पुस्तक मात्र छापिए । पछि राष्ट्रिय सभा तथा राष्ट्रपति निर्वाचनको मतपत्र, उपनिर्वाचनका सामग्री, निर्वाचन परिणाम र वार्षिक प्रतिवेदनका पुस्तक छापिए ।



■ ०७४ मंसिरमा हुने चुनावका सामग्री छाप्न असोजमा मेसिन खरिद गर्ने निर्णय नै शंकास्पद

■ स्थानीय चुनावको मतपत्र छापेका १३ प्रिन्टिङ मेसिन हुँदाहुँदै गरिएको थियो नयाँ खरिद

मतपत्र छाप्ने मूल प्रयोजन मानेर आयोगले मेसिन खरिद गरेको थियो । तर, त्यसको पुष्टि हुने गरी ती मेसिनले आजसम्म छपाइ गरेका छैनन् । गत ०७९ को तीनै तहका निर्वाचनमा यी मेसिन प्रयोगमै आएनन् । मर्मतका लागि ठूलो रकम लाग्ने र जनशक्ति पनि नभएपछि अहिले मेसिन थन्किएका छन् । मेसिन चलाउन आपूर्ति गर्ने कम्पनीले तालिम दिएका पाँचजना कर्मचारी पनि सरुवा भएर गइसकेका छन् । अहिले आयोगमा मेसिन चलाउने जनशक्ति छैन ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल मेसिन चलाउन सकिने अवस्थामा नरहेको बताउँछन् । आयोगमा भएका यी मेसिन मतदाता नामावली प्रिन्टिङ गर्ने प्रयोजनका भएको उनले बताए । तर, पाँच वर्षमा हुने निर्वाचनका लागि मेसिनलाई ठीक अवस्थामा राख्न र जनशक्ति पनि तयारी अवस्थामा राखिराख्न सम्भव नभएको उनको भनाइ छ । 'आयोगले यी मेसिनको पूर्ण प्रयोग गर्न सक्दैन । बरु जनक शिक्षा सामग्री केन्द्र, मुद्रण विभागलगायतले पूर्ण क्षमतामा प्रयोग गर्न सक्छन् । यसैका लागि आयोगले हस्तान्तरण गरिदिन सरकारलाई आग्रह गर्दै आएको छ,' उनी भन्छन्, 'यस्तो मेसिन किन खरिद गरियो भन्नेचाहिँ छुट्टै अनुसन्धानको विषय हो ।'

मर्मत खर्च, जनशक्ति व्यवस्थापन, कागज खर्च इत्यादिका हिसाबले मेसिन राखेर चलाउनुभन्दा आयोगलाई 'आउट सोर्सिङ' नै मितव्ययी हुने उनले बताए । सोहीअनुसार गत निर्वाचनमा पनि 'आउट सोर्सिङ' नै गरिएको उनले बताए ।

प्रयोगविहीन अवस्थामा रहेको प्रिन्टिङ मेसिन हस्तान्तरण गर्न आयोगले सरकारलाई आग्रह गर्दै आएको छ । यी मेसिन खरिद गर्न जनक शिक्षा सामग्री केन्द्रले चाहना पनि व्यक्त गरेको छ । जनक शिक्षाले यसका लागि तीनपटक आयोगलाई आग्रह गरिसकेको छ ।

आयोगका अनुसार १५ माघ ०७७, २४ पुस ०७८ र २६ साउन ०८० मा मेसिन आफूलाई हस्तान्तरण गरेर दिन जनक शिक्षाले आयोगलाई पत्राचार गरेको छ । मेसिन हस्तान्तरण गरेर दिए सहुलियत दरमा निर्वाचन सामग्री छापिदिने पनि जनक शिक्षाले भनेको छ ।

जनक शिक्षाले मागेपछि आयोगले १६ माघ ०७७ मा नै निर्णय गरेर प्रिन्टिङ मेसिन हस्तान्तरण गर्ने निर्णय पनि गरेको थियो । तर, यसका लागि सरकारको निर्णय आवश्यक पर्ने ठहर गरी आयोगले दुईपटक सरकारलाई हस्तान्तरणको सहमतिका लागि पत्र पनि पठायो । आयोगले ०७७ र ०८० मा मेसिन हस्तान्तरणको

» पृष्ठ ११ मा क्रमशः

मेसिनको पूर्ण प्रयोग आयोगले गर्न सक्दैन, यस्तो मेसिन किन खरिद गरियो भन्ने छुट्टै अनुसन्धानको विषय हो

● **शालिग्राम शर्मा पौडेल**, प्रवक्ता, निर्वाचन आयोग



मेसिन चलाउन सकिएका छैनन् । वैकल्पिक प्रयोगका लागि हस्तान्तरण गर्न सरकारलाई आयोगले आग्रह गरेको छ । निर्णय गरेर नै मेसिन हस्तान्तरणका लागि लेखी पठाएको छ । तर, हालसम्म सरकारले निर्णय गरेको छैन । आयोगमा भएका मेसिनले मतदाता नामावली प्रिन्टिङ गर्ने हो । पाँच वर्षमा हुने निर्वाचनका लागि मेसिनलाई ठीक हालतमा राख्न र जनशक्ति पनि तयारी अवस्थामा राखिराख्न सम्भव छैन । मर्मत खर्च, जनशक्ति व्यवस्थापन, कागज खर्च इत्यादिका हिसाबले मेसिन राखेर चलाउनुभन्दा आयोगलाई 'आउटसोर्सिङ' नै मितव्ययी हुने देखियो । गत निर्वाचनमा पनि आयोगले आउटसोर्स नै गरेको हो । आयोगले यी मेसिनको पूर्ण प्रयोग गर्न सक्दैन । बरु जनक शिक्षा सामग्री केन्द्र, मुद्रण विभागलगायतले पूर्ण क्षमतामा प्रयोग गर्न सक्छन् । यसैका लागि आयोगले हस्तान्तरण गरिदिन सरकारलाई आग्रह गर्दै आएको छ । यस्ता मेसिन किन खरिद गरियो भन्नेचाहिँ छुट्टै अनुसन्धानको विषय हो ।

अदालतले आदेश दिँदा पनि रोकिएन छपाइ, सवा १९ करोडका मतदाता शिक्षा सामग्री अलपत्र

जानाजान गल्ती गरेर आयोगले मतदाता शिक्षा सामग्रीमा १९ करोड २६ लाख व्ययभार थपेको महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख

प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फको निर्वाचनमा प्रयोग हुने मतपत्र सुस्मा एउटै हुने निर्णय सरकारले गरेको थियो । तर, यस्तो मतपत्र अलग-अलग हुनुपर्ने दाबी गर्दै सर्वोच्च अदालतमा रिट दायर भयो । सर्वोच्चले कात्तिक १ र ८ मा अन्तरिम आदेश दिँदै प्रतिनिधिसभा र प्रदेश सभाको ऐन अलग रहेकाले सोहीअनुसार अलग-अलग मतपत्र छाप्न आदेश दियो । मतपत्र एउटै गर्ने सरकारको निर्णयअनुसार मतदाता शिक्षा सामग्री छापिरहेको आयोगले अदालतको आदेशपछि पनि छपाइ कार्य रोकेन । एकैचोटि १२ गते मात्र साबिकको छपाइ कार्य रोकेर आयोगले अदालतको आदेशबमोजिम प्रतिनिधिसभा र प्रदेश सभाका लागि छुट्टाछुट्टै मतदाता सामग्री छाप्ने निर्णय गऱ्यो ।

यतिवेलासम्म अदालतको आदेश र आयोगले निर्णय गर्दाको चार दिनको अवधिमा मात्र ११ करोड ७२ लाख रुपैयाँको मतदाता शिक्षासम्बन्धी सामग्रीहरू, पोस्टर, फ्लिपचार्ट, ब्रोसर, प्रश्नावली र नमुना मतपत्र छापिएको थियो । ती सामग्री अहिले थन्किएका छन् । यसमाथि महालेखापरीक्षक कार्यालयले प्रश्न उठाएको थियो । आयोगको निर्णयअनुसार पछि तीन प्रकारका मतदाता शिक्षा सामग्री पुनः छपाइ थालियो । यसका लागि सात करोड ५४ लाख खर्च भयो । तर, यी मतदाता शिक्षा सामग्री समय अभाव भएको भन्दै पहिलो चरण (१० मंसिर) को निर्वाचन भएका ३२ जिल्लामा पुऱ्याइएनन् । यी सामग्री पनि आयोगमै थन्किएका छन् । यसरी जानाजान गल्ती गरेर आयोगले मतदाता शिक्षा सामग्रीमा १९ करोड २६ लाख व्ययभार थपेको महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



बेइजिङमा परराष्ट्रमन्त्रीका 'हाइप्रोफाइल' वार्ता

चिनियाँ कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य वाङ हुनिङ र अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हैयानलगायतसँग भेटवार्ता, आर्थिक विकास र समृद्धिका विषयमा केन्द्रित, बिआरआई कार्यान्वयन योजनामा चिनियाँ चासो

पर्शुराम काफ्ले/नयाँ पत्रिका

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ औपचारिक भ्रमणका क्रममा सोमबार बेइजिङ पुगेका छन् । बेइजिङ पुगेलगत्तै उनले चिनियाँ कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य वाङ हुनिङ, अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हैयानलगायत अधिकारीहरूसँग भेटवार्ता गरेका छन् । हुनिङ चिनियाँ कम्युनिस्ट पार्टीको चौथो वरीयताका नेता हुन् ।

नेसनल कमिटी अफ द चाइनिज पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स (सिपिपिसिसी)का अध्यक्ष हुनिङले दुई बिआरआई कार्यान्वयन योजनामा चाँडै हस्ताक्षर हुने विश्वास व्यक्त गरेका छन् । 'मलाई विश्वास छ, दुई देशले बिआरआई कार्यान्वयन योजनामा छिट्टै हस्ताक्षर गर्नेछन्,' हुनिङलाई उद्धृत गर्दै नेपाली अधिकारीले भने । उपप्रधानमन्त्री श्रेष्ठले पनि नेपाल सरकारले यो विषय चाँडै टुंग्याउन चाहेको जवाफ दिएका थिए ।

हुनिङले भेटवार्ताको सुरुवातमा चिनियाँ राष्ट्रपति

» पृष्ठ ११ मा क्रमशः



उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चिनियाँ कम्युनिस्ट पार्टीको स्थायी समिति सदस्य वान हुनिनबीच बेइजिङमा भेटवार्ता

आज समकक्षी वाङ यीसँग द्विपक्षीय भेटवार्ता

मंगलबार अपराह्न उपप्रधानमन्त्री श्रेष्ठले समकक्षी वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ । चिनियाँ विदेशमन्त्री यीले रात्रिभोजसहित श्रेष्ठलाई स्वागत गर्नेछन् । प्रचण्डको भ्रमणमा बेइजिङमा भएका १२ सहमतिपत्र/सम्झौता कार्यान्वयनका विषयमा



उपप्रधानमन्त्री श्रेष्ठले मंगलबार चिनियाँ समकक्षी यीसँग बेइजिङमा छलफल गर्ने कार्यक्रम छ । चिनियाँ विदेशमन्त्री यीले उपप्रधानमन्त्री श्रेष्ठको सम्मानमा मंगलबार रात्रिभोज आयोजना गर्दै छन् । उपप्रधानमन्त्री श्रेष्ठ मंगलबार बिहान हुवावे रिसर्च एन्ड डेभलपमेन्ट एक्जुकेटिभ्स एक्जिबिसन सेन्टरको भ्रमणमा सहभागी हुनेछन् । त्यहाँबाट नेपाली राजदूतावास पुगेर उनले लगानीसम्बन्धी सेमिनारलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

अछाममा ट्र्याक्टर दुर्घटना

एकै गाउँका पाँचको मृत्यु

नयाँ पत्रिका

ट्र्याक्टर दुर्घटनामा परी अछामको मेल्लेख गाउँपालिका- ७ नन्देगडामा एकै गाउँका पाँचजनाको मृत्यु भएको छ । तीनजना घाइते भएका छन् ।

शोडषाबाट साँफेबगरतर्फ आउँदै गरेको ०१००२ त ४९७९ नम्बरको ट्र्याक्टर सुयडीनजिकै सोमबार दुर्घटना हुँदा मेल्लेख-१ ऋषिदहका ट्र्याक्टरचालक २१ वर्षीय जनक धामी, ५५ वर्षीय रंग धामी, ४५ वर्षीय प्रेम धामी, ३७ वर्षीय नरबहादुर धामी र १५ वर्षीय जनक धामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अछामका प्रहरी नायब उपरीक्षक सन्तोष पाठकले जानकारी दिए ।

उनका अनुसार घटनामा ऋषिदहकै १५ वर्षीय बालक देवेन्द्र धामी, लालबहादुर धामी र हंश धामी घाइते भएका छन् ।

» पृष्ठ ११ मा क्रमशः

कर्णाली पुलबाट हामफालेका १७ मध्ये एकजना बेपत्ता



तस्बिर सौजन्य : **इन्द्रा केसी**

कैलाली चिसापानीका ३० वर्षीय लोकेन्द्र शाही कर्णालीमा बेपत्ता छन्

(समाचार पृष्ठ ३)

■ भूमिगत गरिँदै विद्युत्का तार



शब्द/तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काठमाडौंको मैतीदेवी क्षेत्रमा विद्युत्का तार भूमिगत गरिँदै ।

नेपाल विद्युत् प्राधिकरणले काठमाडौंलगायतका सहरको विभिन्न ठाउँमा विद्युत् वितरण प्रणाली (तार)लाई भूमिगत गर्ने कार्यलाई तीव्र रूपमा अघि बढाइरहेको छ । प्राधिकरणले १२ अर्ब रुपैयाँ लगानीमा ५ फागुन ०७६ देखि उपत्यकाको विद्युत् वितरण प्रणालीलाई भूमिगत बनाउने कामका सुरु गरेको थियो । तीन वर्षमा काठमाडौं उपत्यकाभित्र भूमिगत गरिसक्ने योजना थियो । तर, काम सुरु भएको चार वर्ष बित्दा पनि सम्पन्न हुन सकेको छैन । यद्यपि, अब छिट्टै यसको काम सम्पन्न गर्ने प्राधिकरणका अधिकारीहरू दाबी गर्छन् । नेपालमा भूमिगत विद्युत् वितरण प्रणाली नौलो प्रविधि हो ।

■ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम खारेज गरी बजेट पुनर्निर्माणमा खर्च गरिने

भूकम्पले भत्किएका सात सय विद्यालय भवन पुनर्निर्माणका लागि चार अर्ब स्रोत सुनिश्चित

०७२ को भूकम्पपछिको पुनर्निर्माणमा खर्च नभएको तीन अर्ब पनि विद्यालय पुनर्निर्माणमा खर्च गरिने

नयाँ पत्रिका

सरकारले चार वर्षअघि सुरु भएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम खारेज गरी उक्त बजेट भूकम्पबाट भत्किएका विद्यालय भवन पुर्निर्माणमा खर्च गर्ने तयारी गरेको छ । जाजरकोट र बझाङ केन्द्रविन्दु भएर गएका भूकम्पको पुनर्निर्माणमा कम्तीमा एक खर्ब दायित्व थपिने भएपछि स्रोतको चापमा रहेको सरकारले उपलब्धिविहीन कार्यक्रम खारेज गर्ने क्रममा राष्ट्रपति शैक्षिक सुधारलाई पहिलो प्राथमिकता राखेको हो ।

शिक्षा मन्त्रालयका अन्य कार्यक्रमसँग जुधेको र बजेट दुरुपयोग भएको भन्दै आलोचना भइरहेका वेला आगामी आर्थिक वर्ष ०८१/८२ देखि यो कार्यक्रममा बजेट विनियोजन नगर्नेबारे अर्थमन्त्री वर्षमान पुन र शिक्षामन्त्री सुमना श्रेष्ठसहितको छलफल भएको छ । मन्त्री पुनका अनुसार राष्ट्रपति शैक्षिक सुधारको चालू आवमा विनियोजन भएको बजेट विद्यालय भवन पुनर्निर्माणमा खर्च गरिनेछ भने आगामी आवबाट यो कार्यक्रममा बजेट विनियोजन हुने छैन ।

'पछिल्ला भूकम्पका पूर्ण र आंशिक गरी करिब सात सय विद्यालय भवन भत्किएका छन्, पुनर्निर्माण गर्नुपर्नेछ । आगामी आवबाट राष्ट्रपति शैक्षिक

» पृष्ठ ११ मा क्रमशः



१६ असोजमा बझाङ केन्द्रविन्दु भएर गएको भूकम्पले भत्काएको बाजुरा त्रिवेणी नगरपालिका- ५ किम्नीको जनज्योति आधारभूत विद्यालयको भवनमा जोखिम मोलेरै पठनपाठन । भूकम्पले एक दुईकोठे र एउटा इसिडी कक्षा सञ्चालन हुने भवन भत्काएको छ । जनज्योतिमा कक्षा तीनसम्म पढाइ हुन्छ । तस्बिर : **गगन अयडी**/नयाँ पत्रिका

ठमेल र दरबारमार्ग २४सै घण्टा खुलाउने तयारी

नयाँ पत्रिका

काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्गलाई २४सै घण्टा खुलाउन आवश्यक सुरक्षा योजनाबारे छलफल भएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंमा सोमबार ठमेल र दरबारमार्ग क्षेत्रलाई २४सै घण्टा खुलाउने तयारीबारे सम्बन्धित निकाय तथा व्यवसायीसँग छलफल गरिएको हो।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले ठमेल र दरबारमार्ग क्षेत्रलाई २४सै घण्टा खुलाउन निर्देशन दिएसँगै काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले छलफल सुरु गरेका हुन्। ठमेल र दरबारमार्गलाई २४सै घण्टा खुला राख्न जिल्ला सुरक्षा समितिले सुरक्षा योजना बनाइसकेको जनाइएको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी बस्नेतले भने, 'सुरक्षाको पूर्ण प्रत्याभूति दिने र बजार खुलेपछि आउने समस्या र प्रतिक्रियाका आधारमा थप एकीकृत योजना बनाएर कार्यान्वयन गर्छौं।' उनले व्यापार-व्यवसाय सञ्चालनका लागि व्यवसायी र स्थानीय सम्मिलित बजार व्यवस्थापन समिति बनाउने वा भएका समितिलाई जिम्मेवारी दिने बताए। व्यवसायीले वस्तु तथा सेवामा दिउँसो र रातिको मूल्य फरक बनाउन पनि पाउनेछैनन्।

प्रमुख जिल्ला अधिकारी बस्नेतले अहिलेको भन्दा आपराधिक क्रियाकलाप बढ्न सक्ने अनुमानका आधारमा सोहीअनुसारको सुरक्षा प्रणाली विकास गरिने उल्लेख गरे। व्यवसायीले अधिकार प्रयोग गर्दा अरूको अधिकार हनन हुने गरी ध्वनि प्रदूषण गर्न नपाउने उनको भनाइ थियो।

छलफलमा ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भवीश्वर शर्माले लामो समयदेखि ठमेलमा २४सै घण्टा व्यापार-व्यवसाय गर्न पाउनुपर्ने माग परिषद्ले राख्दै आएको बताए। 'परिषद्ले ठमेललाई कसरी व्यवस्थित र अपराधमुक्त बनाएर सञ्चालन गर्न सकिन्छ भन्नेबारे पटक-पटक सम्बन्धित निकायसँग छलफल गर्दै आएको छ।' दरबारमार्ग विकास बोर्डका कोषाध्यक्ष सञ्जय अधिकारीले दरबारमार्गलाई २४सै घण्टा खुला गर्न हरेक हिसाबले उपयुक्त भएको बताए।

२१ वर्षपछि पनि अपूरै हस्तान्तरण हुँदै चःमति जग्गा एकीकरण आयोजना

शान्ति तामाङ/ नयाँ पत्रिका

गत असार मसान्तमै हस्तान्तरण गर्ने तयारी भएको चःमति जग्गा एकीकरण आयोजना एक वर्ष धकेलिँदै आगामी असार मसान्तमा हस्तान्तरण हुने भएको छ। काठमाडौं महानगरपालिकाले निर्माण गरेको यो आयोजना २१ वर्षपछि स्थानीयलाई हस्तान्तरण गर्न लागिएको हो।

चःमति जग्गा एकीकरण आयोजनाका अनुसार हस्तान्तरणका सबै प्रक्रिया अन्तिम चरणमा पुगेको छ। चःमति तथा मनोहरा जग्गा एकीकरण आयोजनाका उपनिर्देशक निर्मलराज बरालका अनुसार आगामी असार मसान्तमा आयोजना हस्तान्तरणको तयारी भइरहेको छ। 'असारमा आयोजना हस्तान्तरण गर्ने गरी तयारी गरिरहेका छौं। करिब ९५ प्रतिशत जग्गाको पुर्जा हस्तान्तरण गरिसकेका छौं,' बरालले भने, 'बाँकी छिटपुट काम वडामार्फत गर्ने गरी हस्तान्तरण गर्न लागेका हौं।'

कुल १३ सय ६९ रोपनी क्षेत्रफलमा रहेको आयोजनाको ७२ प्रतिशत आवासीय छ। जसमध्ये सडक २४.४७ प्रतिशत, पार्क तथा खुला क्षेत्र दुई, धार्मिक तथा सांस्कृतिक क्षेत्र ०.५० र भचाखुसी खोलाले १.०३ प्रतिशत ओगटेको छ। यो आयोजना सरकारबाट ५ वैशाख ०६० मा स्वीकृत भएको थियो। सोही वर्षको १ मंसिरमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत भएर काम सुरु भएको थियो। अयोजनामा १७ वटा ब्लक छन्। पाँचदेखि ६ वर्षभित्रै काम सम्पन्न गर्ने गरी आयोजना सुरु भएको थियो। आयोजना महानगरको १५ र १६ वडामा फैलिएको छ। तर, आयोजनाले विभिन्न समयमा मुद्दा-मामिलालगायत कारण आयोजना ढिला भएको हो।



● निर्मलराज बराल
उपनिर्देशक, चःमति तथा मनोहरा जग्गा एकीकरण आयोजना

आगामी असार मसान्तभित्रै आयोजना हस्तान्तरणको तयारी छ। करिब ९५ प्रतिशत जग्गाको पुर्जा हस्तान्तरण गरिसकेका छौं। बाँकी छिटपुट काम वडामार्फत गर्ने गरी हस्तान्तरण गर्छौं।

■ आयोजनामा अझै बाँकी छन् यी काम

महानगर प्रमुख बालेन्द्र साह (बालेन)ले आयोजना छिटो हस्तान्तरणका लागि जोड दिए पनि केही काम भने अझै बाँकी छन्। अघिल्लो वर्ष नै हस्तान्तरणका लागि जोडबल गरिए पनि धेरै काम बाँकी रहेकाले एक वर्ष पछाडि सारिएको थियो।

आयोजनाभित्रका १० वटा पार्क अझै पनि निर्माण सम्पन्न भइसकेका छैनन्। यस्तै, दुईवटा बहुतले प्रशासनिक भवनमध्ये एउटाको मात्रै चौथो तला ढलान भएको छ। पाँचतले उक्त भवनको एक तला ढलान हुन बाँकी छ। अर्को भवन निर्माण सुरु नै भएको छैन। 'छिटपुट जग्गा हस्तान्तरणको काम अझै भइरहेको छ। विदेशमा भएका, मुद्दा-मामिला परेकाबाहेक अन्य जग्गा हस्तान्तरण भइसकेको छ। पूर्वाधार निर्माण अनुगमन, निरीक्षणजस्ता काम गरिरहेका छौं,' बरालले भने।

आर्थिक वर्ष ०८०/८१ को महानगरको नीति तथा कार्यक्रममा मिश्रित घनाबस्ती क्षेत्रभित्र रहेका सहरी पुनर्विकास सम्भाव्यता अध्ययन गरिने र हाल सञ्चालनमा रहेका जग्गा एकीकरण आयोजनालाई चालू आर्थिक वर्षभित्रै सम्पन्न गर्ने उल्लेख छ। सोहीअनुसार असार मसान्तभित्रै सम्पन्न गरी हस्तान्तरण गर्ने काम भइरहेको आयोजनाले जनाएको छ।

ढिलाइका कारण दुई गुणाभन्दा पनि बढी पुग्यो लागत

२१ वर्षअघि आयोजनाको लागत २६ करोड थियो, जुन अहिले बढेर ६२ करोडभन्दा बढी पुगेको छ। तर, आयोजनासँग लागतबारे यकिन तथ्यांक भने छैन। आयोजनाअन्तर्गत पूर्वमा विष्णुमती नदी, पश्चिममा स्वयम्भू भगवान्पाउ-वनस्थली सडक पर्छ भने उत्तरमा बालाजु-वनस्थली चक्रपथ र दक्षिणमा स्वयम्भू-भगवान्पाउ-बिजेश्वरी हुँदै शोभा भगवती मन्दिरसम्म फैलिएको छ। आयोजना ढिलो हुनुका कारणमध्ये सुरुवाती दिनमा केही स्थानीय आयोजनाविरुद्ध सर्वोच्च अदालत पुग्नु पनि हो। करिब तीन वर्ष (मुद्दा चलिन्जेल) आयोजनाको काम शून्य अवस्थामा रह्यो। कसैलाई विस्थापित पनि नगर्नु, आयोजना पनि अगाडि बढाउनु भन्ने सर्वोच्चको फैसलापछि आयोजना सुरु भएको थियो। यसबीच जनप्रतिनिधि नहुनु, आयोजना प्रमुख पटक-पटक फेरिनु, ऐन-कानुनी झन्झटका कारणसमेत आयोजनाले गति लिन सकेन। अब भने आयोजना हस्तान्तरणका लागि कुनै पनि समस्या नभएको आयोजनाले जनाएको छ।

Beni Municipality
Office of Municipal Executive, Beni, Myagdi
Invitation for Sealed Quotation

Date of first Publication: 2080/12/13 (26th Mar.2024)

1. Beni Municipality, Office of Municipal Executive invites Electronic Bids from eligible bidders for following projects.

S. No	Name of Project &Contract ID.	Price Of Bid Document	Estimated Amount Including VAT &PS(Nrs.)	Last Date, Time of bid Submission and Opening	Bid Security Amount & Bid Security Validity Period	Bank A/C Details (For cost of bid Document &Bid Security Amount)
1	Printing and Supplying of Local Text Book Work (Contract ID: BM/ SQ/G/02/ 2080-81)	NRs.1000	12,86,050.00	2080-12-28 at or before 12:00 hrs and 13:00 hrs Respectively	NRs.32,500.00 & 75 Days	Name Of Account: -: GA 1.1-BENI NAPA AANTARIK RAJASWA KHATA, (Rajaswa revenue Khata No): - 06303000001001000001 Name of Account: - GA 3.0-BENI NAPA DHARAUTI KHATA Account No (Dharauti) Khata No: 06303000003000000001

2. Eligible Bidders may obtain further information from the (Phone no. 069-521095, website: benimun.gov.np) Beni Municipality, Office of Municipal Executive, Beni Myagdi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Beni Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above-mentioned Date & time.

Chief Administrative Officer

निक्षेपउपर हकदावी गर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँ भनी मृतकका देहायका हकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्त खातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्र सःप्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने जानकारी गराइन्छ।

सि.नं.	मृतक खातावालको नाम	ठेगाना	खाता नं.	शाखा	मृत्यु भएको मिति	हकदाबी गर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता)
१.	**प्रेमा अहिर** बाबु : शालिक राम अहिर बाजे : श्री राम अहिर	बाँके जिल्ला जानकी गा.पा. वडा नं. ३	बचत खाता नं. १७८१००१७५०६१३७	नेपालगञ्ज शाखा	२०७८/११/१८	बाँके जिल्ला जानकि गा.पा. वडा नं. ३ बस्ने, गंगा राम अहिर (श्रीमान)
२.	**अमृत के.सी.** बाबु : बालाराम के.सी. बाजे : सेर बहादुर खत्री	शान्तिनगर गाउँपालिका वडा नं. ५ दाङ	बचत खाता नं. १३२१००१७५००७३२	भाटभटेनी शाखा	२०८०/०८/०३	दाङ जिल्ला शान्तिनगर गाउँपालिका वडा नं. ५ बस्ने, श्री बालाराम के.सी. (पिता)
३.	**चन्द्रकेतु प्रसाद रौनियार** बाबु : राम जतन राम रौनियार बाजे : गजाधर साह रौनियार	सप्तरी जिल्ला कञ्चनपुर गा.वि.स. वडा नं. ६	बचत खाता नं. १३४१००१७५०२५८७	पुष्पलाल चोक शाखा	२०८०/०९/२४	सप्तरी जिल्ला कञ्चनपुर वडा नं. ८ बस्ने, जानकी देवी रौनियार (श्रीमती)
४.	**केशर बहादुर शाह** बाबु : कृष्ण बहादुर शाह बाजे : चक्र धोज शाह	सल्यान जिल्ला, बनगाड कुपिण्डे नगरपालिका वडा नं. ११	बचत खाता नं. १४१००१७५०५८२४	नेपालगंज शाखा	२०७७/०४/०२	बाँके जिल्ला, नेपालगंज उपमहानगरपालिका वडा नं. ५ (साबिक मझकांडा ८ सल्यान) बस्ने, रेनुका शाह (श्रीमती)
५.	**अर्जुन लिम्बु** बाबु : श्री प्रसाद लिम्बु श्रीमाती : गंगा लिम्बु	तेह्रथुम जिल्ला छथर गाउँपालिका वडा नं. ५	बचत खाता नं. २१२१००१७५०२३०९	छथर शाखा	२०८०/०७/१६	सुन्सरी, जिल्ला धरान उ.म.न.पा. वडा नं. ११ बस्ने, गंगा लिम्बु (श्रीमाती)
६.	**प्रकाश अधिकारी** (प्रोप्राईटरः बज्रयोगिनी पोल्ट्रि फर्म) बाबु : चन्द्र बहादुर अधिकारी बाजे : बेनि बहादुर अधिकारी	काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका वडा नं. ६	चल्ती खाता नं. ४२०१०१७५००४६०	धुलिखेल शाखा	२०७८/०४/०१	काभ्रेपलाञ्चोक जिल्ला साबिक धुलिखेल नगरपालिका वडा नं. ३ बस्ने, प्रनेश अधिकारी (छोरा)
७.	**मुनीलाल प्रसाद यादव** बाबु : शिवपुजन यादव बाजे : रेवर राउत	पर्सा जिल्ला विरगंज नगरपालिका वडा नं. २३	बचत खाता नं. ०६१००१७५०३५८५	पवरहाउस शाखा	२०८०/०७/२५	पर्सा जिल्ला साविक विरगंज वडा नं. २३ बस्ने, राजपति कुमारी यादव (श्रीमती)
८.	**परमेश्वर राम कुंवर** बाबु : श्रीराम कुंवर बाजे : श्री बिक्रम बहादुर कुंवर	काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १४	बचत खाता नं. ३८१००१७५०६१०७	कुलेश्वर शाखा	२०८०/०७/१०	काठमाण्डौ जिल्ला काठमाण्डौ माहानगरपालिका वडा नं. १४ बस्ने, मखमली विष्ट (श्रीमती)
९.	**दीवस भण्डारी** बाबु : थर्कमान भण्डारी बाजे : गंगा प्रसाद भण्डारी	झापा जिल्ला दमक नगरपालिका वडा नं. २	बचत खाता नं. ०२२१००१७५१७६९७	दमक शाखा	२०८०/०४/१०	हाल झापा जिल्ला दमक नगरपालिका वडा नं. १ बस्ने, शोभा कार्की (श्रीमती)
१०.	**राजेन्द्र श्रेष्ठ** बाबु : बेदमान श्रेष्ठ श्रीमती : शोभा कुमारी श्रेष्ठ	धादिङ जिल्ला, गजुरी गाउँपालिका वडा नं. १	बचत खाता नं. ०९०१००१७५०२५४६	गजुरी शाखा	२०८०/०९/१०	धादिङ जिल्ला, गजुरी गाउँपालिका वडा नं. १ बस्ने, शोभा कुमारी श्रेष्ठ (श्रीमती)
११.	**चैतन्य यादव** बाबु : योगानन्द यादव बाजे : रामरुप यादव	काठमाण्डौ जिल्ला बुढानीलकण्ठ नगरपालिका वडा नं. ८	बचत खाता नं. ०४१००१०३३२६०१	जोरपाटी शाखा	२०८०/१०/२६	काठमाण्डौ जिल्ला बुढानीलकण्ठ नगरपालिका वडा नं. ८ बस्ने, सविता यादव (श्रीमती)
१२.	**टेक बहादुर घले** बाबु : सुक बहादुर घले बाजे : छिरिङ्ग घले	नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. ६	बचत खाता नं. १७११००१७५०३१९० साबिक बचत खाता नं. ००३०४४४९१९	नबिल बैंक लिमिटेड बट्टार शाखा, साबिक नेपाल बंगलादेश बैंक लिमिटेड बट्टार शाखा	२०७८/१०/१९	नुवाकोट जिल्ला साबिक बिदुर गा.वि.स. ८ नुवाकोट बस्ने, गोपाल कृष्ण घले (छोरा)
१३.	**सरोज बज्राचार्य** बाबु : नजरमान बज्राचार्य पत्नी : स्वेता शाक्य	बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, कीर्तिपुर महानगरपालिका वडा नं. १०	बचत खाता नं. १७१००१७५००६१२	तीनधारा शाखा	२०८०/१०/०५	बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, कीर्तिपुर महानगरपालिका वडा नं. १० बस्ने, स्वेता शाक्य (श्रीमती)
१४.	**लाल बहादुर राना** बाबु : ज्ञान बहादुर राना बाजे :	ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं. १	बचत खाता नं. ०११२०१३८१७४०१	तीनधारा शाखा	२०८०/०८/२२	ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं. १ बस्ने, आदित्य प्रताप राना (छोरा)

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१, इमेलः info@nabilbank.com

काठमाडौंका सार्वजनिक शौचालय वर्गीकरण गरिँदै



शौचालय वर्गीकरण गर्ने विषयमा सोमबार सार्वजनिक शौचालयका सञ्चालकसँग महानगरले आयोजना गरेको छलफल।

काठमाडौं/ काठमाडौं महानगरले यहाँका सार्वजनिक शौचालयको वर्गीकरण गर्ने तयारी गरेको छ। महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारका अनुसार सूचकका आधारमा शौचालयको वर्गीकरण गरिनेछ।

सार्वजनिक-निजी साझेदारी एकाइले सोमबार आयोजना गरेको सार्वजनिक शौचालयका सञ्चालकसँगको छलफलका क्रममा परियारले यस्तो धारणा राखेका हुन्। उनले भने, 'अहिले हामीले सर्वसाधारणलाई निःशुल्क शौचालय उपलब्ध गराउने संघ-संस्थालाई सहयोग गरिरहेका छौं। महानगरको सुविधा लिएर शौचालय प्रयोग खुला नभएको गुनासो पनि आएका छन्। कतिले धेरै राम्रो पनि गर्नुभएको छ।' सेवा दिने र नदिने तथा धेरै उपयोग हुने र कम उपयोग हुनेजस्ता सूचकका आधारमा निःशुल्क सार्वजनिक शौचालयको वर्गीकरण गर्ने र सेवा तथा स्वच्छताका आधारमा सहयोग उपलब्ध गराउने योजना रहेको उनको भनाइ छ।

सहरमा भएका हरेक व्यक्तिले चाहेका वेला शौचालय निःशुल्क प्रयोग गर्न पाउने वातावरण मिलाउन महानगरले निजी तथा व्यावसायिक, वित्तीय तथा सार्वजनिक संघ-संस्थालाई आफूसँग भएका शौचालय निःशुल्क सार्वजनिक शौचालयका रूपमा रूपान्तरण गर्न प्रोत्साहन गरिरहेको छ। यसरी सञ्चालन भएका शौचालय सफा राख्न महानगरपालिकाले सफाइमा प्रयोग हुने जिन्सी सामग्री उपलब्ध गराउने गरेको छ। एकाइका प्रमुख नरेन्द्रविलास बज्राचार्य भन्छन्, 'चालू आर्थिक वर्षमा थप तीन सयवटा शौचालय सार्वजनिक रूपमा सञ्चालन गर्ने लक्ष्य छ।' यसक्रममा गत शुक्रबार ११ वटासँग सम्झौता भइसकेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय धनगढी
भुलसुधार गरिएको सम्बन्धमा

यस कार्यालयबाट मिति २०८०/११/२९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८३(१) तथा मू.अ. कर ऐन, २०५२ (संशोधन सहित) को दफा २३(ग) बमोजिम कागजात पेश गर्नुपर्ने म्याद उक्त सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

INVITATION FOR SEALED BID

(First published Date: 26/03/2024)

Kumari Bank Limited solicits sealed bids from interested parties for **Managed Service or On-Premises Deployment for Security Information and Event Management (SIEM) / Security Operation Centre (SOC) Solution.** Interested parties can obtain a bidding document from General Administration Department upon payment of NPR 10,000 (Non- Refundable). Sealed bid proposal of financial and technical to be submitted separately not later than 30 working days from the date of this notice.
All sealed bid proposals should be addressed to the General Administration Department and must be submitted in person. Bid proposals sent through Mail/Courier shall neither be accepted nor will be returned.
Please contact to below mentioned address for further enquiries.

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

General Administration Department, Tangal, Kathmandu, Nepal
Phone No.:977-1-4543075/76/77, SWIFT: KMBLNPKA
Email: gad@kumaribank.com, URL: www.kumaribank.com

■ क्यालेन्डर निर्माणमा त्रिवि उपकुलपतिको ध्यान

परीक्षा सकिएको तीन महिनामा नतिजा प्रकाशन, तीन संकायलाई छुट्टै नियम



● **प्रा.डा. केशरजंग बराल,** उपकुलपति, त्रिभुवन विश्वविद्यालय

मेरो पहिलो योजना भनेको त्रिविको क्यालेन्डर लागू गरी शैक्षिक क्षेत्र सुधार्ने हो। क्यालेन्डर तय हुँदै छ, यसमा सबैले साथ दिनुपर्छ। पदाधिकारी पनि मेरो 'च्वाइस'को हुनुपर्छ, यसो भयो भने काम गर्न सहज हुन्छ। अनुकूल टिम भए मात्रै त्रिवि सुधार गर्न सकिनेबारे प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराइसकेको छु।

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय उपकुलपति प्रा.डा. केशरजंग बराल नयाँ क्यालेन्डर निर्माणमा केन्द्रित भएका छन्। विगतका वर्षहरूमा जारी भएका क्यालेन्डर फितलो र समयसापेक्ष नभएको भन्दै उनी विद्यार्थी र अभिभावकको आकर्षण बढाउन नयाँ क्यालेन्डर निर्माण र कार्यान्वयनमा लागेका हुन्।

उपकुलपति बरालले नयाँ क्यालेन्डरमा त्रिविले गर्ने तिथिमितिसहित हरेक कार्यक्रम समेट्ने गरी ड्राफ्ट तयार पार्न परीक्षा नियन्त्रण कार्यालय बल्खुलाई निर्देशन दिइसकेका छन्। त्रिविका सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगन्द्रप्रसाद दाहालका अनुसार क्यालेन्डर व्यवस्थित गर्न डिन कार्यालय र परीक्षा नियन्त्रण कार्यालयसँग तथ्यांक तथा विवरण माग गरिसकिएको छ। यसपटक नयाँ क्यालेन्डर बनाउँदा मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन संकायलाई छुट्टै मापदण्ड बनाउने योजनामा उपकुलपति छन्। यी संकायको परीक्षा तालिका डामाडोल हुँदा विद्यार्थीमा नैराश्यता छ भने पलायन हुने क्रम बढ्दो छ।

नयाँ क्यालेन्डर निर्माण गर्दा नतिजा सार्वजनिक गर्ने पुरानो शैली पनि परिवर्तन गरिँदै छ। उपकुलपति बरालले आगामी वैशाखदेखि हुने सबै परीक्षाको नतिजा तीन महिनाभित्र अनिवार्य रूपमा निकाल्न परीक्षा नियन्त्रक कार्यालय बल्खुलाई निर्देशन दिएका छन्। उनले यो विषय नयाँ क्यालेन्डरमा पनि समेटेका छन्। उक्त शैक्षिक क्यालेन्डर एक साताभित्रै सार्वजनिक हुनेछ। नयाँ क्यालेन्डरमा कपी जाँच भएको मितिको विवरण अनिवार्य भर्नुपर्ने, शिक्षकले घरमा वा बाहिर लगेर उत्तरपुस्तिका चेकजाँच गर्न नपाउने, उत्तरपुस्तिका चेकजाँचको समयसीमा तोक्ने, नतिजा निकाल्दा विषयगत विवरण एकैपटक सार्वजनिक गर्नुपर्ने, रेगुलर र 'ब्याक' तर्फको परीक्षा र नतिजा छुट्टाछुट्टै सार्वजनिक गर्नुपर्नेलगायत व्यवस्था छ।



शिक्षामन्त्री सुमना श्रेष्ठले पनि नयाँ क्यालेन्डर तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिइसकेकी छिन्। 'योजनाअनुसार काम गर्न त्यहीअनुसारको क्यालेन्डर चाहिन्छ, त्यसकारण उपकुलपतिज्यूले नयाँ क्यालेन्डर बनाउदा नयाँ विषय समेट्दै हुनुहुन्छ,' सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख दाहालले भने, 'भर्ना प्रक्रिया, क्रेडिट आवर र विद्यार्थीको समय खेर जाने अवस्थालाई बढी ख्याल गरिएको छ।' उपकुलपति बरालले पनि क्यालेन्डर सच्चियो भने त्रिविको शैक्षिक गतिविधिमा आमूल सुधार हुने विश्वास व्यक्त गरे।

त्रिविमा अहिले चुनौतीका चाङ छन्। एकातिर राजनीतिक दबदबा छ भने अर्कातिर भद्रगोल संरचना छन्। खस्कँदै गरेको शैक्षिक क्षेत्र, कर्मचारी र विद्यार्थीपिच्छेका भ्रातृसंगठन, अराजक विद्यार्थी नेता, त्रिविको जग्गा हडप्न कस्सिएका स्थानीय समुदाय, शिक्षक व्यवस्थापनलगायत जिम्मेवारी उनको काँधमा छ। अझ योभन्दा पनि महत्त्वपूर्ण जिम्मेवारी भनेको आमअभिभावक र विद्यार्थीमा त्रिवि सुधारको संकेत दिने गरी काम गर्नु हो। त्यसका लागि समयमा परीक्षा सञ्चालन गर्ने, समयमा परीक्षा फल सार्वजनिक गर्ने, पाठ्यपुस्तक अपडेट गर्ने, विद्यार्थीलाई आकर्षण गर्न नयाँ प्रयोगात्मक सिकाइका कार्यक्रम सञ्चालन गर्ने, विद्यार्थी ड्रपआउट रोक्न ध्यान दिनुपर्छ।

त्यसो त त्रिविका कतिपय संकायमा पढाइ नै नभएको गुनासो पनि छ। 'त्रिविका नियमित कक्षा सञ्चालन नहुने, समयमा कोर्स नसकिनेलगायत समस्या पनि छन्,' उपकुलपति बरालले भने, 'यी समस्या समाधान गर्न म लागिपर्छु।' उनले बाहिर हावा चलेजस्तो त्रिवि नखस्किएको दाबी पनि गरे। तर चारवर्षे कार्यक्रमले विद्यार्थीलाई निरुत्साहित पारेको भने स्वीकार गरे। त्यसका लागि आगामी एक वर्षभित्र स्नातक तहलाई तीन वर्षमा झार्ने गरी काम गर्ने उनको भनाइ छ। 'त्रिविको क्वालिटी खस्केको होइन, यसको भीमकाय स्वरूप छ, तर व्यवस्थापनमा चुनौती भने छ, यदि व्यवस्थापन सहज भयो भने त्रिविको कायापलट गर्न समस्या हुँदैन,' उनले भने, 'सरकारको टियूलाइ रि-इस्ट्रक्चर गर्ने योजना पनि छ।'

■ 'विश्वविद्यालयमा विद्यार्थी राजनीति हुनुहुँदैन'

उपकुलपति प्रा.डा.बराल विद्यार्थी नेताहरूबाट हुने हस्तक्षेपबारे पनि सचेत छन्। उनी विश्वविद्यालयमा राजनीति दल अनावश्यक भएको धारणा राख्छन्। विद्यार्थी नेताहरूको अवरोध र हस्तक्षेपका कारण त्रिवि अस्तव्यस्त हुने गरेको इतिहास सच्चाउने योजनामा छन्। तर, आफूले गरेका जायज काममा पनि पार्टीगत रूपमा विद्यार्थी नेताहरूले विरोध गर्ने र तालाबन्दी गर्न सक्ने भएकाले त्यसले आफूलाई काम गर्न कठिन पर्ने उनले बताए। 'मैले त्रिविलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न खोजिरहेको छु, विद्यार्थी राजनीति विश्वविद्यालयमा आवश्यक देखिँदैन,' उनले भने, 'मैले मात्रै चाहेर मात्रै त्रिविलाई राजनीतिबाट मुक्त गर्न सक्दिनँ, राजनीतिक दल, सरकार, विद्यार्थी अभिभावक सबैले सहयोग गर्नुपर्छ। त्रिविलाई राजनीतिक हस्तक्षेपबाट मुक्त पारेर व्यवस्थित बनाउनुपर्छ।'

■ ढुंगामुढा गर्ने प्रवृत्ति त्याग्नुपर्छ

उपकुलपति बरालले राजनीतिक दल र सरकारले विश्वविद्यायल बिघ्रिने गरी निर्णय तथा हस्तक्षेप गर्न नहुने भन्दै त्रिविमा ढुंगामुढा गर्ने प्रवृत्ति त्याग्नुपर्ने बताए। 'जुनसुकै दलमा आस्था राख्ने भए पनि विश्वविद्यालयको 'मेसिनरी'मा पसेपछि यहाँको ऐनमा बसेर काम गर्नुपर्छ, आफू निष्ठावान बनेर काम गरियो भने त्रिवि सुधिन्छ,' उनले भन, 'त्रिविका कतिपय चारवर्षे कार्यक्रमलाई तीनवर्षेमा झार्ने योजना पनि छ, यसका लागि विधिविधानअनुसार काम हुन्छ।' उनले आफू मेरिटकै आधारमा भिसी भएको र प्रतिस्पर्धाबाट आएको बताउँदै यसबारे कुनै पनि राजनीतिक सम्झौता नभएको दाबी गरे।

यी हुन् बरालका नयाँ योजना

- त्रिविको नयाँ क्यालेन्डर निर्माण तथा लागू गर्ने
- परीक्षाफल समयमै प्रकाशन गर्ने
- पाठ्यपुस्तक अपडेट गर्ने
- चारवर्षे स्नातक तहलाई तीन वर्षमा झार्ने
- विद्यार्थी राजनीतिक हस्तक्षेपको अन्त्य गर्ने
- सबै तहका कक्षा नियमित सञ्चालन गर्ने

चुनौती

- खस्कँदै गरेको शैक्षिक क्षेत्र सुधार
- कर्मचारी र विद्यार्थीपिच्छेका भ्रातृसंगठनको दबाब
- अराजक विद्यार्थी नेता र अराजक गतिविधि
- हडप्न थालिएको त्रिविको जग्गा जोगाउने
- शिक्षक र कर्मचारी व्यवस्थापन
- आमअभिभावक र विद्यार्थीमा विश्वास जगाउने
- समयमा परीक्षा सञ्चालन
- समयमा रिजल्ट सार्वजनिक
- आफूअनुकूलका अन्य पदाधिकारी ल्याउने
- विद्यार्थी आकर्षण बढाउने
- विद्यार्थी ड्रपआउट रोक्ने

क्षणभरको आवेग नियन्त्रण गर्न नसक्दा दुई युवाको गयो ज्यान

नयाँ पत्रिका

क्षणभरको आवेग नियन्त्रण नहुँदा ललितपुर महानगरपालिका-२६ ढोलाहिटीमा दुई युवकको अनाहकमा ज्यान गएको छ। दुई समूहबीचको झडपमा चक्कु प्रहार हुँदा आइतबार सुनसरीको धरानका २८ वर्षीय रोबस राई र ३० वर्षीय पूजन राईको मृत्यु भएको हो।

प्रहरीका अनुसार पूजनको समूह आइतबार दिनभर होली खेल्यो। साँझ परेपछि ढोलाहिटीस्थित डिपोपिन नामको रेस्टुरेन्टमा छिऱ्यो। उनीहरूले मदिरा सेवन गरे। यही क्रममा रेस्टुरेन्टमा रोबसनिकट युवाहरूको पनि प्रवेश भयो। उनीहरूले पनि मदिरा सेवन गरे र होहल्ला गर्न थाले। अर्को टेबलमा रमाइरहेका पूजन समूहका युवाहरूलाई रोबसनिकट युवाहरूको गतिविधि मन परेन र 'हल खाली गर्न' भने।

पूजन समूहको निर्देशन रोबसनिकट समूहले मानेन। दुई पक्षबीच विवाद भयो। विवाद चर्किँदै गएपछि रेस्टुरेन्ट सञ्चालक विजय राई अघि बढे। उनले दुवै समूहलाई सम्झाइबुझाइ बाहिर निकाले। यही झोँकमा रोबसनिकट युवाहरूले रोबसलाई फोन गरे। रोबस तुरुन्तै रेस्टुरेन्ट आइपुगे। उनी युवासहित रेस्टुरेन्टभित्र प्रवेश गरे। उनले, 'मेरा भाइहरूलाई हेप्ने को हो ?' भन्दै रेस्टुरेन्टका टेबल कुर्सी बजार्न थाले।



■ **एसपी नरेश सुवेदी,** प्रवक्ता, जिल्ला प्रहरी परिसर ललितपुर

आइतबार ढोलाहिटीमा दुई समूहबीच सामान्य विवाद भएको रहेछ। सोही विवादले झडपको रूप लियो। दुवै समूहले मदिरा सेवन गरेको देखिन्छ। यही क्रममा चक्कु प्रहार भयो। सोही चोटका कारण दुई युवाको ज्यान गयो। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको छ।

उनीहरूको हर्कतबाट रेस्टुरेन्ट सञ्चालक विजय उत्तेजित बने। उनले रेस्टुरेन्टको भान्छाबाट चक्कु झिकेर रोबसको छातीमा प्रहार गरे। विजयको चक्कु प्रहारबाट नजिकै रहेका पूजनको तिघ्रामा पनि चोट लाग्यो। छातीको चोटले रोबस घटनास्थलमै ढले। घाइते उनलाई उनकै युवाहरूले स्कुटरमा चढाएर उपचारका लागि पाटन अस्पताल लगे। तर, त्यसवेलासम्म अत्यधिक रगत बगिसकेको थियो। अस्पतालले उनलाई मृत घोषणा गरिदियो। उता पूजनलाई पनि उनकै समूहका युवाहरूले स्कुटरमा चढाए। रगत बगाउँदै सुमेरु अस्पताल लगे। उनको पनि अत्यधिक रक्तश्राव भएको थियो। उपचारकै क्रममा उनको मृत्यु भयो।

जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता एसपी नरेश सुवेदीले दुई समूहबीचको झडपले निम्त्याएको विवादले दुई युवाको ज्यान गएको बताए। 'आइतबार ढोलाहिटीमा दुई समूहबीच सामान्य विवाद भएको रहेछ। सोही विवादले झडपको रूप लियो। दुवै समूहले मदिरा सेवन गरेको देखिन्छ। यही क्रममा चक्कु प्रहार भयो। सोही चोटका कारण दुई युवाको ज्यान गयो। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको छ।'

प्रहरीका अनुसार घटनामा संलग्न १८ युवालाई पक्राउ गरिएको छ। घटनामा उनीहरूको भूमिका र संलग्नताबारे अनुसन्धान भइरहेको ललितपुर परिसर प्रवक्ता एसपी सुवेदीले बताए। उनले भने, 'यिनीहरूबीच पहिला पनि मनमुटाव रहेछ। सोही मनमुटावले झडपको रूप लियो। यही क्रममा चक्कु प्रहार भयो। घटनामा १८ युवा पक्राउ परेका छन्। घटनाको कारण खोतल्ने काम भइरहेको छ।'

अनुशासनको कारबाहीमा परेकालाई फुकुवा गर्ने कांग्रेसको तयारी

काठमाडौं/ कांग्रेसले गत उपनिर्वाचनको मुखमा अनुशासनको कारबाहीमा परेका नेता/कार्यकर्ताको कारबाही फुकुवाको तयारी गरेको छ। १५ वैशाखमा इलाम २ र बझाङ प्रदेश सभा १ मा हुने उपनिर्वाचनलाई ध्यानमा राख्दै कांग्रेसले कारबाही फुकुवा गर्न लागेको हो।

कांग्रेस अनुशासन समिति सदस्य सञ्जय गौतमले विगतका निर्वाचनमा बागी उम्मेदवार, पार्टीको आधिकारिक तथा गठबन्धनका उम्मेदवारलाई असहयोग गरेर कारबाहीमा परेकाहरूको विषयमा कारबाही फुकुवाका विषयमा समीक्षा भइरहेको जानकारी दिए। निर्वाचन प्रयोजनका लागि कांग्रेसले कारबाही फुकुवाका लागि छलफल चलाए पनि अहिलेसम्म टुंगोमा पुगिसकेको भने छैन। १५ चैतपछि बस्ने बैठकले यसबारेमा छलफल गर्ने गौतमको भनाइ छ।

'सत्तागठबन्धन फेरिएपछिको अवस्थामा पार्टी नेतृत्वसँगको समन्वयमा सबै विषयमा समीक्षा गरिरहेका छौं,' उनले नयाँ भने, 'कारबाहीमा परेका साथीहरूलाई उपनिर्वाचन सच्चिने अवसर पनि हुनेछ।' दुई जिल्ला मात्रको कारबाहीको टुंगो लगाउने या देशभरको भन्ने विषय छलफलमै रहेको उनको भनाइ छ। अनुशासन समिति सचिव प्रेम केसीका अनुसार समितिमा देशैभरबाट परेका १३ सय उजुरी छानबिनका क्रममा छन्। जसमा केन्द्रीय सदस्यदेखि तल्लो तहसम्मका नेता कार्यकर्ता छन्। 'समितिमा परेका उजुरी खोलेर हेरिसकिएको छ। प्रमाणमाथि छानबिन भइरहेका छन्। आवश्यक परेका प्रमाणका लागि सम्बन्धित जिल्ला कार्यसमितिमा लेखी पठाएका पनि छौं,' उनले भने। अनुशासन समितिले कारबाही सिफारिस गरेका केन्द्रीय सदस्यहरूमा काभ्रेका मधु आचार्य र गणेश लामा छन्। उनीहरूमाथि निर्वाचनमा अन्तर्घात गरेको आरोपमा कारबाही सिफारिस भएको छ, तर कारबाही भएको छैन।

समितिका एक सदस्यका अनुसार कारबाही सिफारिस भएका केन्द्रीय नेताहरूको विषयमा प्रमाण पर्याप्त छैन। 'उजुरी परेका कुनै पनि केन्द्रीयस्तरका नेताहरूको विषयमा प्रमाण पुगेको छैन। समिति बैठकले सोहीअनुसार निर्णय लिनेछ,' ती सदस्यले भने। यसअघि कारबाहीमा परेका चितवनका केन्द्रीय सदस्य दिनेश कोइरालालाई गत उपनिर्वाचनका क्रममा कारबाही फुकुवा गरिएको थियो। चितवन २, तनहुँ १ र बारा २ मा गत १० वैशाखमा उपनिर्वाचन भएको थियो। तत्कालीन समयमा कांग्रेसले तीन जिल्लाको मात्र कारबाही फुकुवाको निर्णय गरेको थियो। अनुशासन समितिको बैठक गत ७-१० फागुनमा ललितपुरको गोदावरीमा सम्पन्न महासमिति बैठकपछि बस्न सकेको छैन। निर्वाचनको तयारी रहेको इलाम २ मा कांग्रेसबाट सातजनाको नाम सिफारिस भएको छ।

■ कर्णालीमा ढुवानी गर्न खच्चरकै भर



जुम्लाको हिमा गाउँपालिकामा सिमेन्टका बोरा बोकेर गन्तव्यतर्फ जाँदै गरेका खच्चर। पर्याप्त सडक र सवारीसाधन नभएकाले जुम्लामा खच्चरबाट सामान ओसारपसार गर्ने गरिन्छ। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

बाघको आक्रमणबाट चारवटा गाई मारिए

मकवानपुर/ बागमती गाउँपालिकामा सोमबार बाघको आक्रमणबाट चारवटा गाई मारिएका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार बागमती गाउँपालिका- ७ मनसाही जरायोटारस्थित मनकामना सामुदायिक वनमा चर्न गएका गाईलाई बाघले आक्रमण गरेको थियो। स्थानीय रुद्रबहादुर रानाको चारवटा गाई चराउन मनकामना सामुदायिक वनमा छाडेकोमा साँझसम्म घर नआएपछि खोजतलास गर्ने क्रममा घरदेखि एक किलोमिटर दक्षिणतर्फ रहेको वनमा गाई मृत अवस्थामा फेला परेका थिए।

२० करोडमा मनकामना मन्दिर निर्माण हुने

संखुवासभा/ खाँदबारी नगरपालिका-९ स्थित अरुण नदी किनारमा रहेको मनकामनाधाममा २० करोडको लागतमा मनकामनाको मन्दिर निर्माण हुने भएको छ। निजी क्षेत्रको लागत साझेदारीमा मनकामनाको विशाल मन्दिर निर्माण गर्न लागिएको हो। मन्दिर क्षेत्रको खाली रहेको १० रोपनी जग्गामा मनकामनाको मन्दिर निर्माण गरिने भएको हो। खाँदबारीका स्थानीय तथा हाल अमेरिकामा बस्दै आएका युवा व्यवसायी सुजनकुमार श्रेष्ठको अगुवाइमा मनकामना माताको ठूलो मन्दिर निर्माण गर्न लागिएको खाँदबारी नगरपालिकाका मेयर महेश थपलियाले बताए। उनले सुजनकुमार श्रेष्ठ नेतृत्वको समितिलाई निर्माण समितिको जिम्मेवारी दिइएको बताए।

कर्णाली पुलबाट हामफालेका १७ मध्ये एकजना बेपत्ता



बेपत्ताको खोजी गर्दै सुरक्षाकर्मी। तस्बिर सौजन्य : इन्द्रा केसी

धनगढी/ कैलालीको चिसापानीस्थित कर्णाली पुलबाट हाम फालेका एकजना नदीमा बगेर बेपत्ता भएका छन्। चिसापानीका ३० वर्षीय लोकेन्द्र शाही कर्णालीमा बेपत्ता भएका प्रहरीले जनाएको छ। शाहीसहित १७ जना सोमबार दिउँसो पुलबाट सँगै नदीमा हामफालेका थिए। नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले बेपत्ता शाहीको खोजीकार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। सोमबार रात परेपछि स्थगित गरिएको खोजीकार्य मंगलबार पुनः सुरु गरिने जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले बताए।

प्रहरीका अनुसार होली मनाउने क्रममा दिउँसो उनीहरूले चिसापानीमा सँगै मदिरा सेवन गरेको बुझिएको छ। मदिरा सेवनपछि उनीहरू नदीमा हामफाल्न पुलमा गएका थिए। लुगा खोलेर पुलमा जाने क्रममा उनीहरूलाई पुलको छेउमा रहेको प्रहरी बिटमा ड्युटीमा बसेका प्रहरीले रोक्न खोजेको इलाका प्रहरी कार्यालय चिसापानीले जनाएको छ। 'मदिरा खाने क्रममा नदीमा हामफाल्ने योजना भएको रहेछ। लुगा फुकालेर पुलमा गइरहेका उनीहरूलाई प्रहरीले रोक्न खोजेको थियो,' इलाका प्रहरी कार्यालय चिसापानीका इन्चार्ज प्रहरी निरीक्षक हरिराम डाँगीले भने, 'तर पुलमा फोटो खिचेर फर्किने भनेर गएछन्।' १७ जनाले लगातार एकपछि अर्को गरेर हामफालेको प्रत्यक्षदर्शीले खिचेको भिडियोमा देखिएको छ। अन्तिमतिर हामफालेका शाही पौडिन नसकेर नदीमा डुबेको देखिन्छ।

ढुंगाले लागेर एकको मृत्यु

ताप्लेजुङ/ फुङलिङ नगरपालिका- ५ उकालीपानीनिवासी ५९ वर्षीय रामचन्द्र गुरुङको ढुंगाले लागेर मृत्यु भएको छ। उकालीपानी इन्द्रेणी कभर्डहल नजिक रहेको ढुंगाखानीमा काम गर्ने गुरुङलाई खाजा खाने बेला खानीको माथिबाट झरेको ढुंगाले किच्दा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी कमलकुमार लुंगेलीले बताए।

बिएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिन सर्वोच्चको आदेश

नयाँ पत्रिका

मेडिकल शिक्षा क्षेत्र र राजनीतिमै तरंग ल्याएको झापास्थित बिएन्डसी मेडिकल कलेज सञ्चालनको बाटो खुलेको छ। सो मेडिकल कलेजमा चिकित्सा शिक्षा अध्ययन-अध्यापनका लागि अनुमति माग्दै सर्वोच्च अदालत पुगेका दुर्गा प्रसाईंको पक्षमा आदेश जारी भएपछि कलेज सञ्चालन हुने भएको हो।

मेडिकल कलेज सञ्चालनको अनुमति दिने विषयमा ०७३ देखि नै विवादमा थियो। सोमबार सर्वोच्चको संयुक्त इजलासबाट तीनवटा रिटमाथि एकैपटक फैसला भएको हो। न्यायाधीशद्वय सारंगा सुवेदी र कुमार चुँडालको इजलासले प्रसाईंले दायर गरेको दुईवटा रिट जारी हुने फैसला गरेको छ। लगाउमा रहेको शशिविक्रम कार्कीको निवेदनमाथि भने कानुनबमोजिम गर्न आदेश भएको छ।

यसअघि काठमाडौं विश्वविद्यालयले उक्त मेडिकल कलेजलाई सम्बन्धन दिन सिफारिस गरे पनि चिकित्सा शिक्षा आयोगले दिएको थिएन। मेडिकल शिक्षा अध्यापनका लागि सरकारले प्रारम्भिक अनुमति (एलओसी) दिएको थियो। त्यसपछि त्यसैअनुसार विभिन्न बैंकहरूबाट अर्बौंको ऋण लिई प्रसाईंले मेडिकल कलेज सञ्चालनका लागि आवश्यक संरचना बनाइसकेका छन्। तर, आयोगबाट अनुमति नपाएपछि उनी सर्वोच्च पुगेका थिए। कलेजले चिकित्सा शिक्षा अध्यापनको अनुमति नपाएपछि २१ असार ०७७ मा प्रसाईंले विश्वविद्यालय, आयोगसमेतलाई विपक्षी बनाई रिट दायर गरेका थिए। सोही वर्ष ३० असोजमा उनले अर्को रिट दर्ता गरेका थिए। जसमा चिकित्सा शिक्षा आयोगसमेत १२ विपक्षी थिए। यो विषय छिटो निरूपण गर्नुपर्ने प्रकृतिको देखिएको भन्दै सर्वोच्चले रिटलाई अग्राधिकार दिएको थियो। फैसलाको पूर्णपाठ भने पछि आउनेछ।



एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/१२/१३ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८०/१२/२० मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना		लिलाम हुने धितोको विवरण
१.	आवास कर्जा	**ऋणीको नामः हिमाल श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४१४८८ (२०६०/०५/०४/प्यूठान) बाजेको नामः इन्द्रमान श्रेष्ठ बाबुको नामः निर्मल प्रसाद श्रेष्ठ ठेगानाः प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ ।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१.निर्मल प्रसाद श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१६ (२०३७/१२/२०/प्यूठान) बाजेको नामः शिवमान श्रेष्ठ बाबुको नामः इन्द्रमान श्रेष्ठ ठेगानाः प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ । **२.रीवन कुमारी श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८१७/६६० (२०४४/१०/२०/प्यूठान) ससुराको नामः इन्द्रमान श्रेष्ठ पतिको नामः निर्मल प्रसाद श्रेष्ठ ठेगानाः प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ ।	ईन्द्रमान श्रेष्ठ को नाति, निर्मल प्रसाद श्रेष्ठ को छोरा, प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं.५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं.११ बस्ने **हिमाल श्रेष्ठ** को नाममा मालपोत कार्यालय बुटवल, रूपन्देही को लगतमा दर्ता श्रेष्ठा कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा., वडा नं. ३/क स्थित कि. नं. ६३०१ को क्षेत्रफल १३१.२१ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	१. सवारी साधन कर्जा २. ओभरड्राफ्ट कर्जा ३. आवधिक कर्जा ४. डिमाण्ड कर्जा	**ऋणीको नामः एन.आर. सप्लायर्स प्रा.लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २३५९३०/०७६/०७७ दर्ता मितिः २०७६/११/२२ स्थायी लेखा नं.: ६०९७३६८१० ठेगानाः भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४ । **संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१. रोलक भट्ट** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४४१०१४/६०१ (२०६९/०८/२५/गोरखा) बाजेको नामः भिमसेन भट्ट बाबुको नामः बाबुराम भट्ट ठेगानाः गोरखा जिल्ला, बक्राङ गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४ । **२. गिर्वाण पौडेल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६५१००३/५३३ (२०६६/१०/०६/बर्दिया) बाजेको नामः हिरामणि पौडेल बाबुको नामः टंक प्रसाद पौडेल ठेगानाः बर्दिया जिल्ला, तारातल गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. ८ ।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. टंक प्रसाद पौडेल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४२५३ (२०३८/१०/२०/बर्दिया) बाजेको नामः जय भद्र पौडेल बाबुको नामः हिरामणि पौडेल ठेगानाः स्याङजा जिल्ला, आरूचौर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, मधुवन गा.वि.स. वडा नं. ९ । **२. शेष कुमारी पौडेल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४८१ (२०४६/०१/२६/बर्दिया) ससुराको नामः हिरामणि पौडेल पतिको नामः टंक प्रसाद पौडेल ठेगानाः बर्दिया जिल्ला, तारातल गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, मधुवन गा.वि.स. वडा नं. ९ । **३. जानकी के.सी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७०-०१-७३-०३४२६ (२०७३/११/१९/बाजुरा) बाबुको नामः शंकर प्रसाद उपाध्याय ससुराको नामः बाबुराम भट्ट पतिको नामः रोलक भट्ट ठेगानाः बाजुरा जिल्ला, पाण्डुसैन गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४ ।	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार को कार्यालयमा दर्ता रहेको दर्ता नं.: २३५९३०/०७६/०७७ भएको भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४ स्थीत रजिष्टर्ड ठेगाना रहेको **एन. आर. सप्लायर्स प्रा.लि.** को नाममा मालपोत कार्यालय महोत्तरीको लगतमा दर्ता श्रेष्ठा कायम रहेको महोत्तरी जिल्ला, खयरमारा गा.वि.स./न.पा वडा नं. ३/३घ स्थित कि.नं. १८६, २०९, २११, १४०, १८९ र १९२ को क्षेत्रफल क्रमशः १६४२.४०, १३५४.५२, २३७०.४१, २४३३.९७, १०६६.७१ र ७६१.९४ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	आवास कर्जा	**ऋणीको नामः रेणुका शाक्य** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७४०५ (२०४६/०३/०५/काठमाडौं) बाजेको नामः रत्न काजी शाक्य बाबुको नामः चतुरमान शाक्य ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८ ।	**व्यक्तिगत जमानतकर्ताः** **रत्न देवी शाक्य** ना.प्र.प.नं. (जारी मिति/स्थान): २७१०६०/३९७८२ (२०६६/०३/०३/काठमाडौं) बाबुको नामः रत्न काजी शाक्य ससुराको नामः काजीमान शाक्य पतिको नामः चतुरमान शाक्य ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८ बस्ने **रत्न देवी शाक्य** - १ समेत जम्मा २ जनाको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. २ स्थित कि.नं. ३३३ र ४२१ को क्षेत्रफल क्रमशः ६३.५८ र ९.५.३७ व.मि. को जग्गा र उक्त बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।	रत्न काजी शाक्य को नातिनी, चतुर मान शाक्यको छोरी, काठमाडौं जल्ला, का.म.न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८ बस्ने **रेणुका शाक्य** - १ र रत्न काजी शाक्यको छोरी, काजीमान शाक्य को बुहारी, चतुरमान शाक्यको पत्नि, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८ बस्ने **रत्न देवी शाक्य** - १ समेत जम्मा २ जनाको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. २ स्थित कि.नं. ३३३ र ४२१ को क्षेत्रफल क्रमशः ६३.५८ र ९.५.३७ व.मि. को जग्गा र उक्त बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	१.ओभरड्राफ्ट कर्जा २. डिमाण्ड कर्जा	**ऋणीको नामः नबिन हार्डवेयर सेन्टर** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: २४३१/०७३/७४ दर्ता मितिः २०७३/१०/०४ स्थायी लेखा नं.: ६०५६७३५०६ ठेगानाः नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ७, रातमाटे स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. १ । **प्रोप्राईटरः** **नबीन न्यौपाने** ना.प्र.प.नं. (जारी मिति/जि.प्र.का.): २५१०४६/५४ (२०६५/०२/२९/नुवाकोट) बाजेको नामः खड्ग बहादुर न्यौपाने बाबुको नामः नवराज न्यौपाने ठेगानाः नुवाकोट जिल्ला, रातमाटे गा.वि.स वडा नं. ७ ।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. सबिना खड्का** ना.प्र.प.नं. (जारी मिति/जि.प्र.का.): १/४४१९५ (२०६८/०१/०९/धादिङ्ग) बाबुको नामः प्रविण खड्का ससुराको नामः नवराज न्यौपाने पतिको नामः नबीन न्यौपाने ठेगानाः धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २ । **२. जुना न्यौपाने** ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): २५३०४६/१८८ (२०६३/११/०९/नुवाकोट) बाबुको नामः निम बहादुर हुमागाई ससुराको नामः खड्ग बहादुर न्यौपाने पतिको नामः नवराज न्यौपाने ठेगानाः नुवाकोट जिल्ला, रातमाटे गा.वि.स वडा नं. ७ ।	निम बहादुर हुमागाईको छोरी, खड्ग बहादुर न्यौपानेको बुहारी, नवराज न्यौपाने को पत्नि, नुवाकोट जिल्ला, रातमाटे गा.वि.स वडा नं. ७ बस्ने **जुना न्यौपाने**को नाममा मालपोत कार्यालय नुवाकोटको लगतमा दर्ता श्रेष्ठा कायम रहेको नुवाकोट जिल्ला, रातमाटे गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ६०७, ११००, ११६० र ११२६ को क्षेत्रफल क्रमशः २-५-२-२, ०-१५-२-३, ०-५-१-० र ०-१-३-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
५.	१. आवास कर्जा २.व्यक्तिगत ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः श्रीजना ओझा** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६५३४ (२०६०/०२/१५/ललितपुर) बाबुको नामः बल राम प्रसाद झा ससुराको नामः शिवानन्द ओझा पतिको नामः बिजेश ओझा ठेगानाः ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ११ ।	**व्यक्तिगत जमानतकर्ता :** **श्रीना ओझा** ना.प्र.प.नं. (जारी मिति/स्थान): २८-०१-७३-००७४२ (२०७३/२/१०/ललितपुर) बाजेको नामः शिवानन्द ओझा बाबुको नामः बिजेश ओझा ठेगानाः ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ११ ।	बल राम प्रसाद झा को छोरी, शिवानन्द ओझाको बुहारी, बिजेश ओझाको पत्नि, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा., वडा नं. ११ बस्ने **श्रीजना ओझा**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुर को लगतमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला, इमाडोल न.पा, वडा नं. ६ स्थीत कि.नं. ७०२, ७०४, ७१०, ७१४, ७१६ र ७१२ को क्षेत्रफल क्रमशः ६४.१९, ३७.५७, ९.६०, ८.९६, ६.८८ र १५.१६ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घर टहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
६.	१.ओभरड्राफ्ट कर्जा २.आवधिक कर्जा ३.डिमाण्ड कजा	**ऋणीको नामः थापा इट्टा उद्योग प्रा.लि.** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्योलयमा दर्ता रहेको) दर्ता नं.: २०१३२३/०७५/०७६ दर्ता मितिः २०७५/०७/०६ स्थायी लेखा नं.: ६०६५६२२७२ ठेगानाः रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ । **संचालक तथा व्यक्तिगत जमानकर्ताहरू** **१. जितन खनाल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६३७९/६०१ (२०५१/०६/१६/ओखलढुङ्गा) बाजेको नामः खिलानाथ खनाल बाबुको नामः भोजराज खनाल ठेगानाः ओखलढुङ्गा जिल्ला,नारायण स्थान गा.वि.स. वडा नं. ४ । **२. राम कुमार बोहोरा** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९५२७ (२०४८/०६/०३/रामेछाप) बाजेको नामः कुल बहादुर बोहोरा बाबुको नामः कृपासुर बोहोरा ठेगानाः रामेछाप जिल्ला, चनखु गा.वि.स. वडा नं. ५ । **३. सन्देश बाबु साखकर्मी** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०८३३ (२०५५/०८/०८/भक्तपुर) बाजेको नामः वीर बहादुर साखकर्मी बाबुको नामः जित बहादुर साखकर्मी ठेगानाः भक्तपुर जिल्ला, झौखेल गा.वि.स., वडा नं. ५ ।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. विद्या लक्ष्मी कार्की** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६२३/११८४ (२०५२/१२/०७/सिन्धुली) बाबुको नामः हरि बहादुर कार्की ससुराको नामः भोजराज खनाल पतिको नामः जितन खनाल ठेगानाः सिन्धुली जिल्ला, जरायोटार गा.वि.स. वडा नं. २ । **२. निर्मला थापा (बोहोरा)** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८१०७५/२०२ (२०६८/०२/०९/महोत्तरी) बाबुको नामः लाल बहादुर थापा ससुराको नामः कृपासुर बोहोरा पतिको नामः राम कुमार बोहोरा ठेगानाः महोत्तरी जिल्ला,गौरीवास गा.वि.स. वडा नं. २। **३. विकुलक्षमी साखकर्मी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१६८२ (२०६३/०४/१९/महोत्तरी) बाबुको नामः न्हुछे बहादुर श्रेष्ठ ससुराको नामः जित बहादुर साखकर्मि पतिको नामः श्री सन्देस बाबु साखकर्मी ठेगानाः भक्तपुर जिल्ला, झौखेल गा.वि.स., वडा नं. ५ ।	१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टार को कार्यालयमा दर्ता रहेको दर्ता नं.: २०१३२३/०७५/०७६ भएको रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ८ स्थीत रजिष्टर्ड ठेगाना रहेको **थापा इट्टा उद्योग प्रा.लि.**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहट को लगतमा दर्ता श्रेष्ठा कायम रहेको रौतहट जिल्ला, सन्तपुर(म) गा.वि.स. वडा नं. ५ स्थित कि.न. ७३२, ४४०, ३२३, ३२४, १३५, ३६३, ३६४, १३३ र ४४१ को क्षेत्रफल क्रमश ३३८६.४०, ५०७९.५९, ३३८६.४०, २०३१.८४, ५४१८.२३, ४०६३.६७, २३७०.४८, ७४५०.०७ र ५०७९.५९ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. खिलानाथ खनालको नाति, भोजराज खनालको छोरा, ओखलढुङ्गा जिल्ला, नारायण स्थान गा.वि.स. वडा नं. ४ बस्ने **जितन खनाल**को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता श्रेष्ठा कायम रहेको सिरहा जिल्ला, नैनपुर गा.वि.स. वडा नं. ७ क स्थित कि.नं. २८९, २९०, ९७६ र ९७८ को क्षेत्रफल क्रमश ६३४.९५, ४५२.९३, १६५.०९ र २११.६५ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

उपनिर्वाचनमा एमालेलाई सघाउन माओवादी लचक

सत्तागठबन्धनलाई बलियो बनाएर अघि बढ्न छलफल गर्न सकिने प्रधानमन्त्रीको भनाइ



● **देव गुरुङ, महासचिव, माओवादी**

मिलेर जाने विषय अहिले छलफलकै क्रममा छ । उहाँहरू (एमाले)ले आफ्नोतर्फबाट उम्मेदवार तय गर्नुभएको छ । चुनावमा भाग लिने कुरा मुख्य कुरा हो, उम्मेदवार तय भइसके पनि २४ चैतमा मात्र उम्मेदवार मनोनयन दर्ता हुने भएकाले त्यसअघि र त्यसपछि पनि कुराकानी हुन सक्छ । तालमेल के-कति, कसरी मिलाउन सकिन्छ भन्ने कुरा सत्तापक्षका घटक बसेर छलफल गर्दै जाने कुरा हो ।



राजेन्द्र गौतम, प्रमुख, प्रचार विभाग एमाले

इलाम र बझाडमा एमालेको जनाधार बलियो छ । इलाममा युवा, ऊर्जाशील उम्मेदवार छन् । सत्ता समीकरणमा रहेका दलहरूलाई सघाउन प्रस्ताव गरेका छौं । हाम्रो जनाधार बलियो रहेकाले तालमेल गर्ने होइन, हामीलाई सहयोगका लागि आग्रह गरेका छौं । सत्तागठबन्धनका सहयात्री दलहरूले एमालेलाई सहयोग गर्नुहुन्छ भन्ने हामीलाई विश्वास छ ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

आगामी १५ वैशाखमा हुने उपनिर्वाचनमा एमालेका उम्मेदवारलाई सघाउन माओवादीले लचकता देखाउने संकेत गरेको छ ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार भएको शीर्ष छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पछिल्लो सत्तागठबन्धनलाई बलियो बनाएर अघि बढाउन उपचुनावमा एमाले उम्मेदवारलाई सघाउने गरी छलफल गर्न सकिने बताएका छन् ।

बालुवाटारमा प्रधानमन्त्री प्रचण्डसहित एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच उपचुनाव, मन्त्रिपरिषद्लाई पूर्णता र प्रदेश सरकारको नेतृत्व बाँडफाँटमा केन्द्रित रहेर कुराकानी भएको थियो । एमालेले आइतबार इलाम- २ मा सुहाङ नेम्बाङ र बझाङ प्रदेश सभा (ख)मा दमन भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको भोलिपल्ट उनीहरूबीच चुनावसहितका विषयमा केन्द्रित रहेर छलफल भएको हो ।

माओवादी महासचिव देव गुरुङले सत्ता घटकमा रहेका दलहरू उपनिर्वाचनमा मिलेर जाने विषय छलफलकै क्रममा रहेको बताए । 'मिलेर जाने विषय अहिले छलफलकै क्रममा छ । उहाँहरू (एमाले)ले आफ्नोतर्फबाट उम्मेदवार तय गर्नुभएको छ,' उनले भने, 'चुनावमा भाग लिने कुरा मुख्य कुरा हो, उम्मेदवार तय भइसके पनि २४ चैतमा मात्र उम्मेदवार मनोनयन दर्ता हुने भएकाले त्यसअघि र त्यसपछि पनि कुराकानी हुन सक्छ । तालमेल के-कति, कसरी मिलाउन सकिन्छ भन्ने कुरा सत्तापक्षका घटक बसेर छलफल गर्दै जाने कुरा हो ।'

एमालेले उम्मेदवार तय गरिसके पनि माओवादीले उम्मेदवार सिफारिस मागका साथै कुनै आन्तरिक छलफल गरिसकेको छैन । प्रधानमन्त्री प्रचण्ड एमालेलाई विश्वासमा लिन सहमति भएको छ । पछिल्लो सहमतिअनुसार सोमबार नै जसपाबाट दीपक कार्की वन तथा वातावरण राज्यमन्त्री नियुक्त भएका छन् । यससँगै मन्त्रिपरिषद्को आकार २३ सदस्यीय भएको छ । संविधानअनुसार प्रधानमन्त्रीले २५ जनासम्म मन्त्री नियुक्त गर्न पाउँछन् ।

एमाले नेता राजेन्द्र गौतमले सत्तागठबन्धनका सहयात्री दलहरूले एमालेलाई सहयोग गर्ने विश्वास व्यक्त गरे । 'इलाम र बझाडमा एमालेको जनाधार बलियो छ । इलाममा युवा, ऊर्जाशील उम्मेदवार छन् । सत्ता समीकरणमा रहेका दलहरूलाई सघाउन प्रस्ताव गरेका छौं । हाम्रो जनाधार बलियो रहेकाले तालमेल गर्ने होइन, हामीलाई सहयोगका लागि आग्रह गरेका छौं । सत्तागठबन्धनका सहयात्री दलहरूले एमालेलाई सहयोग गर्नुहुन्छ भन्ने हामीलाई विश्वास छ,' उनले भने ।

वामपन्थी आन्दोलन बचाउन नयाँ समीकरण : प्रचण्ड

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वामपन्थी सरकारले दिनुपर्ने डेलिभरीका लागि नयाँ समीकरण बनेको बताएका छन् । पार्टीको बागमती प्रदेश बैठकलाई सोमबार सम्बोधन गर्दै उनले दुवैतर्फबाट 'हिस्टोरिकल्ली रियलाइजेसन' नयाँ समीकरणको आधार भएको बताए । प्रचण्डले नयाँ समीकरण बनाउनुपर्नाको आधार र गठबन्धनको भविष्यबारे बैठकलाई बताएको बागमती प्रदेश अध्यक्ष सरल सहयात्रीले जानकारी दिए । 'वामपन्थी सरकारले दिनुपर्ने डेलिभरी, दुवैतर्फबाट 'हिस्टोरिकल्ली रियलाइजेसन' र वामपन्थी आन्दोलन बचाउने सन्दर्भमा नयाँ ठाउँमा आइपुगेका छौं,' प्रचण्डको भनाइ उद्धृत गर्दै उनले भने । सामाजिक न्याय, सुशासन, विकास र समृद्धिको यात्रामा सरकार स्पष्ट भएर अगाडि बढेको उनले बताए । विरोधीले अनावश्यक हल्ला फैलाउने गरेको चर्चा गर्दै प्रचण्डले नेता तथा कार्यकर्ता सचेत भएर जनतामाझ सही सूचना पुऱ्याउनुपर्नेमा जोड दिएका छन् । उनले दीर्घकालीन लक्ष्य वामपन्थी एकता भए पनि हतार भने नगर्ने बताए । 'हामीसँग विगतको अनुभव पनि छ । त्यसकारण एकताका लागि हामी हतार गरिहाल्ने पक्षमा छैनौं । कम्युनिस्टहरू एकले अर्कालाई सिध्याउन खोज्दा वामपन्थी आन्दोलन नै कमजोर बन्यो । अहिले हामी कार्यगत एकताको अवस्थामा छौं,' उनले भने । प्रचण्डले प्रदेश सरकारका बारेमा केही दिनमै निर्णय हुने पनि बताएका छन् । 'प्रदेश सरकारको बारेमा पनि हामी छलफलमा छौं । केही दिनमा निष्कर्ष निकाल्छौं,' उनले भने ।



उसका उम्मेदवारलाई सघाएर जाने 'मुड'मा देखिएको र ओलीसँग त्यसअनुसार नै कुराकानी चलिरहेका कारण अहिले माओवादी तत्काल उम्मेदवार ठुंग्याइहाल्ने पक्षमा छैन । तर, एकीकृत समाजवादीका अध्यक्ष नेपाललले भने एमालेलाई इलाममा सघाउन सकिने, तर बझाङमा संघीय निर्वाचन क्षेत्र जितेका कारण राम्रो प्रभाव रहेकाले आफ्नो उम्मेदवारलाई सघाउनुपर्ने सर्त अगाडि सारेका छन् । स्रोतका अनुसार बालुवाटार छलफलमा नेपाललले अन्यथा दुवैतिर अलग्गै उम्मेदवार उठाउने ओली र प्रचण्डलाई जानकारी गराएका छन् ।

बालुवाटार स्रोतका अनुसार शीर्ष नेताहरूबीच मन्त्रिपरिषद्लाई पूर्णता दिने विषयमा पनि कुराकानी भएको छ । जसअनुसार तीन राज्यमन्त्रीमा एक एमाले, एक जसपा र एउटा नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा ल्याउने गरी छुट्याएर जाने

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१ नं. प्रदेश सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, भरतपुर चितवनमा प्रा.फ.र.न. ११५९/२०७८/०७९ स्थानीय व्यापार, अन्तर्गत मिति २०७९/०२/२० मा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा.



वाचामा विजय

अनु चौधरी र अजित घिसिङ तामाङको स्वर रहेको 'वाचा' बोलको गीत सार्वजनिक भएको छ। अजितको शब्द र संगीत रहेको गीतको भिडियोलाई सुनील बुढाथोकीले निर्देशन गरेका हुन्। यसमा विजय कार्की र अनिमा विश्वकर्माको अभिनय छ।



खतरनाक स्टन्ट गर्दै ऋतिक

वार- २ मा ऋतिक रोशनले खतरनाक स्टन्ट गर्ने भएका छन्। बडी डबल्सको प्रयोग नगरी आफैं स्टन्ट दिन ऋतिक अघि सरेका हुन्। अयान मुखर्जीको निर्देशनमा बन्ने फिल्ममा जुनियर एनटिआर पनि मुख्य भूमिकामा छन्। उनले पनि खतरनाक स्टन्ट आफैं गर्नेछन्।

जलविन्दुको उपचार कसरी गर्ने ?

जलविन्दु आँखाको दृष्टिनाशक रोग हो। यसले बिस्तारै दृष्टि घटाउँदै लग्छ। धेरैजसो जलविन्दु लागिसकेपछि मात्रै अस्पताल आउने गर्छन्। तर, जलविन्दुले नाश गरेको दृष्टि फर्काउन नसकिने भएकाले वेलैमा यसको पहिचान र उपचार गर्न आवश्यक छ।

यसमा आँखाको प्रेसर (आइओपी) बढेर आँखाको नसा र तन्तुलाई असर गर्छ। दृष्टि घट्ने, दृष्टि नसा सुक्दै जाने हुन्छ। यसले अन्धोपनमा पुऱ्याएपछि दृष्टि फर्कन सक्दैन। यो मोतीविन्दुपछि दृष्टि गुम्ने दोस्रो कारण हो। नेपालमा कुल जनसंख्याको दुईदेखि तीन प्रतिशतमा जलविन्दु भएको अनुमान गरिन्छ।



लक्षण

- सुरुको स्टेजमा जलविन्दु भइरहेको थाहै हुँदैन।
- जलविन्दु बढ्दै गएपछि टाउको दुख्ने, बान्ता हुन खोज्ने, छेउछाउको दृष्टि घट्दै जाने, चस्मा लगाएको छ भने आँखाको पावर चाँडै चेन्ज गर्नुपर्ने अवस्था निम्तिने, बत्ती वा टुकीहरूमा हेर्दा रंगीचंगी घेराहरू देखिनेलगायत लक्षण देखिन्छ।
- जलविन्दुलाई ओपन एंगल ग्लुकोमा र क्लोज एंगल ग्लुकोमा भनेर वर्गीकरण गरिन्छ। धेरैजसोमा ओपन एंगल समस्या देखिएको हुन्छ। क्लोज एंगल भएकाहरूमा आँखा दुख्ने, प्रेसर बढ्नेलगायत लक्षण देखिन सक्छ।
- यसले बिस्तारै असर गर्दै जान्छ। दृष्टि नसाका स्नायुहरूलाई क्रमशः नाश गर्दै गर्दै लगेर दायाँ-बायाँ, तल-माथि नदेखिने बीच भाग मात्रै देखिने हुन्छ। यस अवस्थालाई टनेल भिजन पनि भनिन्छ।

डाक्टरको सल्लाह



डा. सञ्जीव भट्टराई
दृष्टिरोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल
महाराजगन्ज


बच्न के गर्ने ?

- कसैको परिवारमा जलविन्दु छ भने परिवारका अन्य सदस्यले पनि चेकजाँच गराउने।
- सुगरका बिरामी, प्रेसरका बिरामी, आँखाको प्रेसर बढी भएकाहरूले कम्तीमा वर्षमा एकपटक जाँच गराउनुपर्छ।
- स्टोराइडजस्ता कडाखाले औषधि प्रयोग गर्ने बिरामीले पनि आँखाको चेकजाँच समय-समयमा गर्नुपर्छ।
- आँखाको पावर, एलर्जीलगायत विभिन्न समस्या देखिन सक्ने भएकाले हरेकले कम्तीमा एक वर्षमा आँखा जाँच गराउनु राम्रो हुन्छ।

कारण र जोखिम

- जलविन्दु वंशाणुगत निम्तन सक्छ। परिवारमा कसैलाई जलविन्दु छ भने उक्त परिवारका सदस्यलाई जलविन्दु हुने जोखिम १० प्रतिशतले बढी रहन्छ। तर,
- सुरुवाती स्टेजमा यो रोग लागेको थाहा नहुन पनि सक्छ। मानिस ढिला अस्पताल पुग्दा दृष्टि नाश हुन थालिसकेको हुन्छ। जलविन्दुले गुमेको दृष्टि फर्काउन नसकिने भएकाले यसको समयमै पहिचान गर्नु राम्रो हुन्छ।
- प्रायजसोमा ४० वर्ष कटेपछि यो समस्या देखिने गर्छ। तर, कुनै-कुनै जलविन्दु त्यस्तो हुन्छ, जोकसैलाई जन्मजात नै देखिन सक्छ। वा, चोटपटकका कारण पनि ४० वर्षमुनिका मानिसमा जलविन्दु देखिएको हुन सक्छ।
- शरीरको प्रेसर बढी भएका, आँखाको प्रेस बढी भएका (आइओपी), डायबेटिजका लामो समयदेखिका बिरामी, आँखामा चोटपटक लागेका बिरामी, लामो समयसम्म स्टोराइड नामक कडाखाले औषधि चलाउनुपरेका बिरामीमा पनि यस्तो जोखिम रहन्छ। यस्ता समस्या भएकाहरूले वेला-वेलामा आँखाको चेकजाँच गराउनुपर्छ। उच्च माइनस पावर भएका मानिस, आँखाको नानी (कर्निया) पातलो भएकाहरू पनि उच्च जोखिममा हुन्छन्।

कम समयमै राम्रो मेकअप



समय अभावका कारण कतिपयले चाहे जसरी मेकअप गर्न वा पार्लर धाउन पाइरहेका हुँदैनन्। त्यसैले व्यस्त मानिसले त्यहीअनुसार रुटिन बनाउनुपर्छ। मेकअपको केही प्रडक्ट किनेर राख्नु राम्रो हुन्छ। यी प्रडक्टले छोटो समयमै तपाईंलाई सिम्पल, स्मार्ट र आकर्षक लुक्स दिन्छन्।

फेसवास : सबैभन्दा पहिले तपाईंको अनुहार फेसवास प्रयोग गरेर मज्जाले सफा गर्नुस्। एलोभेरा, काँक्रो, गुलाब, निमलगायत तत्त्वले बनेका फेसवासले तपाईंको छालालाई गहिरोसँग सफा गरेर नरम बनाउँछन्। हरेक स्किन टाइपका लागि यो काम आउन सक्छ।

मोस्चराइजर : फेसवासपछि फेरि तपाईंको अनुहारलाई नरम बनाउन जरुरी हुन्छ। यसका लागि तपाईंले आफूलाई मन परेको मोस्चराइजर प्रयोग गर्न सक्नुहुन्छ। एलोभेरा जेल वा निभियाका लाइट मोस्चराइजर क्रिम पनि राम्रो विकल्प हुन सक्छ। यी प्रडक्टले तपाईंको अनुहारमा लामो समयसम्म मेकअप टिकाउने काम गर्छन्।

कम्प्याक्ट पाउडर : आफ्नो स्किन टोनअनुसार फाउन्डेसन प्रयोग गर्न सक्नुहुन्छ। अनुहारमा धेरै दाग-धब्बा छ भने कन्सिलरले पनि ढाक्न सकिन्छ। सीधै कम्प्याक्ट पाउडर लगाउँदा पनि हुन्छ।

आइलाइनर : आइलाइनरको एक स्वाइपले तपाईंको लुक्सलाई राम्रो बनाउने सामर्थ्य राख्छ। आँखामा गाजल पनि लगाउन सक्नुहुन्छ।

लिपग्लास : लिपस्टिकको साटो लिपग्लास लगाउनु राम्रो हुन्छ। यसले ओठलाई चम्किलो र बोल्ड देखाउँछ। लिपग्लास हल्का र ननस्टिकी हुन्छ। यसले ओठलाई नरम बनाउँछ।

स्टिभ जब्सका विश्वचर्चित भनाइ

- अमेरिकी कम्पनी एप्पलका संस्थापक स्टिभ जब्सको सन् २०११ मा निधन भएको थियो। आधुनिक प्रविधिलाई आकार दिनका लागि उनको सोचले महत्त्वपूर्ण भूमिका खेलेको छ। युवालाई उनका केही सुझाव यस्ता छन्।
- कामले जीवनको ठूलो हिस्सा ओगट्छ। तसर्थ, मन परेको काम गर्नुस्। आफ्नो कामलाई माया गर्दा मात्रै यो काम राम्रो बन्न सक्छ।
- भोको रहनुस्, मूर्ख रहनुस्।
- जो मानिसमा दुनियाँ बदल्ने पागलपन हुन्छ, उसले बदल्न सक्छ।
- समय सीमित छ। यसलाई अर्काको जीवन बाँच्नका लागि खेर नफाल्नुस्।
- आफ्नो हृदय र आत्मालाई पछ्याउने साहस राख्नुस्। तपाईं साँच्चै के बन्न चाहनुहुन्छ भन्ने उनीहरूलाई राम्रोसँग थाहा छ।
- आफ्नो भित्री आवाजलाई अरूको कोलाहलले दबिन नदिनुस्।
- नयाँ काम गर्दा गल्ती हुन्छ। यसलाई तत्काले स्विकार्नु राम्रो हुन्छ। त्यसपछि अर्को काम गर्दा सुधार ल्याउनुपर्छ।

अफिस ड्रेसमा स्टाइलिस देखिन...

महिलाले जागिरमा जाँदा लाइट कलरका कुर्था लगाउनु राम्रो हुन्छ। साडी पनि लाइट कलरकै सुहाउँछ। ठूलो-ठूलो प्रिन्ट भएका, धेरै हेभी साडी लगाउनुहुँदैन। सादा, हल्का नर्मल खालका साडी लगाउन सकिन्छ। ब्लाउज पनि नर्मल र सिम्पल खालको लगाउनुपर्छ।

त्यसैगरी, फर्मल वेस्टर्न कोट-पाइन्ट पनि लगाउन सकिन्छ। महिलालाई डार्क कलरको कोट-पाइन्ट सुहाउँछ। जस्तै, ब्ल्याक कोट-पाइन्ट, ग्रे कोट-पाइन्ट लगाउन सकिन्छ। फुल सिल्भ भएको कपडा लगाउनुपर्छ। धेरै साइनिङ भएको कपडा लगाएर जानुहुँदैन।

जुत्ता नर्मल हिल भएको लगाउनुपर्छ। ठूलो खालको हिल राम्रो हुँदैन। गरगहना नलगाउनु राम्रो हुन्छ। सिम्पल मेकअप गर्नुपर्छ। पफ्युम हल्का लगाउन सकिन्छ। हातमा घडी लगाउँदा स्मार्ट देखिन्छ।

पुरुषलाई सेतो सर्ट सुहाउँछ। डार्क कलरको सर्ट लगाउनुहुँदैन। त्यसमा पनि हाफ सिलिफ भएको सर्ट लगाउनुहुँदैन। सकेसम्म फुल सिलिफको सर्ट लगाउनुपर्छ, जसमा कलर लाइट हुनुपर्छ। त्यसमा पाइन्ट डार्क कलरको हुँदा म्याच गर्छ। कपडामा आइरन लगाएको हुनुपर्छ। बटम राम्रोसँग लगाएको हुनुपर्छ। टाईमा राम्रो देखिन्छ।

नर्मल राउन्ड सुज लगाउने गर्नुपर्छ। धेरै फेन्सी खालको लगाउनुहुँदैन। बेल्ट र जुत्ता एउटै कलरको भयो भने अझै राम्रो देखिन्छ। मोजा पनि जुत्ताकै कलरसँग म्याच गर्नुपर्छ।



तीन हाइकिङ गन्तव्य

चम्पादेवी : काठमाडौंबाट सवारीसाधनमार्फत छोटो समयमै चम्पादेवी पुग्न सकिन्छ। चोभारको टौदहबाट यात्रा सुरु गर्न सकिन्छ। अर्को, कीर्तिपुरको मच्छेगाउँबाट पनि जान सकिन्छ। यहाँबाट हिँड्दै फर्पिङ पुगेर फेरि फर्कन सकिन्छ। चुचुरोमा पुगेपछि पहाडी शृंखलाको अवलोकन गर्न पाइन्छ। छोटो अवधिमै सहरको धुवाँधुलो छोडेर स्वच्छ वातावरण महसुस गर्न पाइन्छ। हिमालय शृंखलाको अवलोकन तथा हरियाली जंगल यो रुटको प्रमुख विशेषता मानिन्छ।

लाँकुरीभञ्ज्याङ : लाँकुरीभञ्ज्याङबाट उपत्यकाका तीनवटै जिल्लाका मनमोहक दृश्यहरू अवलोकन गर्न सकिन्छ। यो क्षेत्र चारैतिरबाट वनले घेरिएको छ। यो क्षेत्र पिकनिक स्पटका लागि पनि चर्चित छ। हरियाली वनजंगलको दृश्यावलोकन गर्दै रमाइलो गर्न सकिन्छ।

चन्द्रगिरि : चन्द्रागिरि अर्को चर्चित हाइकिङ ट्रेल हो। यो कीर्तिपुरको मच्छेगाउँबाट सुरु हुन्छ। छापडाँडा हुँदै चन्द्रागिरि पुगिन्छ। चन्द्रागिरिमा उपत्यका आक्रमणका वेला कालु पाँडेले बनाएको बंकर छ, जसलाई आजभोलि 'कालु पाँडे फोर्ट' भन्ने गरिन्छ। चन्द्रागिरिको डाँडा निस्कने अर्को ट्रेल थानकोटको गोदामचौरबाट पनि छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

लहान शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.नं.घ.उ.सि. १०३६९/०७६/७७ अन्तर्गत मिति २०७६/०७/२८ मा दर्ता कायम भएको **माँ दुर्गा पेपर प्लेट उद्योग** फर्म दर्ता ठेगाना : लहान न.पा. -२४ (साविक गोविन्दपुर प्र.ध. -१ ख) सिरहा स्थायी लेखा नं. ६१२५००१२१, मिति २०७६/०८/०८ **प्रोप्राइटर : उमदा देवी साह** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा सवारी साधन कर्जा**	**उमदा देवी साह** ना.प्र.नं. १५१०२३-११-२९८८ जारी मिति २०६४/०६/१४, जि.प्र.का. सिराहा बाबुको नाम : सूर्य नारायण साहु तेली पतिको नाम : दिलिप कुमार साह ससुराको नाम : राजलाल साह स्थायी ठेगाना : गोविन्दपुर -१, सिरहा

व्यक्तिगत जमानत दिनेको विवरण

दिलिप कुमार साह ना.प्र.नं. २१२/३५९, जारी मिति २०५७/१०/२२ ई.प्र.का. लहान, सिराहा बाबुको नाम : राजलाल साह बाजेको नाम : जितन साह स्थायी ठेगाना : गोविन्दपुर -१, सिरहा	**विजय कुमार साह** ना.प्र.नं. २११, जारी मिति २०५७/०५/१५ ई.प्र.का. लहान, सिराहा बाबुको नाम : राजलाल साह बाजेको नाम : जितन साह स्थायी ठेगाना : गोविन्दपुर -१, सिरहा	**सत्य नारायण साह** ना.प्र.नं. १५२०३३/६७१२, जारी मिति २०६८/०३/२२ ई.प्र.का. लहान, सिराहा बाबुको नाम : राजलाल साह बाजेको नाम : जितन साह स्थायी ठेगाना : गोविन्दपुर -१, सिरहा

बागलुङ्ग शाखा, बागलुङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
राम बहादुर क्षेत्री ना.प्र.नं. ५०१०२६-३८३८, जारी मिति २०६४/१०/०६, जि.प्र.का. बागलुङ्ग बाबुको नाम : ललित बहादुर क्षेत्री बाजेको नाम : मन बहादुर क्षेत्री स्थायी ठेगाना : जैमिनी न.पा. -४, बागलुङ्ग **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**हरी के.सी. क्षेत्री** ना.प्र.नं. ५११०१६-१७९ पर्वत, जारी मिति २०६५/१२/०९, जि.प्र.का. बागलुङ्ग बाबुको नाम : बालकृष्ण के.सी. पतिको नाम : राम बहादुर क्षेत्री ससुराको नाम : ललित बहादुर क्षेत्री स्थायी ठेगाना : सर्कुवा -७, बागलुङ्ग

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-५३२८६७१/५३२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७४/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७४/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० फाल्गुण मसान्तको खूद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७५१,६७५,६२२	७१६,६२०,६२१
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१०,२५९,१९४	१८,९९६,४४७
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१५३,०००,०००	१०३,०००,०००
	कुल लगानी (क)	**५२५,५३४,८१६**	**८५३,६१७,०६७**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	१९०,८६५,४८६	२७१,६९१,७६१
२	अन्य सम्पत्ति	४,१३२,३३५	२,७०३,८९२
	जम्मा (ख)	**१५४,५९७,८२१**	**२७४,३५५,६५२**
	चालु दायित्व		
१	चालु दायित्व	१,६०६,७४१	-
२	भुक्तानी दिनुपर्ने शुल्क	४,५७५,४४७	४,६७६,४४७
	जम्मा (ग)	**६,१८२,१८८**	**४,६७६,४४७**
	कुल सम्पत्ति (क+ख-ग)	**१,११८,७५०,४४५**	**१,१२३,३३६,२७३**
१	योजना व्यवस्थापक शुल्क	१,३७९,२८१	१,३३८,७७१
२	डिपोजीटरी शुल्क	१८३,९०४	१७८,५०३
३	कोष सुपरीवेक्षक शुल्क	९१,९५२	८९,२५१
	खुद सम्पत्ति	**१,११७,७५५,३१२**	**१,१२१,७२५,७४८**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.५५**	**११.००**

२०८० फाल्गुण मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	३०,५०३,१६२	२९,७११,२८१
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	३८,२२६,०५१	४१,९७२,६८६
	जम्मा आम्दानी	**६८,७२५,२१३**	**७१,६८३,९६७**
	खर्च		
१	सुचना तथा प्रकाशन स्वर्च	१०६,२००	९२,३७२
२	बैंक शुल्क	१,१३०	१,१३०
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	१०,७१८,५९५	९,३३९,१३३
५	डिपोजीटरी शुल्क	१,४२९,१४६	१,२४५,२१८
६	कोष सुपरीवेक्षक शुल्क	७१४,५७३	६२२,६०९
७	योजना लेखापरीक्षण शुल्क	७१,०००	६०,५००
८	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	सफ्टवेयर स्वर्च	१०१,७००	१०१,७००
	जम्मा खर्च	**१३,३६७,३४४**	**११,६८७,६६२**
	कुल नाफा/(नोक्सान)	**५५,३६१,८६५**	**५५,५५६,३०५**

नोट:
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० फाल्गुण मसान्तसम्म गरेको लगानीको परलमुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.७४२,८११,७३०.६५ रहेकोछ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क)	**वाणिज्य बैंक**		
१	एनएमबि बैंक लिमिटेड	९३,३२२	१८,२८१,७८०
२	सानिमा बैंक लिमिटेड	९४,४८२	२३,५६३,८११
३	नेपाल बैंक लिमिटेड	७३,२२१	१६,४९६,६९१
४	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१८,९९८	१०,१८२,९२८
५	प्रभु बैंक लिमिटेड	९४,२७५	१४,१६९,५३३
६	एभरेष्ट बैंक लिमिटेड	४१,९५४	२१,८९९,९८८
७	प्राइम कमर्सियल बैंक लिमिटेड	९५,०४५	१९,०८५,०३६
८	माछापुच्छे बैंक लिमिटेड	७८,३७९	१४,७८२,२७९
९	नबिल बैंक लिमिटेड	३७,६९१	१७,८२७,४४३
१०	लक्ष्मी सनराइज बैंक लिमिटेड	७३,३२२	१२,१८६,११६
११	कृषि विकास बैंक लिमिटेड	७४,३८४	१७,५५४,६२४
ख)	**विकास बैंक**		
१	महालक्ष्मी विकास बैंक लिमिटेड	७४,४५६	२५,२४०,५८४
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	७७,४४५	२८,५८४,९५०
३	गरिमा विकास बैंक लिमिटेड	७३,५८७	२७,६७६,०७१
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	७४,९९४	२८,८७२,६९०
ग)	**जीवन विमा कम्पनी**		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६८,०७१	४०,८४२,६००
२	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	५९,०६५	३४,४९३,९६०
३	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८१२	४,८९७,७१०
४	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	१०,१५९	४,७९५,०४८
५	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,१२४	५,१२६,२४४
६	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९,९९७	४,८०८,५५७
घ)	**निर्जीवन विमा कम्पनी**		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१५,०३९	१२,२४१,७४६
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२६,३७४	२३,०७७,२५०
३	आइजीआई फ्रेडेन्सियल इन्स्योरेन्स लिमिटेड	२५,१६६	१४,१११,१२६
४	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	१४,९९६	११,६३६,८९६
५	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	१५,२८१	१०,७४४,०७१
ङ)	**हाइड्रोपावर कम्पनी**		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६९,७०९	३३,१११,७७५
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	१९,३२०,९९३
३	पिपुल्स पावर लिमिटेड	२	६६४
४	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	४,४९५,१५०
५	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३३,८४८	११,७४५,२५६
६	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	६,३१८,४००
७	भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	७२६	४३८,५०४
८	माण्डु हाइड्रोपावर लिमिटेड	१,२२०	८५७,६६०
९	मिड सोलु हाइड्रोपावर कम्पनी लिमिटेड	६३३	३९८,७९०
१०	माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड	१,२६८	५३८,२६६
११	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	१,४९८	८१४,९१२
१२	चिरखवा हाइड्रोपावर लिमिटेड	६२८	३८४,२७३
च)	**म्युचुअल फण्ड**		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	४,२०५,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,७५४,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	१२,६३०,०००
४	आरबिबि म्युचुअल फण्ड २	५००,०००	४,३३५,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	१,०००,०००	९,१८०,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१२,८२५,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	११,८२०,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५७७,५००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,६००,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१६,१४०,०००
छ)	**लघुवित्त वित्तीय संस्था**		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३२,१५७	२७,९७६,५९०
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	३२,०५४	२१,५४०,२८८
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,९१५	१७,५४५,११५
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,७१९	१३,२२२,४५८
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	३,२१३	२,०३७,०४२
६	विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	८१,०४७
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	३३५,७००
ज)	**इन्भेष्टमेन्ट**		
१	हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड	२,७२२	२,४७१,५७६
२	नागरिक लगानी कोष	७,५४२	१६,३८४,९९५
झ)	**उत्पादन तथा प्रशोधन**		
१	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	१२,८७२	६,६५७,३९८
ञ)	**अन्य**		
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१,०९५	१,०६७,६२५
२	नेपाल वेयर हाउजिङ्ग कम्पनी लिमिटेड	१,०७६	८३१,७४८
३	हिमालयन रि इन्योरेन्स लिमिटेड	२३,१२३	१४,८४४,९६६
	जम्मा	११,७५३,७६४	७५१,६७५,६२२

कोष प्रवर्द्धक: NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वक्स न. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फ्याक्स: ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६८०-०१-००७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
पोखरी तल्ला, ट्रेड टावर नेक्षाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०९९७४, फ्याक्स: ९७७-१-५७०९७५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

सुशासनमैत्री संयन्त्रको मार्गचित्र

सुशासनका लागि छरिएका भ्रष्टाचार निवारणसम्बन्धी कानुनी व्यवस्थालाई समेटी एकीकृत छाता ऐन निर्माण गर्न ढिलो भइसक्यो



● ठाकुरप्रसाद बस्ताकोटी

अग्रलेख

सुशासनलाई लोकतन्त्र वितरणको प्रमुख औजारका रूपमा लिइन्छ । नेपालको संविधानले पनि स्वच्छ र समुन्नत समाजको आधारशिलाका रूपमा यसलाई अंगिकार गरेको छ भने नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना र संघीय तहको चालू बजेटले समेत समृद्धिको आधार बनाएको देखिन्छ । समृद्ध समाज निर्माणका लागि भ्रष्टाचार नियन्त्रण गरी सदाचारमैत्री शासन प्रणाली स्थापना गर्नुपर्ने आवश्यकतालाई सैद्धान्तिक रूपमा हामीले जोड दिँदै आएका छौं । तर, नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी सारवान र कार्यविधि कानुनलाई सामयिक बनाई त्यसको कार्यान्वयन गर्न सरोकारवालाको उचित ध्यान केन्द्रित हुन सकेको छैन ।

भ्रष्टाचारसम्बन्धी राष्ट्रसंघीय महासन्धि, २००३ लाई नेपालले सन् २०११ मा अनुमोदन गरिसकेको छ । सार्वजनिक क्षेत्र मात्र होइन, निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने उपायसमेत पक्ष राष्ट्रहरूले अवलम्बन गर्नैपर्ने, सुशासनका लागि प्रभावकारी आनुपातिक र दुरुत्साहनमुखी देवानी, प्रशासनिक वा फौजदारी दण्ड दिने व्यवस्था गर्नुपर्ने प्रावधानलाई यस महासन्धिमा उल्लेख गरिएको छ । तर, सो महासन्धिसमेतका अन्तर्राष्ट्रिय कानुनले गरेका विभिन्न प्रावधानअनुरूप त्यस्ता उपाय अवलम्बन गर्ने सम्बन्धमा भने नेपालले खास काम गर्न सकेको देखिँदैन ।

नेपालको अवस्था : अन्तर्राष्ट्रिय कानुनमा समावेश भएको विषयमा राष्ट्रिय कानुन बनाउनुपर्ने भनी अनिवार्य गरेको विषय लागू गर्न प्रतिबद्धता व्यक्त गर्ने, तर त्यस्तो कानुन बनाउनितर ध्यान नदिने अवस्थाबाट हामी गुज्रिरहेका छौं । भ्रष्टाचारविरुद्ध राष्ट्रसंघीय महासन्धिमा हस्ताक्षर गरेको लामो समय भइसके पनि यसको कार्यान्वयनमा हामी उदासीन भएबाटै हाम्रो अवस्थाको प्रतिनिधित्व प्रतिबिम्बित हुन्छ । त्यसो त राष्ट्रिय आवश्यकताअनुरूप निर्माण गर्नुपर्ने कानुन निर्माणलाई नै हामीले प्राथमिकता दिन सकेका छैनौं । यसबाट व्यवस्थापिकाको भूमिकामा रहेको संसद् र त्यसलाई काम दिनुपर्ने सरकारको प्रभावकारितामाथि नै प्रश्न उठ्दै आएको छ । यस अवस्थालाई गम्भीर सामाजिक, नैतिक र राज्य वा व्यक्तिलाई पार्ने क्षतिको दृष्टिबाट हेर्न हामीले ढिलाइ गरिरहेका छौं । शासकीय गतिशीलता प्रदर्शन गर्न प्रशासनिक व्यवस्थापनसँग सम्बद्ध गतिविधिलाई चुस्त दुरुस्त राख्नु अत्यावश्यक हुन्छ । भ्रष्टाचार, अनियमितता र शासकीय अनुशासनहीनताजस्ता विकृति नियन्त्रण गरी सुशासन कायम गर्न नेपालमा भइरहेका प्रयास अपर्याप्त देखिँदासमेत यसमा सुधार गर्नुपर्ने जिम्मेवारी लिएका निकाय निष्प्रभावी बन्नु राज्य संयन्त्रको बहुआयामिक उपादेयतालाई बेवास्ता गर्नु हो । सुशासन प्रवर्द्धनमा भ्रष्टाचार निवारण ऐन, २०५९ का कमजोरी सुधार्न ध्यान नदिनु यसैको उदाहरण हो । यस ऐनलाई हेर्ने हो भने सार्वजनिक पदमा भएको व्यक्ति वा त्यस्ता व्यक्तिसँग जोडिएका व्यक्तिले मात्रै भ्रष्टाचारजन्य कार्य गर्न सक्छन् भन्ने खालको व्यवस्थाले भ्रष्टाचारको क्षेत्रलाई सीमित गराई यसको नियन्त्रणलाई कठिन बनाएको देखिन्छ । भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २१ मा निजी क्षेत्रको भ्रष्टाचारलाई समेत भ्रष्टाचारसम्बन्धी कसुरमा समावेश गर्नुपर्ने बाध्यकारी प्रावधान छ । तर, यसविपरीत कानुनी व्यवस्थाले हामीकहाँ निरन्तरता पाइरहेका छन् । यसबाट समेत नेपालमा भ्रष्टाचारको अवस्था थप जटिल बन्दै गएको बुझ्न कठिन पर्दैन ।

ट्रान्सपरेन्सी इन्टरनेसनले वार्षिक रूपमा सार्वजनिक गर्ने प्रतिवेदनमा नेपालले प्राप्त गर्ने न्यून अंकले हाम्रो अवस्थाको प्रतिनिधित्व गर्दै आएको छ । हालै प्रतिवेदनमा नेपाल ३५ अंक प्राप्त गरेर १०८औं स्थानमा रहेको देखिन्छ । सन् २००९ मा २९ अंक प्राप्त गरेर १५२औं स्थानमा रहेको नेपालले विगत दुई वर्षसम्म लगातार ३४ अंक प्राप्त गऱ्यो । यस वर्ष एक अंक बढी प्राप्त गर्दैमा हाम्रो सुशासनको अवस्थामा सुधार भएको मान्न सकिन्न । बरु यस सूचीको सुरुवातदेखि नै ५० भन्दा कम अंक प्राप्त गर्ने सबैभन्दा बढी भ्रष्ट मुलुकको सूचीमा नेपाल पर्दै आएकाले चिन्ता लिनुपर्ने अवस्था छ । विधिको शासनको सूचकांकमा वर्ल्ड जस्टिस प्रोजेक्टले सन् २०१५ देखि नेपाललाई समावेश गर्दै आएको छ, जसमा हाम्रो अवस्था निराशाजनक छ । त्रिभुवन विश्वविद्यालयले हालै गरेको अध्ययनमा नेपालमा भ्रष्टाचार मुद्दाको फर्स्योटमै लामो समय रहने गरेको निष्कर्ष निकालेको छ । यसबाट हाम्रो सुशासन कार्यान्वयनको योजना र कार्यविधि दुवैमा कमजोरी देखिएको छ भने यसका लागि भएका कानुनको सामयिक संशोधन र नयाँ कानुन जारी गर्नुपर्ने आवश्यकतासमेत महसुस हुँदै आएको छ । यस क्षेत्रको कानुनी न्यूनता र रिक्तता पूरा गर्नुपर्नेतर्फ हाम्रो ध्यान आकृष्ट हुन सकेको छैन ।

रंगेहातसम्बन्धी प्रचलित नियम खारेजीपछिको रणनीति : अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक रकम उपलब्ध गराई सञ्चालन गर्दै आएको रंगेहात पक्राउ गर्ने व्यवस्थालाई सर्वोच्च अदालतको संवैधानिक इजलासले बदर गरेको दुई वर्षभन्दा बढी भइसक्यो । सो व्यवस्थामा रहेको 'कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले घुस रिस्वत माग गरेको भनी आयोगमा पर्न आएको उजुरी निवेदनको अनुसन्धानको सिलसिलामा आयोगले आफ्ना कर्मचारी वा उजुरवाला वा अन्य कुनै व्यक्तिमार्फत त्यस्तो सार्वजनिक पदधारण गरेको व्यक्तिलाई घुस रिस्वतबापत रकम उपलब्ध गराउन सक्ने' र त्यसरी 'घुस रिस्वत उपलब्ध गराउने कर्मचारी वा व्यक्तिलाई कुनै किसिमको कारबाही र सजाय गरिनेछैन' भन्ने सोही नियमावलीको प्रावधान प्रत्यायोजित विधायनको भावनाविपरीत रहेको भनी २०७८ वैशाख ८ मा बदर गरेको थियो ।



नेपालको संविधानको धारा २०(९) मा रहेको स्वच्छ सुनुवाइसम्बन्धी प्रावधान र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ समेतका प्रचलित ऐनमा रहेका प्रावधानसमेतको भावना र मर्मअनुकूल नदेखिएको भनी सो घुस रिस्वतबापत रकम उपलब्ध गराउन सक्ने प्रावधानलाई प्रत्यायोजित विधायनको प्रतिकूल भनिए पनि फौजदारी न्यायका मान्य सिद्धान्त, कानुनको उचित प्रक्रिया तथा प्रमाण संकलनसम्बन्धी न्यायिक मान्यताका दृष्टिले समेत मनासिब र तार्किक नदेखिएको भनी व्याख्या भएको छ । यस अवस्थामा त्यस्तो प्रावधानलाई नयाँ कानुनमा सम्बोधन गर्ने वा नगर्ने भन्ने विषयमा छलफल हुन थालेको छ । सो प्रावधान 'अनुसन्धान अधिकारीलाई स्वेच्छाचारी तबरबाट काम गर्न प्रोत्साहन गर्ने प्रकृतिको देखिने' भनी सर्वोच्च अदालतले व्याख्या गरेपछि अख्तियारले रंगेहात पक्राउ गर्ने कार्यमा संख्यात्मक असर परेको देखिन्छ । तर, त्यस्तो प्रावधान राखेर संसद्ले ऐन बनाउनुपर्ने माग आयोगले राखिरहँदा स्वयं संसद्मै भने त्यस्तो ऐनको प्रावधानबारे छलफल बुलन्द हुन नसक्नु चिन्ताको विषय हो । भ्रष्टाचारजन्य गतिविधिमा कडा निगरानी आवश्यक रहेको र त्यस्तो कसुरको अनुसन्धानको निष्पक्षता र प्रभावकारिताका लागि छुट्टै रणनीति बढाउनु जरुरी छ, जसमा भइरहेको बेवास्तालाई चिरेर अगाडि बढ्नु आजको आवश्यकता हो ।

> सार्वजनिक पदमा भएका वा तिनीहरूसँग जोडिएका व्यक्तिले मात्रै भ्रष्टाचारजन्य कार्य गर्न सक्छन् भन्ने खालको व्यवस्थाले भ्रष्टाचार नियन्त्रणलाई कठिन बनाएको छ

छाता ऐनको आवश्यकता : अदालतले गरेका व्याख्या, भ्रष्टाचारविरुद्ध महासन्धिमा भएका व्यवस्था, नेपालमा संघीयताको कार्यान्वयनका क्रममा तीनै तहमा कम हुन नसकेको भ्रष्टाचारको अवस्था, संगठित रूपमा बढ्दो भ्रष्टाचारको अवस्थासमेतले समाजका धेरै पक्ष नैतिकहीन बन्दै सदाचारविरुद्धका क्रियाकलापमा संलग्न भएको देखिन्छ । यसबाट सुशासनका लागि राज्यका तीनै अंगले आफ्नो प्रभावकारिता सिद्ध गरी भ्रष्टाचारविरुद्ध निर्मम रूपमा प्रस्तुत हुनु आवश्यक छ । अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, भ्रष्टाचार निवारण ऐन, २०६४ लगायत छरिएका भ्रष्टाचार निवारणसम्बन्धी कानुनी व्यवस्थालाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी एकीकृत छाता ऐन निर्माण गरी सम्बोधन गर्ने प्रयास आवश्यक देखिएको छ । बैंकिङ, राजस्वलगायत विषयमा हुने गरेका भ्रष्टाचारका विषयले समेत यस्ता ऐनले सम्बोधन गर्ने अपेक्षालाई व्यवहारमा ल्याउन सकिन्छ ।

सम्पत्ति शुद्धीकरण र स्वार्थको व्यवस्थापन : सम्पत्ति शुद्धीकरण र आतंकवादमा लगानीजस्ता विषयमा नेपालमा रहेको सम्पत्ति शुद्धीकरणसम्बन्धी वित्तीय कार्यदलले नेपालको अवस्थामा सुधार गर्नुपर्ने विषयमा सुझाव दिँदै यसमा सुधार नगरे कालोसूचीमा पर्ने चेतावनी दिँदै आएको छ । सम्पत्ति शुद्धीकरण र बैंक तथा वित्तीय संस्थामा हुने भ्रष्टाचारमा अन्तर्राष्ट्रिय कानुनले परिकल्पना गरेबमोजिका व्यावसायिक र स्वतन्त्र निकायबाट अनुसन्धान र अभियोजन गर्न नसकेको विषयलाई कानुनमार्फत सम्बोधन गर्न हामीले सकेका छैनौं । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्वायत्तता तथा सक्षमता अभिवृद्धिलाई तदर्थमा छोडेजस्तो देखिन्छ । यससम्बद्ध अभियोजन नै सीमित संख्यामा भएका उदाहरणबाट सम्पत्ति शुद्धीकरणको कार्यमाथि प्रश्न उठ्दै आएको देखिन्छ । भ्रष्टाचार अन्त्य र नीतिगत भ्रष्टाचारको निर्मूलीकरणका लागि सुशासन व्यवस्थापन तथा सञ्चालन ऐनले गरेका स्वार्थको द्वन्द्व निवारणका औजार अपर्याप्त छन् । स्वार्थको द्वन्द्वसम्बन्धी छुट्टै कानुनको आवश्यकतालाई जोड दिइँदै आए पनि उचित ऐन व्यवस्थापनको अभावमा यसलाई दण्डको दायरामा ल्याउन अप्ठ्यारो परिरहेको देखिन्छ । भ्रष्टाचारविरुद्धको राष्ट्रसंघीय महासन्धिले सार्वजनिक पदाधिकारीको परिभाषालाई बृहत् रूपमा सम्बोधन गरेको अवस्थामा नेपालमा भने सो परिभाषाअनुकूल सार्वजनिक अधिकारीको कामकारबाहीलाई कानुनी दायरामा समेट्न सकेको देखिँदैन । कानुनी प्रबन्धमार्फत यसलाई सम्बोधन गर्न ढिलाइ गर्नुहुँदैन ।

प्रभावशाली व्यक्तिको अनुसन्धान र न्यायिक क्षेत्रको सुशासन : भ्रष्टाचारको प्रतिरोधमा न्यायपालिकाको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै अभियोजन गर्ने निकाय र न्यायपालिकाको स्वतन्त्रता तथा यी निकायका सदस्यको निष्ठा बढाउने र उनीहरूलाई भ्रष्टाचार गर्ने मौका दिन नहुने उपाय पक्ष राष्ट्रले अवलम्बन गर्नुपर्ने भनेर भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ११ मा उल्लेख छ । नेपालको संविधाले न्यायिक क्षेत्रमा हुने भ्रष्टाचारका क्षेत्रमा न्याय परिषद्को व्यवस्था गरे पनि यसको सक्रियता बढ्न सकेको देखिँदैन । न्यायाधीशले कमाएको गैरकानुनी सम्पत्तिका सम्बन्धमा अनुसन्धान शून्यप्रायको अवस्थामा देखिन्छ भने महाभियोगबाट पदमुक्त हुने पदाधिकारीको हकमा समेत संसदीय समितिको सक्रियता कम देखिँदा प्रभावशाली व्यक्तिबाट हुने भ्रष्टाचारले देशलाई थिल्थिलो पारेको बुझ्न कठिन छैन । विशिष्ट व्यक्तित्व र न्यायिक क्षेत्रमा हुने भ्रष्टाचारको छुट्टै अनुसन्धान र अभियोजन हुनुपर्ने तथ्यलाई अब बेवास्ता गर्नु हुँदैन ।

निष्कर्ष : शासन व्यवस्थामा बहुलवादी सोचको अवलम्बन र पारदर्शी कार्यव्यवहारको सवर्द्धनले राज्य तथा राज्यबाहेकका क्षेत्रको समेत शासनप्रक्रियामा प्रभावकारिता अभिवृद्धि गर्छ । सार्वजनिक पदाधिकारीसँगै निजी, सार्वजनिक र गैरसरकारी क्षेत्रका व्यवहारको समेत उचित निगरानी र नियमन हुनुपर्ने आवश्यकतालाई शासन प्रक्रियामा सहभागी सबै पक्षको आर्थिक, सामाजिक तथा सांस्कृतिक आचरण र व्यवहारमा जवाफदेहिता र उत्तरदायित्व संस्कृतिसँग जोड्नु आवश्यक हुन्छ । समृद्धिको सारथिको रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीनखम्बे नीतिलाई हामीले आत्मसात् गरिरहँदा शासन प्रक्रियामा सहभागी सबैको व्यवहारलाई सुशासनमैत्री बनाउन दह्रो प्रतिबद्धता आवश्यक हुन्छ । समाजका सबै तह र तप्कामा हुने व्यवहारलाई नैतिकता र सार्वजनिक जवाफदेहिताको ऐनामा सफा देखिने बनाउन समाजमा हुने सबै खालका भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण गर्न सक्ने कानुनी संयन्त्रको विकास गर्नु अनिवार्य छ ।

(बस्तोकोटी न्यायपरिषद् सचिवालयमा कार्यरत उपसचिव हुन्)

---

३ प्रश्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त **डा. गणेशराज जोशी**लाई



तल्लोदेखि माथिल्लो तहका कर्मचारीहरू अपराध कर्ममा संलग्न हुने अवस्था किन आउँछ ?

यही कारणले कर्मचारीहरू अपराध कर्ममा लाग्छन् भन्न त सकिन्न । तर, व्यक्तिगत इन्ट्रेस्टका कारण कोही यस्ता कार्यमा लागेका हुन सक्छन् । यसलाई संस्थागत गर्न मिल्दैन । सबै कर्मचारी एकै किसिमका छन् भनेर मुछ्न पनि हुँदैन । नैतिकता, सदाचार र देशका नियम, कानुन बिर्सन थालेपछि यस्तो हुन्छ । आफ्नो पदीय मर्यादा र जिम्मेवारी भुलेर अतिरिक्त आर्जनमा रमाउन थालेपछि यस्तो अवस्था आउँछ । अहिले यो क्रम बढ्यो भन्न मिल्दैन । यस्तो प्रवृत्तिका कर्मचारी जहाँसुकै या जुनसुकै देशमा हुन्छन्, हामीकहाँ मात्र होइन ।

यो प्रणालीगत समस्या हो कि व्यक्तिगत ?

यो प्रणालीगत होइन, व्यक्तिगत समस्या नै हो । हाम्रो प्रणाली केही कमजोर भएर या प्रणालीमा कुनै छिद्र भएर यस्तो भएको हुन चाहिँ सम्भव छ । सेवा प्रवेशसँगै कुनै एजेन्ट, गिरोहसित लहसिने स्वभावले गर्दा पनि यस्तो हुने हो । जे-जे भए पनि यसमा सम्बन्धित व्यक्तिबाहेक अर्को कोही जिम्मेवार हुँदैन ।

यसमा सुधार ल्याउन के गर्नुपर्ला त ?

यसका लागि कानुनी व्यवस्था नभएका होइनन् । सजाय र जरिवानाको व्यवस्था पनि ठीकै छ । राज्यले दिने सेवा सुविधा कमजोर भएर यस्तो भएको भन्ने पनि होइन । किनकि, सेवा प्रवेश गर्दा सेवा, सुविधाबारे पहिल्यै अवगत भएकै हुन्छ । शपथ पनि लिएकै हुन्छ । त्यसैले, प्रणालीमा कमजोरी छन् भने सुधार्न सकिन्छ । तर, त्योभन्दा पहिले व्यक्ति स्वयं इमानदार र नैतिक आचरणयुक्त हुनुपर्छ ।

प्रेरक प्रसंग

को हो चरित्रहीन ?

एकपटक बुद्धको भेट एक महिलासँग भयो । जसलाई सो गाउँमा चरित्रहीन नारी भनेर दुत्कारिन्थ्यो । ती महिलाले गौतम बुद्धसँग सोधिन्, 'तपाईं त कुनै राजकुमारजस्तो देखिनुहुन्छ, किन यस्तो युवावस्थामै पहँलो वस्त्र धारण गर्नुभएको ? तपाईं किन तपस्वी बनेर सांसारिक सुखसुविधालाई लत्याएर यसरी हिँडिरहनुभएको छ ?' आफ्नो सन्न्यासी जीवनबारे ती महिलाले प्रश्न गरेपछि बुद्धले जवाफ दिए, 'मैले तीनवटा प्रश्नको जवाफ खोज्नका लागि सन्न्यास लिएको हुँ । अहिले हाम्रो शरीर युवा अनि आकर्षक छ, यो बिस्तारै एक दिन बूढो हुन्छ, बिरामी हुन्छ र अन्ततः मृत्यु वरण गर्छ । म यो वृद्धावस्था, बिमारी र मृत्युको कारण पत्ता लगाउन चाहन्छु ।' बुद्धको भनाइबाट ती महिला निकै प्रभावित भइन् । ती महिलाले बुद्धलाई बेलुकाको खाना आफ्नो घरमा आएर खानका लागि निम्तो दिइन् । बुद्धले पनि उनको निम्तो सहर्ष स्विकारे । तत्काल गाउँवासीलाई यो कुरा थाहा भयो । उनीहरूले ती महिला चरित्रहीन रहेकाले उनको घरमा नजान बुद्धलाई आग्रह गरे । गाउँवासीको यस्तो आग्रहपछि बुद्धले गाउँका मुखियालाई बोलाएर सोधे, 'महोदय, के गाउँवासीले भनेको कुरा सत्य हो ?' मुखियाले पनि गाउँलेको कुरामा सहमति जनाउँदै भने, 'हो हजुर, ती महिला चरित्रहीन नै हुन् । त्यसैले हजुर तिनको घरमा नजानुहोस् ।' मुखियाका कुरा सुनिसकेपछि एकछिन सोचमग्न भएर बुद्धले तिनको एउटा हात समाते, अनि भने, 'ल अब तपाईं जोड्ले ताली बजाउनुहोस् ।' मुखियाले हाँस्दै भने, 'पहिले मेरो यो हात छाड्नुहोस् । अनि मात्र ताली बजाउँला । अन्यथा, एक हातले मात्र त ताली कसरी बज्न सक्छ र ? यो असम्भव छ ।' मुखियाको कुरा सुनेपछि बुद्धले मन्द मुस्कानसाथ भने, 'त्यसो भए एक्ली स्त्री कसरी चरित्रहीन हुन सक्छिन् ? गाउँका सबै पुरुष चरित्रवान् भइदिएको भए ती स्त्री चरित्रहीन हुने नै थिइनन्, होइन र ?' बुद्धको प्रश्न सुनेपछि त्यहाँ उपस्थित सबै गाउँलेका आँखा खुले । गाउँका सबै पुरुषले लाजले शिर झुकाए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारले सहयोग गरोस्

काठमाडौंको चाबहिल निवासी शुभप्रसाद शर्मा विश्वमा तापक्रमको बढ्दो समस्याविरुद्ध लड्न विश्वभर सचेतना जगाउने उद्देश्यले १ वैशाख ०८० देखि विश्व साइकल भ्रमणमा निस्केका थिए । उनी यतिखेर दुई दर्जनभन्दा बढी देश हुँदै अफ्रिकाको तान्जानिया पुगेका छन् । त्यहाँका गैरआवासीय नेपाली संघसंस्थाले सहयोग गरेको भए पनि त्यो पर्याप्त नहुँदा खर्च अभावले उनी तान्जानियामै अड्केका छन् । यस अभियानलाई अगाडि बढाउन सबैको साथ र सहयोगका लागि उनले अपिल गरेको समाचार पढियो । उनको हिम्मत देख्दा खुसी लाग्यो भने खर्च अभावमा उनी विदेशी भूमिमै अड्केको समाचारले भने दुःख लाग्यो । उनलाई नेपाल सरकारले तत्काल सहयोग गरोस् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

राजतन्त्रको झल्को आएन र ?

एमालेले इलाम-२ बाट पूर्वसभामुख सुवास नेम्वाङका छोरा सुहाङ नेम्वाङलाई उपनिर्वाचनमा उम्मेदवार बनाउने निर्णय गरेको समाचार पढियो । यो समाचार पढ्दै गर्दा दलहरूले गणतन्त्र नेपालमा पनि राजतन्त्रको अभ्यास गरिरहेको झल्को आयो । नत्र, इलाममा सुवास नेम्वाङपछि वर्षौंदेखि एमाले राजनीति गरी पार्टीलाई जीवन्त राख्दै आएका अन्य नेता थिएनन् र ? थिए भने अब सुहाङको उम्मेदवारीपछि ती नेताले राजनीति गर्ने किन ? यस्तो प्रथाले राजतन्त्रको झल्को दिँदैन र ?

● **अमृत तामाङ**
बिर्तामोड, झापा

कर्मचारीलाई अनुशासित बनाऊ

'अपराध कर्ममा कर्मचारी' शीर्षकको समाचार पढियो । नेपालको निजामती सेवामा लाग्ने अधिकांश कर्मचारीको छवि स्वच्छ र मर्यादित छैन । यसले गर्दा यहाँ स्वच्छ छवि भएका कर्मचारीमाथि समेत 'भ्रष्ट'कै ट्याग लाग्ने गर्छ । अधिकांश आर्थिक घोटालाका घटनामा तल्लो तहदेखि उपल्लो तहका कर्मचारी संलग्न भएका घटना बारम्बार सार्वजनिक हुँदै आएका छन् । बहालवाला सचिवसमेत पक्राउ परेका छन् । त्यसैले, अबका दिनमा निजामती कर्मचारीलाई अनुशासित बनाउने दिशामा सबैको ध्यान जाओस् ।

● **सुमित्रा नेपाली**
विजेश्वरी, काठमाडौं


कांग्रेसमा आँट छ त ?

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले कांग्रेसलाई आऊ सार्वजनिक बहस गरौं भनेर चुनौती दिएका छन् । के कांग्रेसका नेताहरू सार्वजनिक बहसका लागि तयार छन् ? विरोधका लागि विरोध नगरौं, काम गर्छु भन्नेलाई गर्न दिऊँ । संसद्मा अवरोध गरेर ठूलो काम गऱ्यौं भन्ने नसोचौं । यहाँ दुधले नुहाएका नेता कोही छैनन् । कसैले धेरै अपराध गरेका होलान्, त कसैले थोरै, फरक यत्ति मात्र हो । हरेक नेताका गल्ती कमजोर खोतल्ने हो भने केही न केही दाग लागेकै भेटिनेछ । अरूलाई आरोप लगाएर मात्र हुँदैन, प्रमाणित गर्नु पनि पर्छ । आरोप लगाउनकै लागि त जसले जसलाई पनि लगाउन सक्छ, प्रमाणित गरेर पनि त देखाउनुपऱ्यो नि । दोषी ठहरिए म तत्काल राजीनामा दिन्छु भनिरहेका छन् गृहमन्त्री रवि लामिछानेले । यसअघि पनि उनी दोषी देखिएकाले सरकारबाट बाहिरिएकै हुन् । पछि निर्दोष ठहरिएपछि सरकारमा गएका छन् । काम गर्छु भनेका छन्, हेरौं न एकपटक । सरकारबाहिर बसेर उनका काम हेर्न मिल्दैन र ? काम गर्न नसकेको खण्डमा जनताले नै पाखा लगाइहाल्छन्, कांग्रेसले हतार किन गरेको ? कि सत्ताविना कांग्रेस टिक्नै नसक्ने हो ? तीन दशक भयो हालीमुहाली गरेको अझै पनि रहर पुगेको छैन् । गृहमन्त्रीले भ्रष्टाचारीको फाइल खोल्छु भनेकै छन्, त्यसमा प्रधानमन्त्रीले पनि साथ दिएका छन् । हेरौं न कतिसम्म अघि बढ्दो रहेछ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

के हो समाजवादी क्रान्तिको कार्यदिशा ?

समाजवादी क्रान्तिका नयाँ विचारधारा एवं कार्यदिशाको विकास गरेर मात्र नेपालमा समाजवादी क्रान्ति सम्भव छ



● पुष्पविक्रम मल्ल (सिंह)

अहिलेको विश्वमा क्रान्तिकारी कम्युनिस्ट पार्टीले लेनिनको पुँजीवादी क्रान्ति अर्थात् पुँजीवादी सिद्धान्तको बाटोबाट समाजवादमा जाने र माओको नयाँ जनवादी क्रान्ति हुँदै समाजवादमा जाने भन्ने विषयको बुझाइमा सबै कम्युनिस्ट पार्टीबीच धेरै फरक धारणा छैन । माओको 'चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिको' पाठलाई प्रस्थानबिन्दु बनाएर समाजवादी क्रान्ति गर्ने विषयलाई बुझ्ने, प्रयोग र विकास गर्नेबारे भने कम्युनिस्ट पार्टीबीच गम्भीर मतभेद रहेको छ । नेपालमा समाजवादी क्रान्तिको कार्यदिशा कस्तो हुन सक्छ ? भन्ने विषयमा गम्भीर विमर्श जरुरी छ ।

अहिलेको बदलिएको परिस्थितिमा मा-ले-मावादमा नयाँ विचारधारा राजनीतिक कार्यदिशा पुनर्विवेचना/पुनर्विचार/अनुसन्धान/पुनर्ताजगी गर्दै नयाँ आविष्कार गर्न सक्नुपर्छ । पुँजीवादी भूमण्डलीकरण विश्वमा समाजवादी क्रान्तिका लागि बीसौं शताब्दीअघिको क्रान्तिको तरिकाबाट सम्भव छैन । सूचना, सञ्चार तथा विज्ञान प्रविधिको यस युगमा वैज्ञानिक समाजवादी क्रान्तिका नयाँ नेपाली कार्यदिशा हाम्रो आफ्नै दशवर्षे जनयुद्ध एवं शान्ति प्रक्रियाको लामो अनुभवबाट मा-ले-मावादमा थप नयाँ विचारधारा राजनीतिक कार्यदिशा र कार्यनीतिको विकास गरेर मात्र नेपालमा समाजवादी क्रान्ति सम्भव छ । अतः यसबारे नेपालका कम्युनिस्ट पार्टीका नेता कार्यकर्तामा बुझाइमा एकरूपता छैन । जसका कारण एउटा अमुक कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताले अर्को कम्युनिस्ट पार्टीकै नेता-कार्यकर्तामाविरुद्ध आरोप-प्रत्यारोप गर्नुलाई नै क्रान्तिकारिता ठान्छन् । यस्तो तरिकाले नेपालमा वैज्ञानिक समाजवादी क्रान्तिका सपना पूरा हुँदैनन् ।

नेपालमा यतिखेर पनि दुई दर्जनभन्दा बढी कम्युनिस्ट पार्टी (२८ वटा कम्युनिस्ट पार्टी निर्वाचन आयोगमा दर्ता) नयाँ जनवादी एवं समाजवादी क्रान्ति गर्ने भन्दै आआफ्नो पार्टीका गतिविधि गरिरहेका छन् भने अर्कातर्फ कम्युनिस्ट पार्टीहरू मार्क्सवादी दर्शनलाई बुझ्ने, व्याख्या गर्ने, प्रयोग र विकास गर्ने भन्दै मार्क्सवादी दर्शनको असली दाबेदार आफूलाई ठान्छन् । तर, आश्चर्यलाग्दो यो छ कि मार्क्सवादी दर्शनको ठीक विपरीत विचार प्रवृत्तिबीच संघर्ष-एकता-संघर्ष-रूपान्तरण फेरि संघर्ष-एकता-संघर्ष-रूपान्तरणसहित मार्क्सवादी दर्शनलाई सिद्धान्त र व्यावहारिक एवं आचरणमा निरन्तर प्रयोग र विकास गर्नुपर्नेमा यसको ठीक उल्टो मार्क्सवादी दर्शनविपरीत पार्टीभित्र र बाहिरका भिन्न मतलाई निषेध गर्ने विचार प्रवृत्ति विश्व एवं नेपाली कम्युनिस्ट पार्टीहरूमा रहनुजेल नयाँ जनवादी एवं समाजवादी क्रान्तिको घन्टी बजाइरहनुबाहेक केही हुने देखिन्न । किनभने मा-ले-मावादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका तीन-तीन आधारभूत नियम र मार्क्सवादको चार मेथोडोलोजीलाई खोज अनुसन्धानमा प्रयोग गर्दै गहिरो अध्ययन गरी समाजवादी क्रान्तिका नयाँ विचारधारा एवं कार्यदिशाको विकास गरेर मात्र नेपालमा समाजवादी क्रान्ति सम्भव छ । यसबारे केही प्रश्न बहसका लागि उठाएको छु ।

१. समाजवादी क्रान्तिका लागि आधार तयार गर्न चार मोर्चाबाट १. सदन (तीन तह), २. सरकार (तीन तह), ३.सडक, ४. वैज्ञानिक सामाजिक समाजवादको प्रयोग र विकास : निश्चित गाउँ/नगर/वडा/पालिकाबाट सामाजिक समाजवादको तत्काल अभ्यास गर्दै जानुपर्छ ।

२. माओले गर्नुभएको 'महान् सर्वहारा सांस्कृतिक क्रान्तिको' जनताको सर्वोच्चतालाई 'इतिहासका निर्माता जनता हुन्'लाई अहिल्यैदेखि प्रस्थानबिन्दु बनाएर दर्जनौं वर्ष लगाएर समाजवादी, सामाजिक, आर्थिक, सांस्कृतिक स्वसिर्जनशील अभ्यासबाट समाजवादको आधार तयारी गर्दै गएर मात्र समाजवादी क्रान्ति सम्भव हुन्छ ।

३. रुसी क्रान्ति र चिनियाँ क्रान्तिका तरिकाबाट नयाँ जनवाद हुँदै समाजवादी क्रान्ति गर्न नयाँ जनवादी क्रान्ति वा समाजवादी क्रान्तिको कार्यदिशा एवं मोडेललाई आधार बनाएर बहस गरी नयाँ कार्यदिशा एवं मोडेल विकास गरेर मात्र समाजवादी क्रान्ति सम्भव हुन्छ ।



४. लेनिन र माओले क्रान्तिबाट कम्युनिस्टहरू राज्यसत्तामा गएर 'पुँजीवादी बाटोबाट समाजवादमा जाने' अर्थात् राज्य नियन्त्रित पुँजीवादी सिद्धान्तबाट समाजवादमा जाने त्यतिबेला अभ्यास गरिएको जगजाहेर छ । तर, विश्वव्यापी पुँजीवादी भूमण्डलीकरणको अर्थ-राजनीतिक, सांस्कृतिक एवं सामाजिक समाजमा अहिलेको कम्युनिस्ट पार्टीले पुँजीवादको विकास गरेर मात्र समाजवादमा जाने सिद्धान्तको बाटो विश्वमा मेल खाँदैन । तत्कालीन र अहिलेको विश्व परिस्थितिमा धेरै भिन्नता छ । तसर्थ, आमजनतालाई उत्पादनमा सहभागी गराएर उत्पादन वृद्धि गरी पुँजीको विकास गर्न सक्नुपर्छ ।

५. पुँजीवाद र समाजवाद यी दुवै भिन्न राज्यसत्ता रहनुजेल यी दुवैमा वर्गसंघर्ष एवं वर्गीय स्वरूपको अस्तित्व रहिरहन्छ । तसर्थ समाजवादी राज्यसत्तामा पनि वर्गीय अस्तित्व रहन्छ । जब समाजवादबाट साम्यवादमा फड्को मारिन्छ, तब मात्र वर्गीय र

भारतको लोकसभा चुनाव
कसरी हेरिरहेको छ विश्वले ?

विश्वका अधिकांश नेताले चुनाव सकिएपछि मोदी पुनः सत्तामा फर्कने अपेक्षा राखेका छन्

बुधबार चुनावी अभियानबाट छोटो विश्राम लिएर प्रधानमन्त्री नरेन्द्र मोदीले रुस र युक्रेनका राष्ट्रपति क्रमशः भ्लादिमिर पुटिन र भोलोदिमिर जेलेन्स्कीसँग कुराकानी गरे। मोदीले आफ्ना एक्स (ट्विट्) पोस्टमा उनीहरूले दुई देशहरूसँग भारतको साझेदारीलाई सुदृढ पार्नेबारेमा छलफल गरेको बताए तापनि यो स्पष्ट थियो कि कुराकानी मुख्यतया दुई नेताहरूलाई द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न मस्को र किभलाई मद्दत गर्न केन्द्रित थियो।

त्यसको एक साताअघि मोदीले आफ्ना राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभललाई इजरायल पठाएका थिए। मोदीले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई भारतको समर्थनलाई हल्का रूपमा लिन नहुने र गाजामा इजरायली सेनाको अथक अभियानलाई लिएर बढ्दो अन्तर्राष्ट्रिय आलोचनालाई बेवास्ता गर्न नहुने सन्देश पठाएका थिए। इजरायली आक्रमणले हालसम्म ३२ हजारभन्दा बढी मानिसको ज्यान लिइसकेको छ र अनिकालको अवस्था सिर्जना गरेको छ।

आमचुनावी अभियानमा देशमै व्यस्त रहँदा पनि दुई ठूला विश्वव्यापी द्वन्द्वलाई सम्बोधन गर्दै मोदीले भारतको अन्तर्राष्ट्रिय जिम्मेवारीलाई गम्भीरतापूर्वक लिएको संकेत गरिरहेका छन्। अझ महत्त्वपूर्ण विषय त उनले संसारले आफूलाई महत्त्वका साथ लिएको संकेत गरेका छन्। उनको नेतृत्वमा भारत एक महत्त्वपूर्ण विश्वव्यापी खेलाडी हो।

दुई वर्षअघि रुसले युक्रेनमा आक्रमणपछि तटस्थता कायम राख्ने एक मात्र ठूलो शक्ति भारत हो। तर, मस्कोसँग देशको घनिष्ट ऐतिहासिक सम्बन्धका बाबजुद मोदीले गत सेप्टेम्बरमा पुटिनलाई दृढताका साथ भने कि यो युद्धको समय होइन। मोदीको यो टिप्पणीलाई पश्चिमी शक्तिहरूले व्यापक रूपमा प्रशंसा गरेका छन्। गत सेप्टेम्बरको हमास आक्रमणलाई आतंकवादको रूपमा निन्दा गर्ने उनी पहिलो गैरपश्चिमी नेता भएकाले इजरायलले पनि मोदीको विचारलाई सम्मान गर्छ।

किन भारतको निर्वाचन अद्वितीय छ ?

आमनिर्वाचनमा वर्तमान विश्व नेताहरूलाई 'लेम डक'जस्तै व्यवहार गर्ने चलन छ। तर, मोदीको सन्दर्भमा भने फरक देखिन्छ। विश्वका धेरै नेताहरूले चुनाव सकिएपछि उनी सत्तामा फर्कने अपेक्षा गरिरहेका छन्। प्रश्न यो छ कि यदि मोदीले चुनाव जित्ने व्यापक अपेक्षा गरिएको छ भने यो लोकतान्त्रिक अभ्यासले अझै पनि व्यापक अन्तर्राष्ट्रिय चासोलाई किन आकर्षित गरिरहेको



सन् २०४७ सम्ममा भारतलाई विकसित देश बनाउने प्रधानमन्त्री नरेन्द्र मोदीको 'विकसित भारत' दृष्टिकोणले भारतीय मतदाता मात्रै होइन, विश्वलाई नै तरंगित पारेको छ

छ ? पहिलो त भारतको विशाल आकार, जटिलता र बहुदलीय र बहुजातीय चरित्रले आमचुनावलाई अद्वितीय बनाउँछ। धेरै अन्तर्राष्ट्रिय पर्यवेक्षकका लागि रहस्य बनेको निर्वाचनलाई भारतको निर्वाचन आयोग (इसिआई) कसरी सफलतापूर्वक सम्पन्न गर्न सफल भएको छ ?

अमेरिकाको मानव अधिकार संगठन फ्रिडम हाउसले भारतमा चुनाव धेरै हदसम्म स्वतन्त्र र निष्पक्ष भएको विश्वास गर्दछ। प्रतिवेदनमा यो पनि भनिएको छ, 'निर्वाचन आयोगलाई सामान्यतया सम्मान गरिन्छ र अनुचित राजनीतिक हस्तक्षेपविना काम गरेको मानिन्छ।' तर, यसले भनेको छ, 'हालैका वर्षमा यसको निष्पक्षता र योग्यतामाथि प्रश्न उठाइएको छ। भारतको निर्वाचन आयोग (इसिआई) यसपटक स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्न सक्षम छ कि छैन भनेर अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले नजिकबाट हेरिरहेका छन्।' सन् १९४७ मा स्वतन्त्र भएदेखि धेरै चुनौतीका बाबजुद भारत गर्वका साथ लोकतन्त्रको जननीका रूपमा रहेको छ। यो पूर्ण छैन, तर राज्य र केन्द्रीयस्तरमा सरकार मतपत्रद्वारा परिवर्तन हुन्छ। बढ्दो आलोचनाका बाबजुद, भारतमा संविधानलाई अझै पनि व्यापक रूपमा सम्मान गरिन्छ र यसका प्रावधान स्वतन्त्र न्यायपालिकाद्वारा कडा रूपमा संरक्षित छन्।

तर, आलोचक (स्वदेश तथा विदेशमा) भाजपा नेतृत्वले आफ्ना सदस्यद्वारा घृणायुक्त भाषणको धारणालाई सम्बोधन गरोस्, असहमतिप्रति बढी सहनशील बनोस् र पार्टीलाई समावेशी संगठन बनोस् भन्ने चाहन्छन्। प्रज्ञा ठाकुर, रमेश विदुरी र परवेश वर्माजस्ता आफ्ना केही विवादास्पद सदस्यलाई लोकसभा टिकट अस्वीकार गरेर भाजपाले घृणायुक्त भाषणको मुद्दामा संवेदनशील भएको संकेत गरेको छ। तर, पार्टीले धार्मिक अल्पसंख्यकको थप प्रतिनिधि बन्न कुनै प्रयास गर्छ कि गर्दैन त्यो भने हेर्न बाँकी नै छ।

मोदीको लोकप्रियता

अहिलेको जनमत सर्वेक्षणले देखाएजस्तै मोदी साँच्चै लोकप्रिय छन् कि छैनन् भन्ने कुरा चुनावी नतिजाले देखाउन सक्छ। अमेरिका र बेलायतका नेताहरूको अनुमोदन रेटिङ (दुई प्रमुख लोकतान्त्रिक देश यस वर्ष चुनावमा जाँदै छन्) क्रमशः ४० प्रतिशत र २५ प्रतिशत छ। यसको तुलनामा फेब्रुअरीमा भएको इप्सोस इन्डिया बसको सर्वेक्षणले मोदीको अनुमोदन रेटिङ ७५ प्रतिशत पुगेको देखाएको छ।

विदेश भ्रमणका क्रममा उनले सम्बोधन गर्ने ठूला सभाबाट भारतीय डायस्पोरामा मोदीको लोकप्रियतालाई ध्यानपूर्वक परिष्कृत गरिएको छ। यसले अमेरिका र बेलायतजस्ता भारतका पश्चिमी साझेदारलाई प्रभावित गरेको छ, जहाँका नेताहरूले यी बैठकमा भाग लिएका छन्। अमेरिकामा झन्डै ५० लाख भारतीय र बेलायतमा १५ लाखको बसोवास भएकाले केही निर्वाचन क्षेत्रमा डायस्पोरा भोटले अर्थ राख्न सक्छ। मोदी डायस्पोरामा विश्वव्यापी रूपमा लोकप्रिय छन् भनेर सुझाव दिनु अव्यावहारिक हुनेछ, तर विदेशमा बस्ने धेरै भारतीयले उनीहरूले मतदान गर्न सक्नेभन्दा भारतीय चुनावमा बढी चासो लिन्छन्।

भारतीय अर्थतन्त्र

विश्वका दर्शकले देशमा ध्यान दिनुको अर्को मुख्य कारण भारतीय अर्थतन्त्र हो। यो भारतको आकार मात्रै होइन, प्रमुख देशमाझ सबैभन्दा छिटो बढ्दो अर्थतन्त्रको रूपमा पनि छ। युक्रेनको युद्धले अधिकांश युरोपेली अर्थतन्त्रलाई प्रतिकूल असर गरेको छ जहाँ रुसी ग्यासमा प्रतिबन्धले जीवनको लागतको संकट निम्त्याएको छ।

सी जिनपिङ सरकारले पुनरुत्थान गर्ने प्रयासका बाबजुद चीनको अर्थतन्त्र (विश्वको दोस्रो ठूलो) पनि कोभिड-१९ महामारीपछि संघर्ष गरिरहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को प्रक्षेपणमा यस वर्ष चीनको जिडिपी वृद्धिको ४.६ मात्र छ। यसको विपरीत भारतका लागि ६.५ प्रतिशत प्रक्षेपण गरिएको छ।

बलियो अर्थतन्त्रले भारतका लागि मात्र होइन, यसको विशालबजारको फाइदा लिन चाहने अन्य देशका लागि पनि नयाँ अवसर खोलेको छ। त्यसका लागि स्थिर राजनीतिक र व्यापारमैत्री वातावरण चाहिन्छ र मोदी त्यो उपलब्ध गराउन इच्छुक छन्। सन् २०४७ सम्ममा भारतलाई विकसित देश बनाउने उनको 'विकसित भारत' दृष्टिकोणले भारतीय मतदातालाई मात्रै होइन, विश्वलाई पनि तरंगित गरेको छ।

विभिन्न देशसँग व्यापार सम्झौता

दिल्लीले गत वर्ष फेब्रुअरीदेखि युएई, अस्ट्रेलिया र युरोपेली स्वतन्त्र व्यापार संघ (इएफटिए)सँग तीनवटा स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेको छ। इयू र बेलायत भारतसँग त्यस्ता सम्झौता गर्ने अन्य धेरै राष्ट्रमध्येका छन्। बेलायती प्रधानमन्त्री ऋषि सुनक आफ्नो पदमा रहँदा नयाँदिल्लीसँग अनुकूल सम्झौता गर्न इच्छुक छन्, यद्यपि भारतीय पोस्ट स्टडी वर्क भिसामा सहुलियत नदिई यो सम्भव छैन। मोदीले अस्ट्रेलियामा रहेका भारतीय विद्यार्थीका लागि पनि यस्तै प्रावधान सुरक्षित गर्न सफल भएका छन्।

फाइनान्सियल टाइम्सले उल्लेख गरेझैं, 'भारतको व्यापार रणनीतिमा स्पष्ट ढाँचा देखापरेको छ, यदि कम्पनी वा देशहरू विश्वको पाँचौं ठूलो अर्थतन्त्रको ठूला र बढ्दो बजारमा स्वतन्त्र पहुँच चाहन्छन् भने उनीहरूले आदान-प्रदानको प्रस्ताव गर्नुपर्छ।' यस निर्वाचनमा कमजोर प्रतिपक्षसँगै विदेशी लगानीकर्ताहरूले यो सरकारसँग व्यापार गर्नुको तत्काल विकल्प देखिँदैन। भारतका ठूला व्यवसायमा राहुल गान्धीको बारम्बार आक्रमणलाई वैदेशिक व्यापारका लागि सहयोगी मानिएको छैन।

एनडिटिभीका लागि लन्डनस्थित पत्रकार नरेश कौशिकको आलेख

इतिहासमा आज

मार्च २६



सन् २००० : भ्लादिमिर पुटिन रुसको राष्ट्रपतिमा निर्वाचित। रुसलाई सन् १९९० मा आर्थिक संकटबाट बाहिर निकालेकोमा उनको प्रशंसा गरिन्छ। धेरैले उनी अधिनायकवादी र अलोकतान्त्रिक भनेर आलोचना गर्दै आएका छन्।

- **सन् १९७५** : जैविक हतियार महासन्धि लागू। सन्धिले जैविक र विषाक्त हतियारको विकास, उत्पादन र भण्डारणमा प्रतिबन्ध लगाएको छ। यसलाई अहिले विश्वका अधिकांश देशले अनुमोदन गरिसकेका छन्।
- **सन् १९७९** : इजरायल र इजिप्टबीचको शान्ति सम्झौतामा हस्ताक्षर। इजिप्टका राष्ट्रपति अनवर अल सादात र इजरायलका प्रधानमन्त्री मेनाकेम बेगिनले दुई देशबीचको ३० वर्षदेखि चलेको युद्ध अन्त्य गर्ने सन्धिमा हस्ताक्षर गरे।
- **सन् १९९१** : चार दक्षिण अमेरिकी देशले मर्कोसुर स्थापना गरे। अर्जेन्टिना, ब्राजिल, उरुग्वे र पाराग्वे उक्त साझा बजारका संस्थापक सदस्य थिए।
- **सन् १९९५** : सेन्जेन सम्झौता लागू। सम्झौताले सेन्जेन क्षेत्रभित्र युरोपका अधिकांश भागलाई समेट्छ।

विश्व संक्षेप

६० लाख अफगानीलाई सहायता

काबुल/ अफगानिस्तानमा ६० लाख मानिसले खाद्य सहायता प्राप्त गरेका छन्। देशका ६० लाख मानिसले फेब्रुअरीमा खाद्य सहायता प्राप्त गरेको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) लाई उद्धृत गर्दै अफगानी समाचार संस्था खामा प्रेसले जनाएको हो। अफगानी बालबालिकालाई खाना तथा पोषण उपलब्ध गराउने आवश्यकता पूरा गर्न यो सहायता प्रदान गरिएको हो। केही निजी दाता र सहयोगी देशको आर्थिक सहयोगमा उक्त खाद्य सहायता प्रदान गरिएको बताइएको छ।

'म्यान्मारमा तत्काल निर्वाचन हुँदैन'

नापिद/ म्यान्मारमा तत्काल अर्को आमनिर्वाचन नहुने भएको छ। सेनाले आफ्नो शासनविरुद्ध बढ्दो हिंसालाई नियन्त्रण गर्न संघर्ष गरिरहेका वेला म्यान्मारमा अर्को राष्ट्रव्यापी निर्वाचन गर्न सक्षम हुन नसक्ने जुन्ता प्रमुखले सोमबार प्रकाशित टिप्पणीमा स्वीकार गरेका छन्। सन् २०२१ फेब्रुअरीमा सत्ताकब्जा गरेपछि सेनाले निर्वाचन गर्न धेरै वाचा गरेको छ, तर मुलुकका धेरै भागामा विरोधीहरूसँग लड्न उसले बारम्बार आपत्कालीन अवस्था घोषणा गरेको छ।

Gandaki Province Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate

Infrastructure Development Office
Beni, Myagdi

Invitation for Online Bids

Date of publication: 2024 March 26th (2080 Chaitra 13th)

Infrastructure Development Office, Myagdi invites electronic / online bids only from Nepalese eligible bidders for the construction of ***project mentioned below*** under National Competitive **Single Stage, Double Envelope** Bidding procedures. All other information and bid documents can be obtained from PPMO website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit e-bid only as per instructions within mentioned period.

S. N.	Name of Project	Contract ID	Cost of Bid Document (NRs)	Bid Security (NRs.)	Bid Security Validity	Other Requirements
1	Upgrading of Darbang Adhibhara Dandagaun Sole Taman Burtibang Road (3+000-6+000)	IDO/MYAGDI/ NCB/ W/ UG/05/2080/81	5,000	20,90,000	120 days after the last date of submission of bids	Refer to bid document.

Pre-Bid Meeting : 2024 April 12th, 13:00 hr
Bid Opening : 2024 April 25th, 13:00 hr
Bid Submission deadline : 2024 April 25th, 12:00 hr

Information to deposit the cost of bidding document in the bank:
Name of Bank: Nepal Bank Limited, Beni, **Name of Office:** Infrastructure Development Office, Myagdi
Office Code No.: 3370144014, **Office Account No.:** 27302000001001000001, **Rajaswa Shirsak No.:** 14229

मेचीनगर नगर कार्यपालिकाको कार्यालय
मेचीनगर नगरपालिका
इट्टाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

आर्थिक प्रस्ताब खोल्ने सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/११

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमका निर्माण कार्यको लागि मिति २०८०/०९/२२ गतेको https://www.bolpatra.gov.np/egp र नया पत्रिका राष्ट्रियदैनिक मा प्रकाशित सुचना अनुसार तपसिल योजनाको लागि लागि ई-बिड मार्फत दाखिला भएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिबाट प्राबिधिक प्रस्तावको मुल्यांकन पश्चात तपसिल मा उल्लेखित बोलपत्रदाताहरु प्राबिधिक मुल्यांकनमा सफल भएको सिफारिस भएको हुदा ,सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताब मिति २०८०/१२/१८ गते दिनको २ :०० बजे यस मेचीनगर नगरपालिकाको कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र .स	बोलपत्र प्रकाशित मिति	ठेक्का नं	योजनाको नाम	प्राबिधिक प्रस्तावमा सफल बोलपत्रको नाम	बोलपत्रको किसिम
१	२०८० पौष २२	NP-DUDBC-400270-CW-RFB	Upgradation of Sahid Marg (0+000 to 5+470)	1. Lama Construction Company Pvt. Ltd., Nepal 2. Baniya Nirman Sewa Pvt. Ltd., Nepal 3. Apex-Khanal JV 4. Rautaha-Dragon JV 5. Ashish-Aashirbad JV 6. NNT Developers Pvt. Ltd., India 7. Kankai International Builders Pvt. Ltd., Nepal	Works NCB

प्रमुख प्रशासकिय अधिकृत

एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एन आई सी एशिया ग्रोथ फण्ड २
धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त
२०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८० फाल्गुण मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	३३९,२१२,८९०	२६०,२०९,००७
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१९,४०६,१६७	३,७४६,१२२
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१२५,०००,०००	१२५,०००,०००
	कुल लगानी (क)	**४८३,६१९,०५८**	**३८८,५५५,१२५**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	४१३,८७४,२८३	४६१,९४४,४०४
२	अन्य सम्पत्ति	४,७५१,९७०	४९,३२१,५४४
	जम्मा (ख)	**४१८,६२६,२५३**	**५११,२६५,९४८**
	चालु दायित्व		
१	चालु दायित्व	१,२८७,०६४	-
२	भुक्तानी दिनुपर्ने शुल्क	१२०,५९७	२६२,८५३
	जम्मा (ग)	**१,४०७,६६१**	**२६२,८५३**
	कुल सम्पत्ति (क+ख-ग)	**५००,८३७,६५०**	**८५५,५५८,२२४**
१	योजना व्यवस्थापक शुल्क	१,०७३,६०१	१,०७२,५५३
२	डिपोजीटरी शुल्क	१४३,१४७	१४३,००७
३	कोष सुपरीवेक्षक शुल्क	७१,५७३	७१,५०४
	खुद सम्पत्ति	**८५५,५४५,३२५**	**८५८,६७१,१६१**
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	९०,५००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**५.५४**	**५.५३**

२०८० फाल्गुण मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	४,४१४,६८९	३,६३६,८९७
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(३,६४९,५८९)	(५,६६९,०२५)
	जम्मा आम्दानी	**७६५,१००**	**(२,०३२,१२८)**
	खर्च		
१	सुचना तथा प्रकाशन खर्च	३६,५२०	२६,८४०
२	बैंक शुल्क	९५	७०
३	योजना व्यवस्थापन शुल्क	३,४४२,४४४	२,३६८,८४३
४	डिपोजीटरी शुल्क	४५८,९९३	३१५,८४६
५	कोष सुपरीवेक्षक शुल्क	२२९,४९६	१५७,९२३
६	योजना लेखा परीक्षण शुल्क	४८,४२९	३२,२८६
७	पूर्व सन्चालन स्वर्च	१,९६५,८९५	१,३६१,००४
८	सफ्टवेयर स्वर्च	३३,९००	३३,९००
	जम्मा खर्च	**६,२५५,७७१**	**४,२५६,७१२**
	कुल नाफा/(नोक्सान)	**(५,४५०,६७१)**	**(६,३२८,८३५)**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० फाल्गुण मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शूल्क समेत) रु.३६४,२९८,६०८.५३ रहेको छ।

२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमाजिम परिवर्तन हुन सक्नेछ।

सुचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	२३,४९७	४,६०३,०६२
२	ग्लोबल आइएमई बैंक लिमिटेड	२७,८९३	५,४११,२४२
३	प्राइम कमर्सियल बैंक लिमिटेड	४०,४९६	८,१३१,५९७
४	सानिमा बैंक लिमिटेड	३०,४९९	७,६०६,४५१
५	प्रभु बैंक लिमिटेड	३५,९९६	५,४१०,१९९
६	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	३३,६०१	५,७७९,३७२
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	४१,०६२	१५,४४३,४१८
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	३४,५१३	१२,७४८,७४८
३	शाइन रेसुन्गा डेभलपमेण्ट बैंक लिमिटेड	३५,०००	१३,४७५,०००
४	लुम्बिनी विकास बैंक लिमिटेड	१५,०८०	५,९८६,७६०
	ग) हाइड्रोपावर कम्पनी		
१	सानिमा माई हाइड्रोपावर लिमिटेड	१०,०००	३,४७०,०००
	घ) लघुवित्त		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१६,४४५	१४,४८८,०४५
२	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	९,८९२	८,६०६,०४०
३	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१६,१२५	१०,२२३,२५०
	ङ) जीवन विमा कम्पनी		
१	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,०८६	१४,०६६,२२४
२	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२२,१६६	१०,६६१,८४६
३	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	११,९९७	६,६६७,९३३
४	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	२५,०००	१०,६७५,०००
५	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	१०,०००	४,७२०,०००
६	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१४,९९१	९,४५९,३२१
७	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३०,५००	१८,३००,०००
८	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,०००	१,०५३,८००
	च) निर्जीवन विमा कम्पनी		
१	नेको इन्स्युरेन्स लिमिटेड	१८,५९१	१५,६१२,७२२
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	२४,९९७	१९,३९७,६७२
३	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२१,२१३	१८,५६१,३७५
४	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१८,५९०	१५,१३२,२६०
५	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	१५,०००	८,२६५,०००
६	प्रभु इन्स्योरेन्स लिमिटेड	१०,४३६	८,२८६,१८४
७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	५,१००	३,१०५,९००
८	आईजीइ प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	१२,०००	६,७३२,०००
	छ) म्युचुअल फण्ड		
१	कुमारी सबल योजना	३,०००,०००	३०,०००,०००
	ज) अन्य		
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१९,७९५	१७,१४२,४७०
	जम्मा	**३,६५६,५६१**	**३३५,२१२,८६०**

कोष प्रवर्द्धक:
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फयाक्सः ९७७-०१-५१११७८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरी:
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५४०५९९४, फयाक्सः ९७७-१-५४०६५४८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौं, फोनं. ४-५८५२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०५/०८०/८१

पहिलो पटक प्रकाशित मिति २०८०/१२/१३

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने घ्योईलिसाङ शान्ति वाटिकाको शौचालय माथि तल्ला थप र सर्वेश्वर महादेव मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्यहरु गर्न आवश्यक परेकोले उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट रु. १० को टिकट/नोट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ।

शर्तहरु

१. वोलपत्रको ग्राह्यता (इलिजिबिलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) Bid security (Bank Guarantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई घ्योईलिसाङ शान्ति वाटिकाको शौचालय माथि तल्ला थप र सर्वेश्वर महादेव मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्यहरुको लागि यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनभित्र वोलपत्र खरिद गरी १६ औ दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ। वोलपत्रको खाम बाहिर के सम्बन्धी बोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी बोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम नबिल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्ने गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।
७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको,नोटरी नभएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरु वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।
१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।
११. उपरोक्त शर्तहरु बाहेकको अन्य शर्तहरु तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ।

तपशिल

सि.नं. / ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
१/०८०/८१	घ्योईलिसाङ शान्ति वाटिकाको शौचालय माथि तल्ला थप गर्ने कार्य	२.५ प्रतिशत	१४,९८,७११.२५	१०००
२/०८०/८१	सर्वेश्वर महादेव मन्दिर प्रवेश मार्गमा बाटो ढलान गर्ने कार्य	२.५ प्रतिशत	१३,१४,६२२.९०	१०००

समुदायस्तरमा गरिएको आलुखेती सफल

लमजुङमा **शान्ता कमली**



लमजुङमा यस वर्ष हिउँदे आलु उत्पादन बढेपछि किसान खुसी भएका छन् । कृषि ज्ञानकेन्द्र लमजुङको सहयोगमा राइनास, मध्यनेपाल र सुन्दरबजार नगरपालिका तथा क्व्होंलसोथार र मर्स्याङ्दी गाउँपालिकामा व्यावसायिक आलुखेती गरिएको छ । लमजुङको सात सय ६८ रोपनी जमिनमा गरिएको आलुखेतीले राम्रो उत्पादन दिएको कृषि ज्ञानकेन्द्र लमजुङका प्रमुख सुदीप खतिवडाले बताए । केन्द्रले किसानलाई ७५ प्रतिशत अनुदानमा खुमल उज्ज्वल र खुमल उपहार नामक आलुको बिउ उपलब्ध गराउनुका साथै सिँचाइ र पूर्वाधारमा ८५ प्रतिशत, यान्त्रीकरणमा ७५ प्रतिशत र ढुवानीमा ५० प्रतिशत सहयोग गरिएको उनले जानकारी दिए ।

लमजुङको राइनास नगरपालिकाको वडा नं ३, ४ र ६ को पाँच सय आठ रोपनी क्षेत्रफल जमिनमा आलुखेती गरिएको छ । त्यहाँका ६ वटा कृषक समूहले व्यावसायिक आलुखेती गरेका छन् । त्यस्तै, सुन्दरबजार नगरपालिकाको धुसेनीमा दुईवटा समूहले सय रोपनीमा र मध्यनेपालको नेटामा एउटा कृषक समूहले ५० रोपनी क्षेत्रफलमा आलुखेती गरेको छ । क्वहोंलासोथारको घाम्राङमा एक सय रोपनी क्षेत्रफल जमिनमा बर्खे आलुको बिउ उत्पादनको कार्यक्रम चलिरहेको छ भने मर्स्याङ्दी गाउँपालिकाको च्याम्चेमा ८० रोपनी र छिनखोलाको ८० रोपनी जमिनमा बर्खे आलुखेती गरिएको छ । कृषि ज्ञानकेन्द्रका बाली संरक्षण अधिकृत विजय पौडेलका अनुसार समुदायस्तरमा गरिएको आलुखेती लमजुङमा सफल भएको बताए । 'एक बोरा बिउ लगाएको ठाउँमा २२ बोरासम्म आलु उत्पादन भएको छ । विभिन्न कृषि समूह एवं सहकारीलाई कृषि ज्ञानकेन्द्रले आलुको बिउ, यान्त्रीकरण, सिँचाइ र अन्य बन्दोबस्तीका लागि अनुदान सहयोग उपलब्ध गराएपछि आलुखेतीमा किसान हौसिएका छन् । कृषि ज्ञानकेन्द्र लमजुङले किसानले उत्पादन गरेको आलुको बजारीकरणका लागि बुटवलको फस्ट च्वाइस फुडसँग सम्झौता गरेको छ । सोही सम्झौताअनुसार उक्त कम्पनीले किसानको खेतबारीमै पुगेर उत्पादित आलु खरिद गरेको हो ।

बारीको आलु खनेर नभ्याउँदै खरिद गर्ने कम्पनीको ट्रक खेतमै पुगेपछि राइनास-३, टिमुरेस्थित ढम्केटिमुरे तरकारी तथा फलफूल र पशुपालन बहुद्देश्यीय कृषक समूहका अध्यक्ष सुकदेव पौडेल अचम्मित छन् । समूहले कृषि ज्ञानकेन्द्र लमजुङको सहयोगमा टिमुरेको ७० रोपनी क्षेत्रफलमा हिउँदे आलु लगाएको थियो ।

नेपालगन्जको वाटरपार्कमा मोटरबोट सञ्चालन



बाँके/ नेपालगन्जको वाटरपार्कमा मोटरबोट सञ्चालनमा ल्याइएको छ । एक करोड आठ लाख रुपैयाँ लगानीमा मोटरबोट सेवाप्रदायक कम्पनी बोटेबोराले नेपालगन्जस्थित वाटरपार्कमा सेवा विस्तार गरेको हो । अहिले परीक्षण गरिरहेको कम्पनीले आउँदो वैशाखमा उद्घाटन गर्ने तयारी गरेको सञ्चालक बिबी (विष्णु) ढकालले जानकारी दिए ।

खासै प्रयोगमा नआएको नेपालगन्जको वाटरपार्क नामक पोखरीलाई मोटरबोट चलाउन योग्य बनाउन करिब दुई महिना समय लागेको उनले बताए । वाटरपार्कमा पानीको सतह कायम राख्न कम्पनीले नै बोरिङ जडान गरेको छ । कम्पनीले वाटरपार्कमा मोटरबोट सञ्चालन गरेबापत नेपालगन्ज महानगरपालिकालाई वार्षिक २५ लाख बुझाउने सम्झौता भएको ढकालले जानकारी दिए । नेपालगन्जको सोही पार्कमा जेट स्की, पाँचवटा पावर स्पोर्टस्, फ्लोटिङ रेस्टुरेन्ट, अपोजिट बन्जी, साइक्लिङ, जिपलाइनलगायत सेवासमेत विस्तार गर्ने योजना रहेको ढकालले बताए ।

यसअघि चितवनको नारायणघाट र देवघाट साथै सर्लाहीको भरततालमा पर्यटकलाई मोटरबोट सेवा दिँदै आएको कम्पनीले छिट्टै सुर्खेतको बुलबुले तालमा पनि मोटरबोट सञ्चालनमा ल्याउने योजना बनाएको उनले जानकारी दिए ।

एकपटक मोटरबोट चढ्दा दुई सय ५० रुपैयाँ तिर्नुपर्छ । 'एक हजार दुई सय वर्गमिटरको तालमा पर्यटकले मोटरबोटमा घुम्दै चार किलोमिटर दूरी सयर गर्न सक्नेछन्,' उनले भने ।

Civil Aviation Authority of Nepal
Rescue and Fire Fighting Department
Babarmahal, Kathmandu, Nepal

Re-Invitation for Sealed Quotation

Second Publication Date:2080/12/13 (26th Mar, 2024)

S. N.	Bid Notice No.	Descriptions	Bid Bond Validity Period	Cost of Bid Document (non-refundable)	Bid Security amounts	Last date of Submission	Bid Opening Date
1	SQ.-03 RFFD-080/81	Supply and Delivery of Smoke Ejector	75 days	NRs 1000.00+VAT	NRs 35,300/-	2080/12/28 12:00 P.M. Noon	2080/12/28 till 14:00 P.M.

For detail information visit or contact: rffdept@caanepal.gov.np., Ph. No. 977-01-5319434, 01-5362416

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौ, फोनं. ४५८४२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

मिति २०८०/१२/१३

यस समितिबाट मिति २०८०/१०/०८ गते पहिलो पटक प्रकाशित राष्ट्रिय दैनिक नयाँ पत्रिकामा देहायको श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई दैनिक ८ घन्टा सरसफाई गर्न १२ जना कुचिकार प्रदान गर्ने कार्य गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र यस समितिको मिति २०८०/१२/०९ को बोर्ड बैठकको निर्णयानुसार स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	१/०८०/०८१	श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई दैनिक ८ घन्टा सरसफाई गर्न १२ जना कुचिकार प्रदान गर्ने कार्य	३३,१३,७९२.८०	श्री डिलक्स मल्टी कम्पनी प्रा.लि.सुकेधारा-०४,काठमाण्डौ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: भरतपुर, चितवन
फोन नं.: ०५६-६६२००६०

को

शाखा कार्यालय भरतपुर, चितवनको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१२/१३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/११/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइमेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६१/०२/३२ मा दर्ता नं. २८७६३/०६०/०६१ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **एग्री केयर नेपाल प्रा.लि.**

धितोमा रहेको सम्पतिको विवरण

१. **एग्री केयर नेपाल प्रा.लि.** को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं.४/ख) (हाल भरतपुर म.न.पा. वडा नं.६) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१०-० (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **कृष्ण प्रसाद अधिकारीको** नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं.४/ख) (हाल भरतपुर म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७८० को क्षेत्रफल ०-२-१०-० (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **प्रेम कुमारी अधिकारीको** नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक नारायणगढ गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं.९/क) स्थित कित्ता नं. ५४३, ५४४, ७४२, ७४४ र ७६७ को क्रमशः क्षेत्रफल ०-०-१५.७५-०, ०-०-४.२५-०, ०-०-२.५-०, ०-०-३-० र ०-१-८-० (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. **एग्री केयर नेपाल प्रा.लि.** को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ९(सिट नं.९/क) (हाल भरतपुर म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २२१०, २२०९, १२६०, १२५९ र १२५८ को क्रमशः क्षेत्रफल ०-३-११.५-०, ०-०-१३-०, ०-३-१२-०, ०-२-३.५-० र ०-१-८-० (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

५. यस बैंकको हितमा गारिदिएको मौज्दात, प्लान्ट, मेशिनरीको हाइपोथिकेशन तथा चल अचल सम्पति र अमुर्त सम्पति माथिको हक समेत ।

नोट : उल्लेखित धितोमा रहेको सम्पतिको विवरण नं. २ र ३ मा रहेको सम्पति ऋणीहरु एग्री केयर नेपाल प्रा.लि., लाइम केयर नेपाल प्रा.लि. र ग्रीन हाइजिन नेपाल प्रा.लि. को लागि समेत धितोमा रहेको ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५४/०९/०४ मा दर्ता नं. ७८२४/०५४/५५ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **लाइम केयर नेपाल प्रा.लि.**

धितोमा रहेको सम्पतिको विवरण

१. **लाइम केयर नेपाल प्रा.लि.** को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं.४/ख) (हाल भरतपुर म.न.पा.वडा नं. ६) स्थित कित्ता नं. ३०० र ३०१ को क्रमशः क्षेत्रफल ०-३-१४-० र ०-०-६-० (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. यस बैंकको हितमा गारिदिएको मौज्दात, प्लान्ट, मेशिनरीको हाइपोथिकेशन तथा चल अचल सम्पति र अमुर्त सम्पति माथिको हक समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/११/०३ मा दर्ता नं. ९०७०८/०६८/०६९ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **ग्रीन हाइजिन नेपाल प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मायानाथ अधिकारीको नाति, सरदास्वर अधिकारीको छोरा, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **कृष्ण प्रसाद अधिकारी (ना.प्र.प.नं. ३४७/३६८७, चितवन)**

२. सरदास्वर अधिकारीको बुहारी, कृष्ण प्रसाद अधिकारीको पत्नी, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रेम कुमारी अधिकारी (ना.प्र.प.नं. १६८२, चितवन)**

३. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **रविन अधिकारी (ना.प्र.प.नं. ६६१८/०६०, चितवन)**

४. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रविन अधिकारी (ना.प्र.प.नं. ३५-६५२१/०६१, चितवन)**

नोट: माथि उल्लेखित ऋणी नं. १, २ र ३ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।

धितोमा रहेको सम्पतिको विवरण

माथि उल्लेखित ऋणि नं. १ को धितोमा रहेको सम्पूर्ण सम्पति ऋणी ग्रीन हाइजिन नेपाल प्रा.लि. को लागि समेत धितोमा रहेको

८. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम मिति २०६६/१०/१३ मा दर्ता नं.१८/२०६६/०६० कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **नेपाल मिनिरल एण्ड फर्टिलाइजर उद्योग**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मायानाथ अधिकारीको नाति, सरदास्वर अधिकारीको छोरा, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **कृष्ण प्रसाद अधिकारी (ना.प्र.प.नं. ३४७/३६८७, चितवन)**

२. सरदास्वर अधिकारीको बुहारी, कृष्ण प्रसाद अधिकारीको पत्नी, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रेम कुमारी अधिकारी (ना.प्र.प.नं. १६८२, चितवन)**

३. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **रविन अधिकारी (ना.प्र.प.नं. ६६१८/०६०, चितवन)**

४. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रविन अधिकारी (ना.प्र.प.नं. ३५-६५२१/०६१, चितवन)**

५. जयाभद्र भण्डारीको नाति, रुपानन्द भण्डारीको छोरा, चितवन जिल्ला, शिशवार गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ६,बस्ने **हिमलाल भण्डारी (ना.प्र.प.नं. ३५-२७५७, चितवन)**

६. रुपानन्द भण्डारीको बुहारी, हिमलाल भण्डारीको पत्नी, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **सिता कुमारी भण्डारी (ना.प्र.प.नं. ५२३, चितवन)**

धितोमा रहेको सम्पतिको विवरण

१. **हिम लाल भण्डारीको** नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक नारायणगढ गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं.९/क) (हाल भरतपुर म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४१६, ७४३, ५६३, ५६५, ७४५ र ७७६ को क्रमशः क्षेत्रफल ०-०-१०-०, ०-२-१७.५-०, ०-०-५.२५-०, ०-०-१४.७५-०, ०-०-१.७५-० र ०-१-०-० (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. यस बैंकको हितमा गारिदिएको मौज्दात, प्लान्ट, मेशिनरीको हाइपोथिकेशन तथा चल अचल सम्पति र अमुर्त सम्पति माथिको हक समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१२/१३ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/१२/२७ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/१२/२८ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय भरतपुर, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १३ चैत ०८०

दुई वर्षको अनुसन्धानपछि चिनियाँ धानको बिउले पायो मान्यता

एक सय ४२ जातका धान नेपाली कृषकका लागि उपलब्ध

भोजराज भण्डारी/नयाँ पत्रिका

दुई वर्षको अनुसन्धानपछि चिनियाँ धानको बिउ 'एचक्यू ००२' ले नेपालमा मान्यता पाएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले उक्त धानको बिउलाई मन्त्रीस्तरीय निर्णय गर्दै सूचीकृत गरेको हो। मन्त्रालयका अनुसार यो जातको धानको बिउ प्रतिहेक्टर आठदेखि नौ प्रतिमेट्रिकटन उत्पादन हुने अनुमान छ। मध्यपहाडी क्षेत्रमा उपयुक्त मानिने यो धान पहाडी क्षेत्रका लागि पहिलोपटक हाइब्रिडका रूपमा सिफारिस गरिएको बिउबिजन गुणस्तर केन्द्रका वरिष्ठ बाली विशेषज्ञ प्रकाश आचार्यले जानकारी दिए। उनले भने, 'चीनबाट विकास भएको यो धानलाई दुई वर्ष परीक्षण गर्दा नेपाली किसानका लागि उपयुक्त ठहरियो, यसले धान उत्पादन बढाउन नयाँ आयाम थप्नेछ।'

उनका अनुसार रोग र किरा कम लाग्ने यो बिउमा सिँचाइको धेरै आवश्यकता पर्दैन। यो धानलाई दोलखा र दैलेखमा दुई वर्षसम्म परीक्षण गरिएको थियो। यो धानको चामल मोटो र नटुक्रिने हुन्छ। चिनियाँ धानलाई पाँचखाल बीज भण्डार काभ्रे, राष्ट्रिय बाली प्रजनन तथा आनुवांशिक अनुसन्धान केन्द्रले सिफारिस गरेको थियो।

नेपालमा मान्यता पाउने चिनियाँ धानको संख्या दुईवटा पुगेको छ। १४ वर्षअघि ०६६ सालमा 'डिवाई १८' ले मान्यता पाएको थियो। तराईको भित्री मधेशमा यो धान प्रभावकारी देखिएको छ। प्रतिहेक्टर ९ दशमलव १७ मेट्रिकटनसम्म उत्पादन हुने मन्त्रालयको भनाइ छ। बाहिरबाट आयातीत धानलाई दुईदेखि तीन वर्षको परीक्षणपछि सीधै मन्त्रालयबाट सिफारिस गरिन्छ।

बिउबिजन गुणस्तर केन्द्रका वरिष्ठ बाली विशेषज्ञ प्रकाश आचार्य भन्छन्-



मध्यपहाडी क्षेत्रमा उपयुक्त मानिने चिनियाँ धान पहाडी क्षेत्रका लागि पहिलोपटक हाइब्रिडका रूपमा सिफारिस गरिएको छ। चीनबाट विकास भएको यो धानलाई दुई वर्ष परीक्षण गर्दा नेपाली किसानका लागि उपयुक्त ठहरियो, यसले धान उत्पादन बढाउन नयाँ आयाम थप्नेछ।

■ एक सय ४२ प्रकारका धान

कृषि मन्त्रालयमा हालसम्म एक सय ४२ वटा जातका धानका बिउ सूचीकृत गरिएका छन्। कृषि अनुसन्धान परिषद् नार्कले हिमाल, पहाड र तराईलाई केन्द्रित गरी ०२३ देखि ०७९ सालसम्म उक्त संख्यामा धानको बिउ सूचीकृत गरेको हो।

नेपालमै उन्मोचन गरिएका ७७ जातका धान रहेका छन् भने ६४ वटा जात भारतीय छन्। अन्य देशले विकास गरेको धानलाई दुई वर्षको परीक्षणपछि सूचीकृत गरी मान्यता दिइन्छ भने उन्मोचन गरिएको धानलाई तीन वर्षसम्म परीक्षण गरेर सूचीकृत गरिन्छ।

नेपाल बाली तथा आनुवांशिक केन्द्र नार्कले ०२३ देखि लगाउँदै आएको धानलाई बजारीकरण गर्न बन्द गरेको छ। ०२३ देखि ०४४ सालसम्म उत्पादन हुँदै आएका धानका ४४ प्रजातिका बिउ उत्पादनमा कमी, विभिन्न रोग, पानीको अभावलगायत कारणले विस्थापित भएका छन्। किसानले नरुचाएका कारण यी धान किसानबाट माग आउन छाडेको र उत्पादन घटेसँगै संरक्षणका लागि मात्र राखिएको छ। विशेष गरी आइआर-८, आइआर-२०, आइआर-२२, आइआर-२४, परावनीपुर-१, जया, चन्दिना, दुर्गालक्ष्मी, खजुरा-२, मल्लिकाजस्ता धानलाई हटाएको छ।

■ उच्च पहाडी क्षेत्रमा लगाइने धान

उच्च पहाडी क्षेत्रको ४ दशमलव ३० प्रतिशत क्षेत्रमा धान उत्पादन हुने गर्छ। हाल उक्त क्षेत्रमा प्रचलित धानमा चन्दननाथ-१, चन्दननाथ-३, ताइचुङ-१७६, ताइनुङ-२४२, हिमाली, छोमरोङ, कञ्चन, ताइनान-१, ताइनान-२ अहिले प्रचलनमा छन्। यी धान प्रतिहेक्टर सात प्रतिटनसम्म उत्पादन हुने गर्छ। यी उन्नत जातका धानलाई पहाडी क्षेत्रमा लगाइँदै आएको छ।

■ तराई क्षेत्रमा लगाइने धान

तराईका भूभागमा बर्खे र चैते धान गरी दुईपटक उत्पादन हुन्छ। हाल चैते धानहरूमा चैत-२, चैत-४, चैत-६, हर्दिनाथ-१, चैत-५, विन्देश्वरीजस्ता उन्नत जातका धान चैतमा लगाइन्छ।

विशेष गरी तराईमा बर्खे सिजनमा लगाइने धानअन्तर्गत सावित्री, मनसुली, जानकी, मकवानपुर-१, राधा-७, राधाकृष्ण-९, राधा-४, राधा-११, राधा-१२, रामपुर मनसुली, मिथिला, राम, बर्खे-३००४, सुनौली सुगन्धा, लल्का बासमती, हर्दिनाथ-२, तरहरा-१, सुक्खा-१, सुक्खा-२, सुक्खा-३, बर्खे-२०१४, साँवा मसुली, सुक्खा धान-४, सुक्खा-५, सुक्खा धान-६, राधा-१३, बहुगुणी-१, बहुगुणी धान-२, हर्दिनाथ-३ जस्ता उन्नत जातका धान छन्।

पश्चिम तराईका अधिकांश जिल्लामा पर्याप्त सिँचाइको सुविधा नभएका कारण किसानले पानी बढी चाहिने बासमती र स्यामजिराजस्ता स्थानीय जातको धानखेती गर्न छाडेका छन्। त्यसको विकल्पमा सुक्खा सहन सक्ने राधा-४, सुक्खा-१ देखि सुक्खा-६ सम्मका उन्नत जातका धानखेती गर्न थालेका छन्।

■ उत्पादनमा वृद्धि

पछिल्लो समय उन्नत जातको हाइब्रिड धानको प्रयोगले धान उत्पादन बढिरहेको छ। अघिल्लो वर्ष रोपाइँ नै कम हुँदाको समयमा समेत धान उत्पादन बढेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयकी प्रवक्ता सबनम सिवाकोटीले रैथाने धानलाई जोगाउँदै उन्नत जातको धानलाई प्राथमिकता दिइनुपर्ने मान्यताअनुरूप अघि बढेको बताइन्। उनले भनिन्, 'अहिले हाइब्रिड धानले हाम्रो उत्पादन बढाइरहेको छ, यसलाई अझ बढाउँदै लैजाने गरी मन्त्रालय योजनाबद्ध ढंगले लागेको छ।'

गत वर्ष देशभर कुल ५४ लाख ८६ हजार चार सय ७२ मेट्रिकटन धान उत्पादन भएको थियो। चालू आर्थिक वर्ष ०८०/८१ मा धानको उत्पादन ४ दशमलव ३३ प्रतिशतले बढेको सरकारी तथ्यांक छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार यो वर्ष देशभर ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन धान उत्पादन भएको छ। यो पछिल्लो चार वर्षको औसत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशत बढी हो।

सुरु भएन बजेट लेखन

चैतको मध्य भइसक्दा पनि अर्थ मन्त्रालयमा न त बजेट निर्माणको कोर टिम बन्न सकेको छ, न त कार्यतालिका नै

नयाँ पत्रिका

चैतको मध्य अवधिमा आइपुग्दासम्म पनि अर्थ मन्त्रालयले आगामी आवका लागि बजेट निर्माणको सुरुवात गर्न सकेको छैन। बजेट ल्याउन दुई महिना मात्रै बाँकी रहँदा अर्थ मन्त्रालयको बजेट व्यवस्थापन महाशाखाले बजेटको कार्यतालिकासमेत बनाएको छैन। नवनियुक्त अर्थमन्त्री वर्षमान पुनले सचिव र सहसचिव फेरबदल गर्ने सूचनाले बजेट निर्माणमा सक्रिय बन्न नसकेको अर्थ मन्त्रालयका एक अधिकारीले बताए।

उनले भने, 'पोहोर-परार यतिबेलासम्म बजेट निर्माणको कोर टिम बनिसकेको हुन्थ्यो। बजेट महाशाखाले त कार्यतालिका नै बनाएर काम सुरु गर्थ्यो।' कर्मचारीको सरुवा गर्ने विषयमा अर्थमन्त्रीले कुनै संकेत नदिएका कारण पनि अर्थ मन्त्रालयका कर्मचारी अन्योलमा रहेको उनको भनाइ छ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

२३ फागुनमा मन्त्रालय पदबहाली गरेका पुनले दुई साता बितिसक्दा प्रि-बजेटका गतिविधि सुरु गर्न सकेका छैनन्। निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रि-बजेटका सन्दर्भमा बजेटका सिद्धान्त र प्राथमिकता पेस गरिसकेका थिए। अहिले संसद्मा सोही दस्ताबेजमाथि छलफल भइरहेको छ। नयाँ गठबन्धनले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिसकेको छ। यस्तो कार्यक्रमलाई बजेट कार्यक्रममा ढाल्ने गरी विगतमा अलग्गै संरचना बनाउने प्रचलन रहेकाले मन्त्रीबाट थप निर्णय हुने अनुमान कर्मचारीको छ।

बजेट निर्माणका लागि यसअघि अर्थमन्त्रीले विज्ञ सल्लाहकार नियुक्त गर्ने र मौद्रिक नीतिसँग सामञ्जस्यता कायम राख्न नेपाल राष्ट्र बैंकबाट अधिकारीलाई काजमा तान्ने गरेका थिए। तर, अर्थमन्त्री पुनले सल्लाहकार नियुक्तिसमेत नगर्नुलाई अर्थका अधिकारीले चासोका रूपमा लिएका छन्।

पछिल्लो समय राजस्वको नीति तथा कार्यक्रम र राजस्वका दर तथा दायरामाथि छलफल गरी सुझाव दिन गठित राजस्व परामर्श समितिको पनि बैठक बस्न सकेको छैन। राजस्व सचिवको संयोजकत्वमा बस्ने यो समितिले विभिन्न उपसमितिमार्फत सरोकारवालाको सुझाव संकलन गरेर राजस्व सुधारको सुझावमूलक प्रतिवेदन तयार पार्ने गरेको छ। तर, नयाँ मन्त्रीले कर्मचारी सरुवा गर्ने सम्भावना रहने भएकाले बैठक बस्न नसकेको राजस्वका एक अधिकारीले पनि जानकारी दिए।

०७६ मा तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाको सिफारिसमा तत्काली मन्त्रिपरिषद्ले राजस्वसम्बन्धी नीति र दायरा विस्तारको सम्बन्धमा सुझाव दिन स्थायी संरचनाका रूपमा राजस्व परामर्श विकास समिति गठन गरेको थियो। तर, जनार्दन शर्मा अर्थमन्त्री भएसँगै यो समिति खारेज गरिएको थियो।

नेपालको लेखाप्रणाली उत्कृष्ट छ : विश्व बैंक उपाध्यक्ष



काठमाडौं/ विश्व बैंकले नेपालको लेखाप्रणाली धेरै उत्कृष्ट रहेको बताएको छ। विश्व बैंककी उपाध्यक्ष एवं फाइनान्स र अकाउन्ट हेर्ने निर्देशक पामेला ओ कोनेलले सोमबार अर्थमन्त्री वर्षमान पुन अनन्तसँगको भेटमा यस्तो बताएकी हुन्। नेपालको लेखाप्रणाली विश्वसनीय र व्यवस्थित रहेको उनको भनाइ छ। 'मैले केही दिनअघि महालेखा परीक्षकको कार्यालय र कोष तथा लेखा नियन्त्रण कार्यालयको भ्रमण गरेकी थिएँ,' उनले भनिन्, 'नेपालको लेखाप्रणाली धेरै विश्वसनीय र उत्कृष्ट रहेको पाएँ।'

लेखाप्रणालीमा अपनाइएको पेपरलेस पद्धतिले सुशासनका लागि प्रभावकारी काम गर्ने उनको भनाइ थियो। जवाफमा मन्त्री पुनले १२ वर्षअघि आफू पहिलोपटक अर्थमन्त्री भएका वेला राजस्व र लेखामा कम्प्युटरमा हिसाब राख्ने प्रविधि लागू गरेको स्मरण गर्दै परिवर्तित सन्दर्भमा थप प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने गरी सुधार गर्ने उल्लेख गरे।

मन्त्री पुनले नेपालको खर्च गर्ने क्षमता बढाउनुपर्ने आवश्यकता रहेको भन्दै त्यसका लागि जनशक्ति विकाससहित कार्यशैली सुधारका काम गर्ने कार्ययोजना मन्त्रालयले बनाएको जानकारी दिए। विकास आयोजनाका काम अघि बढाउने सिलसिलामा आउने समस्या समाधानका लागि अन्तरमन्त्रालय समन्वयका काममा पनि वर्तमान सरकार बनेयता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विशेष ध्यान दिँदै आएको उनको भनाइ थियो।

■ महासंघका अध्यक्ष ढकाल र कतारका राजदूतबीच भेट

नेपालसँगको द्विपक्षीय लगानी सम्झौतामा कतारको चासो



काठमाडौं/ कतारले नेपालसँग द्विपक्षीय लगानी सम्झौताका लागि चासो दिएको छ। आर्थिक एवं व्यापारिक सम्बन्धलाई थप विस्तार गर्ने भन्दै कतारले द्विपक्षीय लगानी सम्झौतामा चासो देखाएको हो।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र नेपालका लागि कतारका राजदूत मिसाल बिन मोहम्मद अल अन्सारीबीच सोमबार भएको भेटमा समेत यस विषयमा छलफल भएको महासंघले जनाएको छ।

भेटमा राजदूत अल अन्सारीले द्विपक्षीय लगानी सम्झौतामा गहिरो चासो व्यक्त गरेको महासंघले जनाएको छ। 'उनले यस्तो सम्झौताले लगानी संरक्षण, व्यापार प्रवर्द्धन र आर्थिक सहयोगलाई प्रोत्साहन गर्ने ढाँचा उपलब्ध गराउने बताएका छन्,' महासंघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'दुवै पक्षले सम्भावित फाइदाबारे छलफल गरे र थप कदम खोज्न सहमत भए।'

सो भेटवार्ता दुई देशबीचको आर्थिक सहयोग अभिवृद्धि र व्यापार साझेदारीलाई बढावा दिने विषयमा केन्द्रित भएको थियो। अध्यक्ष ढकालले नेपालमा लगानी प्रवर्द्धन गर्न आग्रह गरे। उनले राजदूतलाई नेपाल एक बढ्दो अर्थतन्त्र भएको र नेपालमा लगानीका लागि प्रशस्त अवसर रहेको बताए। उनले लगानीमैत्री वातावरण बनाउन सरकारले कानुन र नियमावली परिमार्जन गर्न निजी क्षेत्रसँग सहकार्य गरिरहेको पनि बताए।

महासंघ र कतार चेम्बरबीच एक संयुक्त व्यापार परिषद् स्थापना गर्ने योजनाको छलफल पनि भएको थियो। संयुक्त व्यापार परिषद्ले नेपाल र कतारबीचको सहकार्य र सूचना आदान-प्रदानलाई सहज बनाउने अपेक्षा गरिएको छ। काउन्सिलले एक-अर्काको बजार विस्तार गर्न संयुक्त पहलका लागि प्लेटफर्म प्रदान गर्ने अपेक्षा गरिएको छ। भेटमा दुवै पक्षले आर्थिक सम्बन्धलाई मजबुत बनाउने प्रतिबद्धता दोहोऱ्याए। महासंघ र कतार चेम्बरले संयुक्त व्यापार परिषद् सम्झौतामा हस्ताक्षर गर्न र लगानीका अवसरको विषयमा वार्ता जारी राख्ने प्रतिबद्धता जनाए।

निक्षेपउपर हकदावी गर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँ भनी मृतकका देहायका हकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्त खातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्र सःप्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने जानकारी गराइन्छ।

सि.नं.	मृतक खातावालको नाम	ठेगाना	खाता नं.	शाखा	मृत्यु भएको मिति	हकदाबी गर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता)
१.	**महेन्द्र मंडल** बाबु : देवी मंडल केवट पत्नी : राधा देवी मंडल केवट	मधेश प्रदेश, धनुषा जिल्ला धनुषाधाम नगरपालिका वडा नं. ७	बचत खाता नं. ०११००१३७१९८०१	तीनधारा शाखा	२०८०/०७/२८	मधेश प्रदेश, धनुषा जिल्ला धनुषाधाम नगरपालिका वडा नं. ७ बस्ने, राधा देवी मंडल केवट (पत्नी)
२.	**सुशान्त बोगटी** बाबु : नारायण बहादुर बोगटी बाजे : राज बहादुर बोगटी	नुवाकोट जिल्ला, गा.वि.स. चतुराले, वडा नं. ४ (नुवाकोट जिल्ला, गा.पा. ककनी, वडा नं. ७)	बचत खाता नं. ४६१००१७५०६३३९	कान्तिपथ शाखा	२०८०/०८/२१	नुवाकोट जिल्ला गा.वि.स. चतुराले वडा नं. ४ बस्ने, नारायण बहादुर बोगटी (बाबु)
३.	**भक्त बहादुर गुरुङ** बाबु : शेर बहादुर गुरुङ बाजे : हस्ते बेर गुरुङ	चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १०	बचत खाता नं. २४१००१७५०८२१६	नारायणगढ शाखा	२०८०/०९/०४	चितवन जिल्ला राप्ती नगरपालिका वडा नं. ७ बस्ने, राज कुमारी गुरुङ (श्रीमति)
४.	**सुजन मगर** बाबु : सोम बहादुर मगर बाजे : मान बहादुर मगर	संखुवासभा जिल्ला पांचखपन नगरपालिका वडा नं. ३	बचत खाता नं. ०४११००१७५०६४६७	खाँदबारी शाखा	२०८०/१०/२८	संखुवासभा जिल्ला पांचखपन नगरपालिका वडा नं. ३ बस्ने, सोम बहादुर मगर (बाबु)
५.	**सारदा तिवारी** बाबु : लोक नाथ पौडेल बाजे : शशीधर पौडेल	तनहुँ जिल्ला व्यास नगरपालिका १३	बचत खाता नं. ०५७१००१७५०५८९२	दमौली शाखा	२०७९/१२/०५	तनहुँ जिल्ला व्यास नगरपालिका १३ बस्ने, पुष्प राज तिवारी (श्रीमान्)
६.	**नौ बाहादुर राई** प्रोप्राइटर : नाईन आउटडोर बाबु : दल कर्ण राई पत्नी : मिनामाया राई	कोशी प्रदेश, सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ८	चल्ती खाता नं. ०१७०१०१७५०३२५४	तीनधारा शाखा	२०८०/०४/२५	कोशी प्रदेश, सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ८ बस्ने, मिनामाया राइ (पत्नी)
७.	**पन्च नारायण महर्जन** बाबु : दश नारायण महर्जन पत्नी : देवी महर्जन	बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २०	बचत खाता नं. ०११००१०१२६३०१	तीनधारा शाखा	२०८०/०७/२८	बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २० बस्ने, देवी महर्जन (पत्नी)
८.	**धनन्जय देबकोटा** बाबु : कमलाखर देबकोटा बाजे : खडानन्द देबकोटा	कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं. ६	बचत खाता नं. १२१००१७५१७५२२	पोखरा शाखा	२०८०/०७/२१	कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं. ६ बस्ने, थमा कुमारी देबकोटा (पत्नी)
९.	**जय राम राई** बाबु : प्रीतीलाल राई बाजे : भैदल बहादुर राई	सुन्सरी जिल्ला इटहरी उप महानगरपालिका वडा नं. २०	बचत खाता नं. ११९१००१७५०१२५६	तरहरा शाखा	२०७९/०१/२४	सुन्सरी जिल्ला इटहरी उप-महानगरपालिका वडा नं. २० बस्ने, मन हिरा राई (आमा)
१०.	**कीन बहादुर रावत** बाबु : कल्लम रावत बाजे : चाउरा रावत	साविक जुम्ला जिल्ला रारा लिही गा.वि.स. वडा नं. ४ हाल तिला गाउँपालिका वडा नं. १	बचत खाता नं. ७२१००१७५००७९३	तिला शाखा	२०८०/११/१६	जुम्ला जिल्ला तिला गाउँपालिका वडा नं. १ बस्ने, धन बहादुर रावत (छोरा)
११.	**राम भरोस मुखिया विन** बाबु : हिरालाल मुखिया विन बाजे : हजारी मुखिया विन	सर्लाही जिल्ला कौडेना गाउँपालिका वडा नं. ३	बचत खाता नं. २१८१००१७५०१२३६	कौडेना शाखा	२०८०/१०/१८	सर्लाही जिल्ला कौडेना गा.पा. वडा नं. ०३ बस्ने, राजवती कुमारी नाता (श्रीमति)
१२.	**गोविन्द नारायण क्षेत्री** बाबु : खड्ग बहादुर क्षेत्री बाजे : रबि लाल क्षेत्री	काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा महानगरपालिका वडा नं. ७	बचत खाता नं. ३६१००१७५०१७११	मैतिदेवी शाखा	२०८०/०६/१७	काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा महानगरपालिका वडा नं. ७ बस्ने, पद्मा कुमारी क्षेत्री (श्रीमत)
१३.	**रन बहादुर पुन** बाबु : चन्द्रे पुन बाजे : हर्क विर पुन	चितवन जिल्ला राप्ती नगरपालिका वडा नं. ७	बचत खाता नं. २४१००१७५१२७७०	नारायणगढ शाखा	२०८०/०८/२०	चितवन जिल्ला राप्ती नगरपालिका वडा नं. ७ बस्ने, सीता देवी पुन (श्रीमति)

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१, इमेल: info@nabilbank.com

ग्लोबल मनी विकको अवसरमा देशैभर विभिन्न कार्यक्रम

नयाँ पत्रिका

धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी देशव्यापी रूपमा शिक्षा तथा सचेतना अभिवृद्धि गरी लगानीकर्ता सशक्तीकरण गर्ने उद्देश्यले विभिन्न मर्चेन्ट बैंक र वित्तीय संस्थाले लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरेका छन् । मर्चेन्ट बैंक, बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रम गरेका हुन् ।



नेपालमा यो कार्यक्रम प्रोटेक्ट योर मनी, सेक्योर योर फ्युचर भन्ने नाराका साथ चैत ५ देखि ११ गते सम्म मनाइएको हो । विश्व वित्तीय सप्ताह खासगरी विद्यार्थी तथा युवायुवतीमा अनावश्यक खर्च कटौती गरी बचत गर्ने बानी बसाल्ने तथा वित्तीय शिक्षाको महत्त्व बुझाउने उद्देश्यले आयोजना गरिन्छ । यसका लागि नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंकले आफूले नियमन गरिरहेका संस्थाहरूलाई निर्देशन दिएका थिए ।

■ सिटिजन्स बैंकको २५ ठाउँमा कार्यक्रम

सिटिजन्स बैंक इन्टरनेसनलले देशको सातवटै प्रदेशमा रहेका आ-आफ्ना २५ शाखा कार्यालयबाट विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । बैंकले कोशी, मधेश, सुदूरपश्चिम र कर्णाली प्रदेशको चार ठाउँमा बागमती प्रदेशको पाँच ठाउँमा तथा गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको दुई ठाउँमा कार्यक्रम आयोजना गरेको हो ।

■ महालक्ष्मी विकास बैंकको सातै प्रदेशमा

महालक्ष्मी विकास बैंकले वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्ग पहिचान गरी बैंकका सातवटै प्रदेशमा रहेका शाखा तथा प्रादेशिक कार्यालयमार्फत वित्तीय साक्षरता, च्याली तथा सचेतनाका कार्यक्रम सञ्चालन गरेको छ ।

■ ज्योति विकास बैंकको १० भन्दा बढी

ज्योति विकास बैंकले ग्लोबल मनी विक अभियानअन्तर्गत विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । अभियानको मूल नारामा केन्द्रित भई युवावर्गमा एक सप्ताहसम्म बैंकले विभिन्न शाखामार्फत देशका १० भन्दा बढी विभिन्न ठाउँमा वित्तीय साक्षरता र सचेतनाका कार्यक्रम आयोजना गरेको हो ।

■ सेन्ट्रल फाइनान्सको चन्द्रपुरमा प्रभातफेरी

सेन्ट्रल फाइनान्स लिमिटेडले विभिन्न शाखाबाट सप्ताहव्यापी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने क्रममा चन्द्रपुर शाखाले प्रभातफेरी कार्यक्रम गरेको छ । चन्द्रपुर शाखाले रौतहटको चन्द्रपुरमा रहेका अन्य बैंक वित्तीय संस्थासँग मिलेर वित्तीय साक्षरता जागरणका लागि प्रभातफेरी कार्यक्रम गरेको हो ।

■ ३० लघुवित्तको वित्तीय जागरण च्याली

राजापुर गेरुवा लघुवित्त कर्मचारी मञ्चले ग्लोबल मनी विक २०२४ को अवसरमा ३० लघुवित्त संस्थाहरूको संयुक्त सहकार्यमा वित्तीय जागरण कार्यक्रममा सम्पन्न गरेको छ । तीन सय ६५ जनाको उपस्थिति रहेको कार्यक्रमको प्रथम चरणको मौन शान्तिपूर्ण च्याली मानपुर टपरा बजारमा भएको थियो ।

■ हिमालयन लघुवित्तका ७५ शाखामा

हिमालयन लघुवित्त वित्तीय संस्थाले वित्तीय साक्षरताअन्तर्गत केन्द्रीय कार्यालयलगायत ३२ जिल्लामा रहेका ७५ शाखा कार्यालयले युवालक्षित वित्तीय साक्षरतासम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरेको छ । कम्पनीले यसका साथै प्लेकार्ड, ब्यानर आदिको प्रयोग गरी च्यालीसमेत आयोजना गरेको थियो ।

■ आरबिबी मर्चेन्ट बैंकको नुवाकोटमा

आरबिबी मर्चेन्ट बैंकिङ लिमिटेडले नुवाकोटको विदुर नगरपालिकाको बट्टारमा रहेको श्री नुवाकोट आदर्श बहुमुखी क्याम्पसका स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी तथा शिक्षक-शिक्षिकाका लागि वित्तीय शिक्षा अभिवृद्धिका लागि सचेतनामूलक कार्यक्रम आयोजना गरेको थियो ।

■ ग्लोबल आइएमई क्यापिटलको कार्यक्रम

ग्लोबल आइएमई क्यापिटल लिमिटेडले देशका सातवटै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रमअन्तर्गत लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ । कम्पनीले प्लस २ तथा स्नातक तहमा अध्ययनरत विद्यार्थी एवं वैदेशिक रोजगारीका लागि विदेशी भाषा शिक्षा अध्ययन गर्ने युवायुवतीलाई लक्षित गरी लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको हो ।

■ प्रभु क्यापिटलको भिजिट मर्चेन्ट बैंक

प्रभु क्यापिटलले त्रिभुवन विश्वविद्यालय केन्द्रीय व्यवस्थापन विभागमा अध्ययन गर्दै गरेका विद्यार्थीलाई प्रभु क्यापिटलकै कार्यालयमा भिजिट मर्चेन्ट बैंक कार्यक्रमअन्तर्गत मर्चेन्ट बैंकले गर्ने कार्य, कार्यशैली, पुँजी बजार, लगानी तथा जोखिमबारे जानकारी दिएको छ ।

साइन रेसुंगालाई फेरि 'बेस्ट म्यानेज्ड बैंक' अवार्ड



बुटवल/ साइन रेसुंगा डेभलपमेन्ट बैंकले 'बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक २०२४' अवार्ड जितेको छ । न्यु बिजनेस एजले काठमाडौंमा गरेको न्युबिज बिजनेस कन्क्लेभ एन्ड अवार्ड- २०२४ अन्तर्गत विकास बैंकहरूमध्ये साइन रेसुंगा उत्कृष्ट हुँदै अवार्ड जितेको हो । उक्त अवार्ड बैंककी रिसोर्स म्यानेजमेन्ट अफिसर नम्रता थापाले ग्रहण गरेकी हुन् ।

बैंकको कुशल व्यवस्थापन र ग्राहकको सन्तुष्टिले यो उपाधि जित्न सफल भएको बैंकका अध्यक्ष थानेश्वर पौडेलले बताए । 'यो उपाधि जित्नुमा बैंकका कर्मचारीसहित सरोकारवाला सबैको रचनात्मक साथ छ, यसले बैंकलाई थप व्यवस्थित र उत्कृष्ट सेवा प्रवाह गर्न जिम्मेवारी र दायित्व थपिदिएको छ,' उनले भने । यसअघि बैंकले सन् २०२२ मा पनि बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक अवार्ड जितेको थियो भने गत वर्ष अन्तर्राष्ट्रियस्तरको एसिया इमर्जिङ बैंकिङ अवार्ड जितेको थियो ।

साइन रेसुंगा लुम्बिनी प्रदेशमा केन्द्रीय कार्यालय भएको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो । बैंकको आठ अर्ब अधिकृत पुँजी र चार अर्ब ७३ करोड चुक्ता पुँजी रहेको छ ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघमा बस्नेत निर्वाचित

सिन्धुपाल्चोक/ सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको अध्यक्षमा बुद्धराज बस्नेत निर्वाचित भएका छन् । संघको ११औं जिल्ला अधिवेशनले उनलाई अध्यक्षमा निर्वाचित गरेको हो । त्यस्तै, वरिष्ठ उपाध्यक्षमा उमेश प्रधान विजयी भए । द्वितीय उपाध्यक्षमा इन्द्रबहादुर राउत निर्वाचित भएका छन् । सदस्यहरूमा उमेश श्रेष्ठ, अशोककुमार श्रेष्ठ, गणेश नेपाल, अम्बरबहादुर श्रेष्ठ, राजकुमार बस्नेत, सुरज तिमल्सिना, चेङा शेर्पा, कुमार थापा, सुशान्त भट्टराई, प्रकाश पौडेल, उद्धव तिमल्सिना, मणिकलाल श्रेष्ठ, दावा ग्याल्जेन शेर्पा, ईश्वर खत्री र दलबहादुर रुम्बा निर्वाचित भएका छन् ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रिय कार्यालय:
चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np
Website: www.gurkhasfinance.com.np

धितोमा रहेको सम्पत्ति (घर-जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने गोप्य शिलवन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०।१२।१३ नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको शाखा कार्यालय डिल्लीबजार, काठमाडौं र शाखा कार्यालय न्यूरोड, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको कर्जा रकम संस्थासंग कर्जा लिदा गर्नु भएको शर्त कबुलियत बमोजीम भुक्तानी नगरी शर्तहरू उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीकालागि संस्थाबाट पटक-पटक मौखिक, लिखित तर-ताकेतागर्नुका साथै कर्जा चुक्ता/भुक्तानी गर्न आउन भनि ३५ दिने सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरूले सोको पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले पूनः यो सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउँनको लागि सम्बन्धित ऋणी, जमानतकर्ताहरू समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ताहरू लगायत सम्बद्ध सबैलाई ने.रा. बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई जारी एकीकृत निर्देशन, बमोजीम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने ब्यहोरा जानकारी गराउँदै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणीले कर्जा लिंदा सूरक्षण वापत यस संस्थालाई धितो बन्धक लेखि/लेखाई दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरि लिन चाहने व्यक्ति संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न सर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन आब्हान गरिन्छ । प्राप्त शिलबन्दी फारमहरू सोह्रौं दिन (सो दिन बिदा भएमा सो को भोली पल्ट) खोलिने भएको हुँदा सो सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुँन सम्बन्धित ऋणी, सूरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति वित्तीय संस्था आफैले सकार गरी लिन वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजीम वित्तीय संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ । उक्त सम्पत्तिबाट वित्तीय संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजीम बाँकी लेना रकम असुल उपर गर्नका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा अन्य आवश्यक कानूनी कारवाही समेत अगाडी बढाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	ऋणीको विवरण
१.	**शाखा कार्यालय : डिल्लीबजार, काठमाडौं (कर्जा शिर्षक: व्यापार)** प्रदेश सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय सूर्यविनायक, भक्तापुरमा प्राईभेट फर्म दर्ता अन्तर्गत मिति २०७९।०७।२७ मा दर्ता भई, दर्ता नं. ११२३८/०७९/८० जनिई लेखा नं. ६१८९१०७९३ कायम भएको भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ९, पलाँसे स्थित **ग्रिन फरेष्ट गेष्ट एण्ड रिसोर्ट**
	धन/जमानीकर्ताको विवरण
	(१) नामः सानु कान्छा तामाङ्ग बाबुः भक्त बहादुर तामाङ्ग बाजेः रण बहादुर तामाङ्ग ठेगानाः भक्तपुर जिल्ला चाँगुनारायण गा.वि.स/न.पा. वडा नं. ४ (ना.प्र.नं.: २७५६९ जारी मितिः २०५७।०३।२३ जि.प्र.का.भक्तपुर)
	(२) नामः अजय तामाङ्ग बाबुः भक्त बहादुर तामाङ्ग बाजेः रण बहादुर तामाङ्ग ठेगानाः भक्तपुर जिल्ला चाँगुनारायण गा.वि.स/न.पा. वडा नं. ४ (ना.प्र.नं.:२९-०१-०६६-०३७९४ जारी मितिः २०६६।०७।२२ जि.प्र.का.भक्तपुर)
	(३) नामः मन कुमारी तामाङ्ग बाबुः कृष्ण बहादुर भ्लोत तामाङ्ग बाजेः लघुराम पतिः सानु कान्छा तामाङ्ग ठेगानाः भक्तपुर जिल्ला चाँगुनारायण गा.वि.स/न.पा. वडा नं. ४ (ना.प्र.नं.: ३०६८२ जारी मितिः २०६३।०३।१२ जि.प्र.का.भक्तपुर)
	धितोको विवरण **(१) सानु कान्छा तामाङ्ग र अजय तामाङ्ग**को संयुक्त नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला चाँगुनारायण गा.वि.स/न.पा. वडा नं. ४, नक्सा सीट नं. ४/ख स्थित कित्ता नं. १०१५ क्षेत्रफल ०-५-०-० (१५८.९५ व.मी) (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।
२.	**शाखा कार्यालयः न्यूरोड, काठमाडौं (कर्जा शिर्षकः व्यापार कर्जा)** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा मिति २०७८।०६।१८ मा दर्ता भई, दर्ता नं. २७४३९४/०७८/०७९ र स्थायी लेखा नं. ६१०१२०६११ कायम भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १३ स्थित रजिष्ट्रर्ड कार्यालय रहेको **प्रेम इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.**
	धन/जमानीकर्ताको विवरण
	(१) नामः प्रमिला थापा बाबु : वेद मान सिं थापा बाजेः भूवन सिं थापा ठेगानाः ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १६ हाल, ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ (ना.प्र.नं.: ३/७७८ जारी मितिः २०४६/०२/२ जि.प्र.का.ललितपुर)
	(२) नामः प्रमिला थापा बाबु : वेद मान सिं थापा बाजेः भूवन सिं थापा ठेगानाः ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १६ हाल, ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ (ना.प्र.नं.: ३/७७८ जारी मितिः २०४६/०२/२ जि.प्र.का.ललितपुर)
	(३) नामः बिप्रश भारति बाबु : विकास कुमार भारति बाजेः बलराम भारती ठेगानाः मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. २ हाल, ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ (ना.प्र.नं.: ०५१०६६/९१४० जारी मितिः २०६८/०६/२३ जि.प्र.का.मोरङ्ग)
	(४) नामः बिप्रश भारति बाबु : विकास कुमार भारति बाजेः बलराम भारती ठेगानाः मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. २ हाल, ललितपुर जिल्ला महा-लक्ष्मी नगरपालिका वडा नं. १ (ना.प्र.नं.: ०५१०६६/९१४० जारी मितिः २०६८/०६/२३ जि.प्र.का.मोरङ्ग)
	धितोको विवरण **(१) प्रमिला थापाको** नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला बालकोट गा.वि.स.वडा नं. १, नक्सा सीट नं. १ स्थित कि.नं ७०० को जग्गा क्षेत्रफल ०-६-२-० (रोपनी-आना-पैसा-दाम) जग्गा (घर-जग्गा) लिगलगापात समेत ।

बोलपत्र सम्बन्धी शर्तहरु

१. शिलबन्दी बोलपत्र आवेदन फाराम यस संस्थाको क्र.सं. १ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय डिल्लीबजार., काठमाडौं र क्र.सं. २ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय न्यूरोड, काठमाडौंबाट रू. १,०००/- (पछि फिर्ता नहुने गरि) दाखिला गरी प्राप्त गर्न सकिने छ, साथै बोलपत्र फाराम यस सूचनाको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८०।१२।२७ गते दिउँसो १:०० भित्र उल्लेखित शाखा कार्यालयहरूमा दर्ता गरी सक्नु पर्नेछ ।
२. बोलपत्र फाराममा खरिद गर्न ईच्छा गरेको प्रत्येक सम्पत्ति (घर-जग्गा) को विवरण खुलाई बोलपत्र फारम भर्नु पर्नेछ र उक्त खरिद गरी लिन चाहेको सम्पत्ति (घर-जग्गा) के कति रकममा खरिद गर्न चाहेको हो सोको व्यहोरा अंक तथा अक्षरमा स्पष्ट रूपमा बोलपत्र फारममा लेखिएको हुनु पर्नेछ । अंकमा लेखिएको र अक्षरमा लेखिएको रकममा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।
३. बोलपत्र साथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम धरौटी वापत BID Account Payable (DAD) खाता नं. २१०००००१०८ मा वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा जम्मा गरेको सक्कल बैंक भौचर यसै बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
४. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन । साथै धरौटी राखिएको रकममा ब्याज प्रदान गरिने छैन ।
५. बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं. र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण-पत्र, स्थायी लेखा नं. र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
६. बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई बोलपत्र पेश गर्ने अन्तिम दिन मानिने छ र त्यसको भोलीपल्ट बोलपत्र खोलिने कार्य हुनेछ ।
७. धितो (घर-जग्गा) निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोर्खाज फाइनान्स लिमिटेडको सम्बन्धित, शाखा कार्यालयहरूमा, कार्यालय समय भित्र सम्पर्क राखि निरीक्षण गर्न/हेर्न सकिनेछ ।
८. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति (घर-जग्गा) बोलपत्रदाताको नाममा नामसारी गर्दा नियमानुसार लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानीय कर, धारा/बिजुली शुल्क, अन्य कर तथा शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण खर्च खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त पेश भएको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतःरद्ध हुनेछ ।
१०. बोलपत्र स्वीकृत भई सोको जानकारी दिएको १५ (पन्ध्र) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति (घर-जग्गा) नामसारी गरि लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम जम्मा नभएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ ।
११. प्राप्त कुनै पनि बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने कारण जनाई वा नजनाई रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ र सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशनमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन ।
१२. सम्बन्धित ऋणीले बोलपत्र खोल्नु अगावै सम्पूर्ण कर्जा रकम चुक्ता गरेमा चुक्ता भएको कर्जाको हकमा लिलाम प्रकृया स्वतः रद्ध हुनेछ ।
१३. लिलाम प्रकृयाबाट सो जेथाहरू कसैले सकार नगरेमा प्रचलित कानूनको अधिनमा रहि यस वित्तीय संस्थाले आफनो नाममा सकार गरी लिन सक्नेछ ।
१४. लिलामी मुचुल्कामा नाम समाबेश भएको व्यक्ति वा कम्पनी बाहेक अन्यको नाममा धितो सम्पत्ति (घर-जग्गा) दाखिल खारेज/नामसारी गरिने छैन ।
१५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजीम हुने छन र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अंग मानिनेछन् ।

गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०।१२।२७ गते दिनको १:०० बजे भित्र ।
शिलबन्दी बोल पत्र खोलिने मितिः २०८०।१२।२८ गते बुधबार
समय : दिनको १:०० बजे
बोलपत्र खोलिने स्थान : (क्र.सं. १ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय डिल्लीबजार., काठमाडौं र क्र.सं. २ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय न्यूरोड, काठमाडौं)
(सम्पर्क फोन नं. : शाखा कार्यालय डिल्लीबजार, काठमाडौं ०१-४५३७४०१, शाखा कार्यालय न्यूरोड, काठमाडौं ०१-५७१३२४१)

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वित्तमोडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१२/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय वित्तमोडबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० चैत २८ गते बुधबार**का दिन शाखा कार्यालय वित्तमोडमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौ कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७४/१२/०५ मा दर्ता नं. १८५९८२/०७४/०७५ कायम भई करदाता सेवा कार्यालय भद्रपुर झापाबाट मिति २०७५/०२/०३ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६७५३६५४ को प्रमाणपत्र प्राप्त झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. ११ मा रजिष्टर्ड कार्यालय रहेको **अष्ट लक्ष्मी इन्टरनेशनल ट्रेडिङग कम्पनी प्रा. लि. ।** **सञ्चालक - १. राधा श्याम भण्डारी** **२. बिन्ना रायमाझी**	१. **बिन्ना रायमाझी**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी न.पा. वडा नं. ०३ स्थित कित्ता नं. ३०४ र ६६४ को क्षेत्रफल क्रमश १५९.९८ र ७६.१८ (व.मि.) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. **बिन्ना रायमाझी**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी न.पा. वडा नं. ०३ स्थित कित्ता नं. ११४४ को क्षेत्रफल २२४.३४ (व.मि.) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । ३. **बिन्ना रायमाझी**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, दुवागढी गा.वि.स वडा नं. ०४ स्थित कित्ता नं. ३८४७ को क्षेत्रफल ०-६-१० को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
व्यक्तिगत जमानीकर्ताहरूको विवरण	
१. **राधा श्याम भण्डारी** ना.प्र.नं.: ७५९२२/२३६१ जारी मितिः २०६१/०९/२९, जि.प्र.का. इलाम बाबुः गोविन्द भण्डारी बाजेः धनराज भण्डारी स्थायी ठेगानाः ईलाम जिल्ला, पञ्चकन्या गा.बि.स., वडा नं. ०४ हालको ठेगानाः झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०५	२. **बिन्ना रायमाझी** ना.प्र.नं.: ०१/५२३५ जारी मितिः २०६३/०९/१९, जि.प्र.का. झापा बाबुः तोरणबहादुर राय बाजेः चन्द्र बहादुर राय पतिः राधा श्याम भण्डारी स्थायी ठेगानाः झापा जिल्ला, चन्द्रगढी गा.बि.स., वडा नं: ०६ हालको ठेगानाः झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०५

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० चैत २७ गते** भित्र बैंकको शाखा कार्यालय वित्तमोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय वित्तमोडबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० चैत २८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय वित्तमोडमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय वित्तमोडमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन

अनियमितताको...

पृष्ठ १ बाट क्रमशः

सहमति दिन सरकारलाई पत्राचार गरेको छ। तर, हालसम्म पनि सरकारले हस्तान्तरणको सहमति दिएको छैन। 'वैकल्पिक प्रयोगका लागि हस्तान्तरण गर्न सरकारलाई आयोगले आग्रह गरेको छ,' आयोगका प्रवक्ता शर्माले भने, 'आयोगले निर्णय गरेर मेसिन हस्तान्तरणका लागि लेखी पठाएको छ। तर, हालसम्म पनि सरकारले निर्णय गरेको छैन।'

ढिला मेसिङ खरिद नै शंकास्पद

निर्वाचन आयोगले १९ असोज ०७४ मा मात्र प्रिन्टर खरिद गर्ने निर्णय गऱ्यो। त्यतिवेलासम्म स्थानीय तहको निर्वाचन सम्पन्न भएर प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन बाँकी थियो। यसैका लागि मतदाता नामावली प्रिन्ट गर्नु थियो। त्यही प्रयोजनका लागि आयोगले खरिदको निर्णय गरेको थियो। तर, त्यतिखेर आयोगको कार्यतालिकाअनुसार नयाँ मेसिन खरिद गरेर त्यसबाट मतदाता नामावली छपाइ गर्ने समय बाँकी थिएन।

प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि रंगीन तथा सादा मतदाता नामावली छपाइ गर्न मौज्दात रहेका प्रिन्टिङ मेसिन पर्याप्त नभएको तथा मर्मत गर्न पनि नसकिने निष्कर्ष निकाली नयाँ मेसिन खरिदको प्रक्रिया अघि बढाएको थियो। समय अभावका कारण सार्वजनिक खरिदको नियमित प्रक्रियाबाट गर्न नसकिने अवस्था देखाएर आयोगले कोटेसन लिएर खरिद प्रक्रिया अघि बढाएको थियो।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामानको खरिद गर्दा बोलपत्र गर्नुपर्ने व्यवस्थालाई नाघेर आयोगले निर्वाचन आयोग ऐनको विशेष व्यवस्थामा टेकेर प्रक्रिया अघि बढाएको थियो। निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ मा निर्वाचनका सम्बन्धमा तत्काल व्यवस्थापन गर्नुपर्ने तोकिएबमोजिमका निर्वाचन सामग्रीहरू खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट सोझै वा बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ।

यही व्यवस्थामा टेकेर आयोगले मेसिन खरिदको निर्णय गरेको हो। आपत् कालीन परिस्थितिको व्यवस्थामा टेकेर आयोगले खरिद प्रक्रिया अघि बढाएको थियो। जब कि प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन १० मंसिरमा गर्ने निर्णय ५ भदौमै मन्त्रिपरिषद्ले गरेको थियो। १४ भदौको मन्त्रिपरिषद्ले यसलाई संशोधन गरेर १० र २१ मंसिरमा निर्वाचन गर्ने निर्णय गरेको थियो।

प्रिन्टर खरिदका लागि तीन महिना समय बाँकी थियो। तर, यसलाई पनि 'समय अभाव' भन्दै आयोगले सार्वजनिक खरिदको नियमित प्रक्रियाबाहिर विशेष व्यवस्थाअन्तर्गत खरिद अघि बढाएको थियो।

यसपछि १९ असोजमा आयोगको बैठकले मूल्य अभिवृद्धि कर (भ्याट) सहित २६ करोड ७६ लाख ८८ हजारमा 'हाई स्पिड डिजिटल कलर प्रिन्टर' एक सेट र 'हाई स्पिड डिजिटल मोनोक्रोम प्रिन्टर' दुई सेट खरिद गर्नेसम्बन्धीको लागत अनुमान र प्राविधिक स्पेसिफिकेसन स्वीकृत गरेको थियो।

यसअघि २७ भदौमा तत्कालीन प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले यिनै दुई सेट प्रिन्टर खरिद गर्ने फाइल स्वीकृत गरेका थिए। खरिदको फाइल तत्कालीन अवस्थामा सूचना प्रविधि व्यवस्थापन हेर्ने आयुक्त ईश्वरीप्रसाद पौडेल हुँदै तत्कालीन प्रमुख आयुक्त यादवले स्वीकृत गरेका थिए।

आयोगले प्रिन्टर खरिदका लागि कोटेसन माग गरेको थियो। त्यसमा ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल प्राली शास्त्र नेटवर्क सोलुसन इन्क र इमाजिन टेक्नोलोजिज प्रालिले दरेट पेस गरेका थिए। त्यसमध्ये सबैभन्दा कममा खरिद कागजात पेस गर्ने ओम्नीको २४ करोड ६७ लाख २४ हजार रुपैयाँको दरेट स्वीकृत गरेको थियो। सोही कम्पनीसँग सोझै प्रिन्टिङ खरिद गर्ने गरी २४ असोजमा आयोगले खरिद सम्झौता गरेको थियो। प्रतिस्पर्धाबाटै खरिद गरेर ल्याइएको देखाए पनि ती मेसिनको मूल्य २४ करोड ६७ लाख २४ हजार रुपैयाँ नपर्ने दाबी कतिपयको छ।

आयोगमा मेसिन हुँदाहुँदै गरिएको थियो नयाँ खरिद

नयाँ मेसिन खरिद गर्ने प्रक्रिया अघि बढाउँदा आयोगसँग १३ थान प्रिन्टिङ मेसिन थिए। करिब दुई करोड १५ लाख रुपैयाँ खर्चेर आयोगले यी मेसिन मर्मत गरेको थियो। त्यसअघि सम्पन्न भएको स्थानीय तहको निर्वाचनका लागि यिनै मेसिनबाट छपाइ गरिएको थियो। यिनै मेसिनबाट बाँकी निर्वाचनको मतपत्र छाप्न सकिने अवस्था पनि थियो।

त्यतिवेला आयोग सचिवालयले मर्मत गरेर पुरानै मेसिनबाट काम लिन सकिने राय दिएको थियो। किन्नैपरे तत्कालका लागि साबिककै आकार र सोहीआसपासको मूल्यका मेसिन किन्नुपर्ने सुझाव सचिवालयको थियो। निजी कम्पनीलाई प्रतिस्पर्धा गराएर मतदाता नामावली-पत्र छाप्न सकिने विकल्प पनि आयोगसँग थियो। यसो गर्दा झन् सस्तो र लागत प्रभावी हुने सम्भावना पनि थियो।

तर, यी सबै विकल्पमा प्रवेशै नगरी आयोगले नयाँ मेसिन नै किन्ने निर्णय गरेको थियो। खरिदको निर्णय भएपछि पनि मेसिन आउन धेरै समय लाग्यो। सम्झौता भएपछि मेसिन आपूर्ति गरिदिने ओम्नीले एक महिना समय लगायो। मेसिन आइसकेपछि पनि पार्टस्, टोनर खरिद, जडान गर्नेलगायतका काममा थप विलम्ब गरियो।

यही ढिलाइका कारण प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनतर्फको मतपत्र छपाइ कार्य जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट गर्ने निर्णय गराएको थियो। 'निर्वाचनको जे प्रयोजनका लागि मेसिन किनिएको थियो, त्यसको सानो अंशको काम पनि ती मेसिनबाट भएननु,' आयोग स्रोत भन्छ।

विवादित कम्पनीलाई ठेक्का

प्रिन्टर खरिदको ठेक्का पाएको ओम्नीले नै यसअघि आयोगबाट मतदाता परिचयपत्र छपाइको ठेक्का पाएको थियो। सामान्य खालको कागजी मतदाता परिचयपत्रको त्यतिवेलाको लागत मूल्य औसत तीन रुपैयाँभन्दा कम पर्थ्यो। ०७९ को निर्वाचनमा आयोगले त्यही मतदाता परिचयपत्र प्रतिकार्ड तीन रुपैयाँमा छापेको थियो। तर, यही मतदाता परिचयपत्र प्रतिकार्ड साढे १३ रुपैयाँसम्ममा छाप्ने गरी ओम्नीलाई ठेक्का दिइएको थियो।

पहिलो र दोस्रो चरणको निर्वाचनका लागि प्रतिकार्ड नौ रुपैयाँ ९९ पैसाका दरले उक्त कम्पनीले कार्ड छापेको थियो। तर, कागजको कच्चापदार्थको मूल्य बढेको, मजदुरको पारिश्रमिक बढेको तथा थौरै संख्यामा कार्ड छाप्नुपर्ने भएकोलगायतका बहानामा त्यही कार्ड छाप्न तेस्रो चरणको निर्वाचनका लागि आयोगले साढे १३ रुपैयाँका दरले कम्पनीलाई भुक्तानी दियो। पछि प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनका लागि थप २१ लाख ७० हजार मतदाता परिचयपत्र छपाइ पनि ओम्नीबाटै साढे १३ रुपैयाँमा नै गरियो।

भूकम्पले...

पृष्ठ १ बाट क्रमशः

सुधारमा बजेट विनियोजन हुँदैन, पुनर्निर्माणमा खर्च हुन्छ,' मन्त्री पुनको भनाइ उद्धृत गर्दै प्रेस संयोजक दयानिधि भट्टले भने। शिक्षामन्त्री श्रेष्ठका निजी सचिव प्रकाश सापकोटाका अनुसार यो वर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा एक अर्ब बजेट विनियोजन भएको छ, जुन अहिलेसम्म खर्च भएको छैन।

०७२ को भूकम्पपछिको पुनर्निर्माणमा खर्च नभएको शिक्षातर्फको तीन अर्ब १५ जिल्लामा विद्यालय भवन पुनर्निर्माणमा खर्च गरिने भएको छ। केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)का उपसचिव जीवनबहादुर भण्डारीका अनुसार एसियाली विकास बैंक र जाइकाले पनि जोगिएको तीन अर्ब पछिल्लो भूकम्पछिको पुनर्निर्माणमा खर्च गर्न तयार भएका छन्।

'एडिबी र जाइकाले विद्यालय भवन पुनर्निर्माणमा सघाएका थिए, जोगिएको रकम जाजरकोट र बझाङ केन्द्रविन्दु भएर गएका भूकम्पपछिको पुनर्निर्माणमा खर्च हुने तय भएको छ,' उनले भने।

जाजरकोटको बारेकोट गाउँपालिका- १ लामीडाँडा केन्द्रविन्दु भएर १७ कात्तिकको राति ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो। त्यसअघि १६ असोजमा बझाङ केन्द्रविन्दु भएर भूकम्प गएको थियो। दुवै भूकम्पका कारण १५ जिल्लामा पूर्ण र आंशिक गरी करिब सात सय विद्यालय भवन भत्किएको तथ्यांक रहे पनि बजेट अनुमान भइसकेको छैन।

एकै गाउँका...

पृष्ठ १ बाट क्रमशः

तीनैजनाको बयालपाटा अस्पतालमा उपचार भइरहेको छ। घटनामा परेकाहरू सबै एकै थरका भए पनि उनीहरू एउटै परिवारका भने होइनन्। मृत्यु भएका रंग, प्रेम, नरबहादुर र जनक धामी साँफेबगरमा सडक निर्माणमा काम गर्ने मजदुर हुन्। दुई दिनअघि होली खेल्न शोडषा गएका उनीहरू फेरि काममा फर्किने क्रममा ट्र्याक्टर दुर्घटनामा परेको मेल्लेख गाउँपालिकाका उपाध्यक्ष नृपबहादुर खड्काले बताए। मृतकहरू ऋषिदहका लिफ्रु, माझगाउँ र काटीटोलका हुन्। दुर्घटनामा परेको ट्र्याक्टर भित्री कच्ची सडकमा गति नियन्त्रण गर्न नसक्दा करिब दुई सय मिटर तल खसेको प्रहरी सहायक निरीक्षक नरेन्द्रकुमार खड्काले जानकारी दिए।

बेइजिङमा...

पृष्ठ १ बाट क्रमशः

सी जिनपिङका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित नेपालका शीर्ष नेताहरूलाई शुभकामना सन्देश दिएका थिए। दुई नेताबीच दुई देशको सम्बन्धबाहेक चिनियाँ कम्युनिस्ट पार्टी र माओवादी केन्द्रको सम्बन्धबारे छलफल भएको उपप्रधानमन्त्री श्रेष्ठका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठले बताए।

भेटवार्तामा हुनिङले राजनीतिक स्थिरताका लागि गरिबी निवारणमा जोड दिँदै यसका लागि चीनले नेपाललाई सहयोग गर्ने आश्वासन दिएका छन्। चिनियाँ नेता हुनिङले नेपाल चीनको छिमेकी मात्र नभएर पुरानो मित्र भएको उल्लेख गर्दै एकअर्को देशको संवेदनशीलतामा दुवैले सम्मान गर्दै आएको बताए। 'नेपाल चीनसँगसँगै अघि बढोस्। नेपाली जनता गरिबीबाट माथि उठून् हामी सकेको सहयोग गर्छौं,' चिनियाँ नेताको भनाइ उद्धृत गर्दै भेटमा सहभागी एक अधिकारीले भने। नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा चीनले



सहयोग गर्ने पनि उनको भनाइ थियो।

चिनियाँ नेता हुनिङले नेपालमा रहेका तिब्बती शरणार्थीबारे चासो राखेका थिए। भारतपछि तिब्बती शरणार्थीहरूको दोस्रो ठूलो जनसंख्या नेपालमा रहेको उल्लेख गर्दै हुनिङले उनीहरूका गतिविधिबारे चासो राखेका थिए। यद्यपि, यसमा नेपालले चीनको संवेदनशीलतालाई सम्बोधन गर्दै आएकोमा चीन खुसी रहेको पनि उनको भनाइ थियो।

उपप्रधानमन्त्री श्रेष्ठले नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको भन्दै चीनविरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने प्रतिबद्धता दोहोऱ्याएका थिए। 'तिब्बती शरणार्थीहरूको सन्दर्भमा नेपाल थप संवेदनशील भइदियोस् भन्ने चाहना व्यक्त भएको थियो। उपप्रधानमन्त्रीले यसमा ढुक्क हुन भन्नुभएको छ,' भेटवार्तामा सहभागी अधिकारीले नयाँ पत्रिकालाई बताए। परराष्ट्र मन्त्रालयले दुई नेताबीचको भेटवार्ता आर्थिक विकास र समृद्धिका विषयमा केन्द्रित रहेको ट्विटरमा जानकारी दिएको छ।

उपप्रधानमन्त्री श्रेष्ठले सोमबारै चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागका उपमन्त्री सुन हैयानसँग भेटवार्ता गरेका छन्। रात्रिभोजसहितको भेटवार्तामा चिनियाँ नेतृ हैयानले माओवादी केन्द्रसहित प्रमुख दलहरूसँग चीनले निरन्तर संवाद जारी राखेको बताएकी थिइन्।

मंगलबार अपराह्न उपप्रधानमन्त्री श्रेष्ठले समकक्षी वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ। चिनियाँ विदेशमन्त्री यीले रात्रिभोजसहित श्रेष्ठलाई स्वागत गर्नेछन्। प्रचण्डको भ्रमणमा बेइजिङमा भएका १२ सहमतिपत्र/सम्झौता कार्यान्वयनका विषयमा उपप्रधानमन्त्री श्रेष्ठले मंगलबार चिनियाँ समकक्षी यीसँग बेइजिङमा छलफल गर्ने कार्यक्रम छ। चिनियाँ विदेशमन्त्री यीले उपप्रधानमन्त्री श्रेष्ठको सम्मानमा मंगलबार रात्रिभोज आयोजना गर्दै छन्।

उपप्रधानमन्त्री श्रेष्ठ मंगलबार बिहान हुवावे रिसर्च एन्ड डेभलपमेन्ट एक्जुकेटिभ्स एक्जिबिसन सेन्टरको भ्रमणमा सहभागी हुनेछन्। त्यहाँबाट नेपाली राजदूतावास पुगेर उनले लगानीसम्बन्धी सेमिनारलाई सम्बोधन गर्ने कार्यक्रम छ।

बुधबार उनी नेपाली राजदूतावासद्वारा आयोजित दिवाभोजमा सहभागी भएर अपराह्न छोडछिड जाँदै छन्। साँझ छोडछिडका मेयर तथा पार्टी सेक्रेटरी युयान जियाजुनले स्वागत गर्नेछन्। उनीसँग श्रेष्ठको रात्रिभोजसहित छलफल हुनेछ।

बिहीबार बिहान उनी चिनियाँ प्रथम प्रधानमन्त्री चाउ एन लाईको निवासको भ्रमणमा जानेछन्। शुक्रबार उनी ल्हासा जाने कार्यक्रम छ। नेपाली महावाणिज्यदूतावासको भ्रमण गर्ने र साँझ तिब्बतस्थित चिनियाँ कम्युनिस्ट पार्टीका सेक्रेटरी तिब्बतको ल्हासास्थित सिपिसी पार्टी सेक्रेटरी वाङ छुङछेङसँग भेटवार्ता र रात्रिभोज हुनेछ।

शनिबारको मौसम र श्रेष्ठको स्वास्थ्यले साथ दिएमा कैलाश मानसरोवर जाने कार्यक्रम छ। भोलिपल्ट अर्थात् आइतबार अपराह्न ल्हासाबाट उनी छेन्दु पुग्ने कार्यक्रम छ। साँझ सिचुआन प्रान्तको छेन्दुमा पार्टी सचिव वाङ सियाओईले श्रेष्ठलाई रात्रिभोजसहित स्वागत गर्ने कार्यक्रम छ। सोमबार बिहान उनी स्वदेश फर्किनेछन्।

प्रि–बजेट छलफलसम्बन्धी अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संसद्मा दर्ता

नयाँ पत्रिका

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी (पहिलो संशोधन) अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संसद्मा दर्ता गरेको छ। अर्थमन्त्री वर्षमान पुनले अध्यादेश संसद्मा पेस भई स्वीकृत भएकाले संविधानको धारा ११४ बमोजिम अध्यादेशका प्रावधान यथावत् राख्न स्वीकृत अध्यादेश प्रतिस्थापन गर्ने विधेयक प्रतिनिधिसभामा दर्ता गरेका हुन्।

संविधानअनुसार संसद्को अधिवेशन अन्त्य भएका वेला अध्यादेशमार्फत कानुनी व्यवस्था संशोधन गरिन्छ। सरकारले प्रि-बजेट छलफललाई पर्याप्त समयावधि दिन अधिवेशन नभएका वेला ४ माघमा अध्यादेश जारी गरेको थियो। २२ माघमा हिउँदे अधिवेशन प्रारम्भ भएकै दिन संसद्मा पेस भएको अध्यादेश संविधानअनुसार ६० दिन अर्थात् २२ चैतभित्र प्रतिस्थापन विधेयकमार्फत संस्थागत गर्नुपर्छ। संविधानको धारा ११४ अनुसार संघीय संसद्को दुवै सदनले ६० दिनभित्र स्वीकार नगरेमा अध्यादेश स्वतः निष्क्रिय हुन्छ।

प्रतिनिधिसभा नियमावलीको नियम ९९ मा 'स्वीकृत भएको कुनै अध्यादेशको प्रावधानलाई यथावत् वा संशोधनसहित प्रतिस्थापन गर्ने उद्देश्यबाट प्रस्तुत गरिने विधेयकको साथमा उक्त अध्यादेश तत्कालै लागू गर्नुपरेको परिस्थिति र कारणसहितको विवरण संलग्न गरी पेस गर्नुपर्ने' भनिएको छ। यसैअनुसार सरकारले अध्यादेशलाई कानुनी रूप दिन प्रतिस्थापन विधेयक ल्याएको हो। साथै, विधेयक ६० दिनभित्रै दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्छ। कानुनी समयसीमाअनुसार २२ चैतभित्र दुवै सदनले अध्यादेश संस्थागत गर्न प्रतिस्थापन विधेयक पारित गरेर राष्ट्रपतिकहाँ पठाइसक्नु पर्नेछ।

अधिल्लोपटक बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा सांसदले राखेका विषय नीति कार्यक्रम र बजेटमा नसमेटिएको, छलफल कर्मकाण्डी मात्रै भएको, बजेटको मुखमा पर्याप्त छलफल गर्न नपाएको गुनासो सांसदहरूबाट आएपछि यसपटक सरकारले समयावधि पर्याप्त गर्न 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश' जारी गरेर फागुनमा सारेको हो। बजेट प्रस्तुत (१५ जेठ) भन्दा १५ दिनअघि सिद्धान्त र प्राथमिकता पेस गर्ने व्यवस्था अध्यादेशमार्फत संशोधन गरेर फागुनभित्र सरकारले सिद्धान्त र प्राथमिकता पेस गर्ने र संसद्ले छलफल सकेर १५ चैतभित्र सरकारलाई सुझाव पेस गर्नुपर्ने व्यवस्था गरिएको छ।

अध्यादेशको व्यवस्थाअनुसार सरकारले १४ फागुनमा आव ०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस् भन्ने प्रस्ताव गरेको थियो। दुवै सदनमा ७ चैतसम्म छलफल चलेर अर्थमन्त्रीले जवाफ दिएपछि सकिएको थियो। हाल संसद् सचिवालयले सांसदहरूबाट आएका सुझाव एकीकृत गरिरहेको छ। संसद्का महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार सुझावको प्रतिवेदन सचिवालयले समयसीमा १५ चैतभित्र अर्थ मन्त्रालयलाई बुझाउनेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

शाखा कार्यालयहरू स्थानान्तरण हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/१३

मिति २०८०।१२।१८ गते देखि निम्न उल्लेखित शाखा कार्यालयहरु देहाय बमोजिमका स्थानमा अवस्थित भवनमा स्थानान्तरण भई सम्पूर्ण बैंकिङ्ग कारोबार सञ्चालन हुने व्यहोरा समस्त ग्राहक महानुभावहरु तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.म	शाखा कार्यालय	हालको शाखा कार्यालय ठेगाना	स्थानान्तरण पश्चातको शाखा कार्यालय ठेगाना	कैफियत
१.	न्यूरोड शाखा*	काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २४	काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २४	हालको भवनबाट करिब २०० मिटरको दुरीमा
२.	ढकारी शाखा	अछाम जिल्ला, ढकारी गाउँपालिका वडा नं.१	अछाम जिल्ला, ढकारी गाउँपालिका वडा नं.१	हालको भवनबाट करिब १०० मिटरको दुरीमा

* न्यूरोड शाखाबाट प्रदान गरिएको लकर सेवा सुविधा समेत सोही मिति देखि नयाँ भवनबाट संचालन हुनेछ।

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

नबिल बैंक लिमिटेड, सयल शाखा, डोटीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१२/१३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ को बमोजिम प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति राजपुर, डोटी, मिति २०५८/१२/२९ उ.द.नं. ४५२/०५८/०५९ अन्तर्गत दर्ता भएको **श्रीजय भवानी कन्स्ट्रक्सन।**
ठेगाना : डोटी जिल्ला, दिपायल सिलगढी न.पा., ६ डोटी।

ऋणी फर्मका प्रोप्राइटर :
नरजित ऐरको नाती, काले ऐरका छोरा, डोटी जिल्ला, खातिवाडा गा.वि.स. वडा नं. ३, स्थायी घर भई हाल डोटी जिल्ला, दिपायल सिलगढी न.पा., ६ बस्ने, ना.प्र.नं. ६८१००७/१११२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. डोटी, मितिः वि.सं. २०६७/११/२५ भएको **श्री गणेश बहादुर ऐर।**

व्यक्तिगत जमानतकर्ताको विवरण

विरमान भण्डारीकी छोरी, काले ऐरकी बुहारी, गणेश बहादुर ऐरकी श्रीमती, डोटी जिल्ला, खातिवाडा गा.वि.स. वडा नं. ३, स्थायी घर भई हाल डोटी जिल्ला, दिपायल सिलगढी न.पा., ६ बस्ने, ना.प्र.नं. ६८१००७/१४६९ (जारी मितिः २०७०/०९/०८, स्थान डोटी) भएकी **श्रीमती रुपा भण्डारी (ऐर)।**

धितोको विवरण

धितोमा रहको सवारी साधनको विवरण :
ऋणी **जय भवानी कन्स्ट्रकसन** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश-३ -०१ -००३क ६३२ भएको Excavator.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

महुली लघुवित्त वित्तिय संस्था लिमिटेड
MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

एघारौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८०/१२/१३ गते

आदरणिय शेयरधनी महानुभावहरु,
यस वित्तीय संस्थाको मिति २०८०/१२/०३ गते बसेको सञ्चालक समितिको १४८ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान :
मिति : २०८० साल चैत्र २६ गते सोमबार तदनुसार ०८ अप्रिल २०२४
समय : विहान ११:०० बजे देखी
स्थान : महुली लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रिय कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली सप्तरी

छलफलका विषयहरु :

क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तसम्मको वासलात, २०७९ श्रावण १ गते देखी २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा ११९ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखा परीक्षक श्री पि.एल.आर.जि. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस पुनःनियुक्तिका लागी योग्य हुनुहुन्छ)
४. वित्तीय संस्थाको संस्थापक तर्फको रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिबाट भएको मनोनयन अनुमोदन गर्ने।

ख) विशेष प्रस्तावहरु

१. बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाको संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने तथा सो सम्बन्धमा कार्य गर्न गराउन सम्बन्धीत निकायबाट स्वीकृती लिई पूँजी संरचना परिवर्तन गर्न वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरबदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।
२. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गा

■ नेपाल टी-२० स्पट फिक्सिङ विवाद

आदिलसँगै पाँचजनालाई सफाइ



मोहमद आदिल अलाम मेहबुब आलम

स्पट म्याच फिक्सिङमा राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर मोहमद आदिल अलाम र पूर्वक्रिकेटर मेहबुब आलमसहित पाँच जनालाई सफाइ

रमेश सुवेदी/नयाँ पत्रिका

जिल्ला अदालत काठमाडौंले गत वर्ष पुसमा भएको नेपाल टी-२० लिगमा स्पट फिक्सिङ गरेको आरोपमा सोमबार युवा अलराउन्डर मोहमद आदिल अलाम तथा पूर्वक्रिकेटर मेहबुब आलमसँगै पाँचजनालाई दाबी नपुग्ने भन्दै सफाइ दिएको छ। न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले अन्तिम आदेश दिँदै पाँचजनाले सफाइ पाएका हुन्। अदालतको अन्तरिम फैसलापछि अलाम राष्ट्रिय टोलीमा फर्कने बाटो खुलेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले आदिल, महबुबसँगै नितेश शाह, नवीन कँडेल र रवि माझीविरुद्ध ०७९ साल फागुन ५ गते मुद्दा दर्ता गरेको थियो। ०७९ साल ९ देखि २७ पुससम्म आयोजित लिगमा स्पट फिक्सिङ गरेको भनी पाँचजनाविरुद्ध मुद्दा दर्ता भएको थियो। स्वाभाविक परिणामलाई प्रतिकूल हुने, बाजी जिताउने र हराउने उद्देश्यसँगै अनियमितता गरेको भन्दै राष्ट्रिय खेलकुद विकास ऐन २०७७ बमोजिम कारबाही गर्न माग गरिएको थियो। तत्कालै पक्राउ परेका पाँचैजना तीन लाख रुपैयाँ धरौटीमा छुटेका थिए।

अनुसन्धानको क्रममा सिआइबीले १२ जनालाई प्रतिवादी बनाएर काठमाडौं सरकारी वकिल कार्यालयमा बुझाएको थियो। कार्यालयले पाँचजनाविरुद्ध मात्र मुद्दा दर्ता गरेको थियो। सफाइसँगै अलामले न्याय मरेको र अगाडि बढ्न साहस आएको सोसल मिडियामा प्रतिक्रिया दिएका छन्। 'न्याय मरेको छैन भन्ने आज महसुस गरे,' उनले लेखेका छन्, 'सम्मानित अदालतबाट सफाइ पाएपछि मनोबलका साथ अगाडि बढ्ने हिम्मत बढेको छ।' उनले राष्ट्रिय टोलीबाट खेल्ने रहर जागेको बताएका छन्। 'म निकै खुसी छु, नयाँ जन्म पाएजस्तो भइरहेको छ,' उनले भने, 'टोलीमा फर्कन धेरै मिहिनेत गर्नेछु।'

अलामले सन् २०२२ मा अमेरिकाविरुद्ध एकदिवसीय र टी-२० मा पनि पपुवा न्युगिनीविरुद्ध डेब्यु गरेका थिए। ५० र २० ओभरको फर्म्याटमा उनले डेब्यु खेलमै उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले ६ एकदिवसीय खेलमा ७० रन र अन्तर्राष्ट्रिय टी-२० मा एक सय १० रन जोडेका थिए। बलिङको क्रममा ५० ओभरमा ६ र २० ओभरको खेलमा पाँच विकेट लिएका छन्। मेहबुबले सन् २००८ मा आइसिसी विश्वकप लिग ५ मा मोजाम्बिकविरुद्ध एकै खेलमा १० विकेटको विश्व प्रदर्शन गरेका थिए। उनको यो रेकर्ड तोडिएको छैन।

यसैबीच, नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले अदालतको फैसलापछि आदिललाई राष्ट्रिय टोलीमा फर्काउन अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)सँग समन्वय गर्ने नयाँ पत्रिकालाई बताएका छन्। 'उनले अदालतबाट सफाइ पाएका छन्। मैदान फर्काउन हामी आइसिसीसँग छलफल गर्छौं,' चन्दले भने।

आइसिसीसँग समन्वय गर्छौं

चतुरबहादुर चन्द, अध्यक्ष, क्यान

अदालतबाट आदिलले सफाइ पाएका छन्। घरेलु क्रिकेटमा उनी राम्रा खेलाडी हुन्। प्रक्रियाअनुरूप मैदान फर्काउन आइसिसीसँग हामी समन्वय गर्छौं। यो विषय आइसिसीसम्म पुगेको छ। आइसिसी प्रतिक्रियाअनुसार क्यानले गर्नेछ।

नेपाल ६ विकेटले विजयी

नेपालको राष्ट्रिय क्रिकेट टोलीले सोमबार टेस्ट राष्ट्र आयरल्यान्ड 'ए' टोलीविरुद्ध अन्तर्राष्ट्रिय टी-२० को पहिलो खेलमा ६ विकेटले जितेको छ। बलिङ र ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेको नेपाल २३ बलअघि विजयी भएको हो। त्रिवि क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेको आयरल्यान्डले २० ओभरमा सबै विकेट गुमाउँदै एक २१ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले १६.१ ओभरमा चार विकेट गुमाउँदै एक सय २२ रन जोड्यो। अब दोस्रो खेल आज हुनेछ।

नेपालका सहायक प्रशिक्षक वसन्त शाहीले आयरल्यान्डसँग खेलले विश्वकप र एसिया कपको तयारीमा सहयोग मिल्ने बताए। 'हामी लगातार तयारीमा छौं। पछिल्ला चार फाइनल नराम्रो हुनुमा धेरै प्रयोग भयो,' उनले भने, 'विश्वकप र एसिया कप छनोटका लागि अझै समय छ।' पिचअनुसार कम्तीमा एक सय ४० रन लक्ष्य पाउने अपेक्षा गरेको उनले बताए। 'यो पिचमा १४० रनको योगफल हुँदा खेल्न गाह्रो पर्ने थियो, तर लक्ष्य सोचेभन्दा कम भयो,' उनले भने। आयरल्यान्डको 'ए' टोलीले नेपाल 'ए'विरुद्ध तीन टी-२० र तीन एकदिवसीय खेल खेल्ने तालिका छ।



आयरल्यान्ड 'ए' विरुद्ध व्याटिङ गर्दै कुशल भुर्तेल
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

भुर्तेल र जोराको अर्धशतकीय इनिङ्स

नेपालको इनिङ्समा ओपनर कुशल भुर्तेल र सन्दीप जोराले ५४ रनको बलियो साझेदारी गरी जितको आधार बनाए। सन्दीप ३५ बलमा तीन चौका र दुई छक्कासहित ३६ रन जोडे। नेपाल इनिङ्सको एक समय ४.५ ओभरमा ३७-३ को खराब स्थितिमा थियो। भुर्तेल र जोराको जोडीले १३.१ ओभरमा ९१-४ को अवस्थामा पुऱ्याए। 'हामी दुवैले राम्रो साझेदारी गर्यौं,' जोराले भने, 'धेरै पछि व्यक्तिगत प्रदर्शन राम्रो भएको छ।' भुर्तेलले ३२ बलमा चार चौकासहित अविजित ३७ रन बनाए। मध्यक्रमका दीपेन्द्रसिंह ऐरीले १२ बलमा दुई चौका र एक छक्कासहित २० रनको योगदान गरे। अर्का ओपनर आसिफ सेखले ११ बलमा १६ रन बटुले। उनले दुई चौका र एक छक्का हिर्काएका थिए। कप्तान रोहितकुमार पौडेल शून्य रनमा आउट भए।

पहिलो इनिङ्समा नेपालका बलर हाबी हुँदा आयरल्यान्डको ब्याटिङ कमजोर बन्यो।

■ आठौं विराट गोल्डकप

रोयल थिम्पुले उद्घाटन खेलमा पुलिससँग खेल्ने



विराटनगरमा गणेश लम्साल

आठौं विराट गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटनमा विभागीय टोली नेपाल पुलिस क्लब र भुटानको रोयल थिम्पु एफसीबीच प्रतिस्पर्धा हुने भएको छ। विराटनगरको सहिद मैदानमा १५ चैतदेखि सुरु हुने गोल्डकप रात्रिकालीन हुनेछ। दिवारात्रिकालीन खेलका लागि चारवटा फ्लड लाइटको परीक्षण गरिएको छ। प्रतियोगिताको सबै तयारी पूरा भएको गोल्डकप ट्रस्टका अध्यक्ष किशोरबहादुर शाहीले जानकारी दिएका छन्। मैदान व्यवस्थापन समितिका संयोजक अरुण लामाले गत २ ९ माघबाट मैदान तयारीको काम सुरु भएको बताए।

दिवा-रात्रिमा गोल्डकपको तयारी खेलका चारवटा फ्लड लाइटको परीक्षण गरिएको छ

'हामीले कोशी प्रदेशका लागि महत्त्वपूर्ण रहेको गोल्डकपमा खेल्ने खेलाडीका लागि गुनासो आउन नदिने गरी खेलमैदान तयार गरिसकेका छौं,' लामाले भने। मैदान व्यवस्थापनका लागि संयोजक लामा, सहसंयोजक मदन काफ्लेसहित ६ जना श्रमिक निरन्तर खटिरहेका छन्। मैदानलाई स्तरीय बनाउन घाँस काटेर मिलाउने, डिजाइन दिने र रेखा कोर्ने कार्य धमाधम भइरहेको लामाले बताए। दर्शकदीर्घाका लागि पारापिट रंगरोगन, मर्मतको कामसमेत भइरहेको छ। विराटनगर महानगरपालिकाले प्रतियोगितालाई व्यवस्थित बनाउन १० लाख रुपैयाँ उपलब्ध गराएको छ। दक्षिणतर्फको पारापिट मर्मत र चौतर्फी फ्याराफिट रंगरोगन भैसकेको छ।

विजेताले ११ लाख पाउने

२४ चैतमा हुने फाइनलको विजेताले ११ लाख र उपविजेता टोलीले पाँच लाख रुपैयाँ पाउनेछन्। गोल्डकप सफलतापूर्वक आयोजना गर्न एक करोड १८ लाख ४३ हजार रुपैयाँ लाग्ने ट्रस्टले जनाएको छ। ट्रस्टले पहिलोपटक आर्फै आयोजक बनेर प्रतियोगिता गर्न लागेको हो। यसैबीच, ट्रस्टका सचिव ध्रुव सिग्देलले प्रतियोगिता ड्र निकालिएको जनाए।

समूह 'ए' मा घरेलु टोली सांग्रिला मोरङ एफए, रोयल थिम्पु, नेपाल पुलिस, एपिएफ र सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड छन्। समूह 'बी'मा भारतको सिक्किम ड्रायगन्स, साउर्थन समिति कोलकाता, त्रिभुवन आर्मी फुटबल क्लब, न्युरोड टिम, मच्छिन्द्र फुटबल क्लब रहेको सिग्देलले बताए। ०६८ साल देखि विराट गोल्डकप नामबाट प्रतियोगिता सुरु भएको हो।

मुम्बई लगातार १२औँपटक पहिलो खेलमा पराजित

एजेन्सी/ इन्डियन प्रिमियर लिग (आइपिएल) को पाँचपटकको विजेता मुम्बई इन्डियन्सले लगातार १२औँपटक उद्घाटन खेल गुमाएको छ। १७औँ संस्करणको आइपिलअन्तर्गत आतबार राति गुजरात टाइटन्सविरुद्धको प्रतिस्पर्धा मुम्बई ६ रनले पराजित भयो। मुम्बईले अन्तिमपटक सन् २०१२ को संस्करणमा आफ्नो पहिलो खेलमा चेन्नई सुपर किंग्सलाई हराएको थियो। त्यसयता मुम्बईले आफ्नो पहिलो खेल गुमाएको छ।



पहिलो ब्याटिङ गरेको गुजरातले २० ओभरमा ६ विकेट गुमाएर एक सय ६८ रन बनाएको थियो। प्रत्युत्तरमा मुम्बईले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ६२ रन जोड्यो। मुम्बईलाई अन्तिम ३० बलमा ४३ रनको आवश्यकता थियो। मुम्बईले अन्तिम पाँच ओभरमा ६ विकेट गुमाउँदा गुजरातले बाजी मारेको हो। इनिङ्सको एक समय मुम्बई १५ ओभरमा १२६-३ को अवस्थामा थियो।

मुम्बईका लागि कप्तान रोहित शर्माले २ ९ बलमा सात चौका र एक छक्का प्रहार गरी ४३ रन बनाए। डेवाल्ड ब्रेभिसले ३८ बलमा दुई चौका र तीन छक्काको सहयोगमा ४६ रन जोडे। ओपनर इशन किसन शून्य रनमा आउट भए। यसअघिको ब्याटिङमा गुजरातका लागि साई सुदर्शनले सर्वाधिक ४५ रनको योगदान दिए। उनले ३९ बलमा तीन चौका र एक छक्का प्रहार गरेका थिए। ओपनर तथा कप्तान शुभमन गिलले २२ बलमा ३१ रन जोडे।

■ सूर्य नेपाल एनपिजिए टुर

भुवन र राहुल शीर्ष स्थानमा



नयाँ पत्रिका

प्रोफेसनल गल्फर भुवन नगरकोटी र एमेच्योर खेलाडी राहुल विश्वकर्मा सोमबार सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत छैटौं सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसीपको पहिलो दिन संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन्। दुवै गल्फरले ३ अन्डर ६९ को स्कोर गरेका छन्। पहिलो दिन १८ होलको खेल समाप्तिपछि तीनजना प्रोफेसनल खेलाडी रमेश अधिकारी, रवि खड्का र नीरज तामाङसँगै एमेच्योर विजय श्रेष्ठ एक स्ट्रोकले पछि पारेका छन्। रमेश, रवि, निरज र विजयले २ अन्डर ७० को स्कोर गरेका थिए। एमेच्योरतर्फका एक नम्बर खेलाडी सदभाव आचार्य १ अन्डर ७१ कार्डका साथ सातौं स्थानमा छन्।

गोकर्ण गल्फ क्लबमा भुवनले फ्रन्ट नाइन इभन पार ३६ स्कोर गरेका ब्याक नाइनमा ३ अन्डर ३३ स्कोर गरेका थिए। फ्रन्ट नाइनमा उनले पाँचौं र सातौं होलमा बडी प्रहार गरे। उनले ब्याक नाइनमा उत्कृष्ट प्रदर्शन गर्न सफल भए। उनले चार बर्डी प्रहार गरेका थिए। एमेच्योर गल्फर राहुलले प्रोफेसनल गल्फरलाई चुनौती दिने क्रममा फ्रन्ट नाइन ३-अन्डर ३३ र ब्याक नाइनमा इभन पार खेल्दै ३६ स्कोर गरे।

संयुक्त रूपमा दोस्रो स्थानमा रहेका रमेशले सुरूमा राम्रो गर्न नसक्दा फ्रन्ट नाइन २ ओभर ३८ स्कोर गरे। उनले ब्याक नाइनमा चार अन्डर ३२ स्कोर गरेका थिए। उनले ब्याक नाइनमा उत्कृष्ट प्रदर्शन गरी १६औं र १७औं होलमा बर्डी प्रहार गरेका थिए। टुरको पाँचौ प्रतियोगिता सूर्य नेपाल च्यालेन्ज जितेका रविले फ्रन्ट र ब्याक नाइन दुवै १ अन्डर ३५ स्कोर गरेका थिए।

उनले छैटौं, सातौं, १५औं र १८औं होलमा बडी प्रहार गरे। एमेच्योर गल्फर विजयले उत्कृष्ट सुरु गरी फ्रन्ट नाइन ३ अन्डर ३३ र ब्याक नाइनमा १ ओभर ३७ स्कोर गरे। प्रोफेसनल खेलाडी तोरण शाहीले व्यक्तिगत कारण नाम फिर्ता लिए। चार दिनसम्म चल्ने ७२ होलको प्रतियोगितामा ३२ प्रोफेसनल र १२ एमेच्योर गरी कुल ४४ गल्फरको सहभागिता रहेको छ। विजेताले १ लाख ४० हजार र उपविजेताले ९६ हजार रुपैयाँ पाउनेछन्।

वाटर स्पोर्टस् र नारा पोखरालाई उपाधि



कास्की/ वाटर स्पोर्टस् नेपाल र नारा पोखराले प्रथम राष्ट्रिय ड्रागन बोट रेस प्रतियोगिताको उपाधि जितेका छन्। पाँच सय मिटर वाटर स्पोर्टस् र दुई सय मिटरमा नारा पोखरा च्याम्पियन बनेका हुन्। वाटर स्पोर्टसले निर्धारित दूरी तीन मिनेट ५७.१९० सेकेन्डमा र नारा पोखराले एक मिनेट ४३.४८० सेकेन्डमा पूरा गरेका हुन्। पाँच सय मिटरमा नारा पोखरा दोस्रो र नेपाली सेना तेस्रो भए। दुई सय मिटरमा वाटर स्पोर्टस् दोस्रो र हर्पन फेवा मत्स्य सहकारी तेस्रो भएका छन्। महिलातर्फको पाँच सय मिटरतर्फ बेगनास डुंगा व्यवसायी समिति पहिलो भयो। दुई सय मिटर महिलामा दुई मिनेट १७.३४० सेकेन्डका साथ बेगनास मत्स्य व्यवसायी समिति पहिलो भएको छ। प्रतियोगितामा विभिन्न १४ टोलीले प्रतिस्पर्धा गरेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख नवीन पोखरेलले जानकारी दिए। पाँच सय मिटरतर्फका विजेताले दुई लाख, दोस्रोले एक लाख २५ हजार र तेस्रोले ६० हजार रुपैयाँ पाए।

दीपक र सुष्मा सर्वोत्कृष्ट खेलाडी



नयाँ पत्रिका

१८औँ एनएनआइपिए स्पोर्टस् अवार्ड ०७९ अन्तर्गत सर्वोत्कृष्ट खेलाडीको अवार्ड एथलेटिक्सका दीपक अधिकारी र बक्सिङकी सुष्मा तामाङले जितेका छन्। दीपकले ०७९ को फागुनमा नेपालमा भएको १६औँ एसियाली क्रसकन्ट्री च्याम्पियनसिपकामा दोहोरो स्वर्ण जितेका थिए।

सुष्माले थाइल्यान्डमा सम्पन्न एएसबिसी यू-२२ एसियन बक्सिङ च्याम्पियनसिपको ४८ केजी तौलसमूहमा रजत पदक जितेकी थिइन्। नेपालको बक्सिङ इतिहासमा सुष्माले एसियाली च्याम्पियनसिपमा रजत पदक जितेको यो पहिलोपटक थियो। सर्वोत्कृष्ट भएका खेलाडीद्वयले समान एक लाख पाएका छन्।

अवार्डअन्तर्गत पुरुषमा क्रिकेटका रोहितकुमार पौडेल र महिलामा पौडीकी डुवाना लामाले प्रतिभाशाली खेलाडीको अवार्ड जित्दै जनही ५० हजार रुपैयाँ प्राप्त गरे। पारा एथलिट विधामा भारोत्तोलनका दुर्गामान तामाङ उत्कृष्ट हुँदै १५ हजार पाए। नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघको आयोजना सोमबार भएको अवार्डअन्तर्गत टेबलटेनिसका धर्ममान बज्राचार्यले गजराज जोशी स्मृति आदर्श खेल व्यक्तित्व अवार्ड प्राप्त गरे। यसैगरी, एनएनआइपिए खेलकुद पत्रकारिता पुरस्कार खेलाडी डटकमका प्रबन्ध सम्पादक अजय फुँयालले ३५ हजार रुपैयाँ नगद प्राप्त गरे।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा ०७९ सालमा गण्डकीमा भएको नवौं राष्ट्रिय खेलकुदमा समावेश विभिन्न ३६ खेलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई पनि पुरस्कृत गरिएको थियो। आर्चरीकी प्रशदा आचार्य, एथलेटिक्सका दीपक अधिकारी, ब्याडमिन्टनका प्रिन्स दाहाल, बास्केटबलकी अनुषा मल्ल, बक्सिङकी सुष्मा तामाङ, शारीरिक सुगठनका असिमबाबु गुरुङ, बुद्धिचालका रुपेश जैसवाल, क्रिकेटका रोहितकुमार पौडेल, साइक्लिङ सुरज राना मगर र फेन्सिङकी शिक्षा नापित पुरस्कृत भए।

०७९ को फागुनमा नेपालमा भएको १६औँ एसियाली क्रसकन्ट्री च्याम्पियनसिपमा दीपकले दोहोरो स्वर्ण र सुष्माले थाइल्यान्डमा भएको एएसबिसी यू-२२ एसियन बक्सिङ च्याम्पियनसिपको ४८ केजी तौलसमूहमा कीर्तिमानी रूपमा रजत जितेका थिए

फुटबलका किरण चेम्जोङ, फुल कन्ट्याक्ट कराँतेका सन्देश मानन्धर, गोल्फ सुवास तामाङ, जिम्न्यासिटकका राजु राई, ह्यान्डबलकी शान्तिकला राई, हक्कीका महेश धानी, आइटिएफ तेक्वान्दोकी रुबिका खड्का, जुडोकी देवकीमाया श्रेष्ठ र कबड्डीकी अनुजा कुलुङ राई रहेका छन्। पुरस्कृत खेलाडीले जनही १० हजार रुपैयाँ पाएका छन्। ३६ उत्कृष्ट खेलाडीमध्येबाट सर्वोत्कृष्ट र प्रतिभाशाली पुरुष र महिला खेलाडी छनोट गरिएको अध्यक्ष दीपक श्रेष्ठले बताए।

INVITATION FOR BIDS

Bhume Rural Municipality
Office Of The Rural Municipal Executive
Khabangbagar,Rukum (East)
Lumbini Province,Nepal

Invitation for Bids for the construction work under the below mentioned contracts:

First Date of Publication: 2080/11/15 B.S (2024/02/27 A.D)
First Date of Publication: 2080/12/13 B.S (2024/03/26 A.D)

1. ***Bhume Rural Municipality*** (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***BRMO Khabangbagar, Rukum (East)*** on or before ***12:00 Noon*** on ***2080/12/28 B.S (2024/04/10 A.D).*** Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2080/12/28 B.S (2024/04/10 A.D). at*** the office of BRMO ***Khabangbagar, Rukum (East)***. Bids must be **valid** for a period of ***45 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East)*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch
   Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

	For Bid Document	For Bid Security
A/c name	**GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata**	**GA 3 Bhume Ga.pa. Dharauti Khata**
A/c No.	**0780100000001202**	**0780100000030201**

7. The Name and identification no of the contracts are as follows.

S.N.	Description of Works	Contract ID	Estimated Amount (with VAT and P.S in NRs.)	Bid Document Fee (NRs.)	Bid Security Amount (NRs.)
1.	Namfu Basti Bikash Tatha Dhal Nikash Bhume-8 Re.	EGP/BRMO/SQ/ W-10/SD/2080-81	9,60,000.00|- (Nine Lakh Sixty Thousand Only)	1,000.00|- (One Thousand only)	24,000.00|- (Twenty Four Thousand Only)

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com